
चैत – १

# सर्वोच्च अदालत बुलेटिन

पाक्षिक प्रकाशन

वर्ष ३२, अङ्क २३ | २०८० चैत १-१५ | पूर्णाङ्क ७६१



प्रकाशक

**सर्वोच्च अदालत**

रामशाहपथ, काठमाडौं

फोन नं. ४२००७१२, ४२००७२९, ४२००७५०, Ext.२२६९ (सम्पादक), २२७० (सम्पादन शाखा), २१७० (छापाखाना), २२७४ (बिक्री)

टोल फ्री : १६६०-०१-३३३५५, फ्याक्सः ४२००७४९, पो.ब.नं.२०४३८

Email: info@supremecourt.gov.np, admin@supremecourt.gov.np / Web: www.supremecourt.gov.np

**सम्पादन तथा प्रकाशन समिति**

| | |
|---|---|
| **माननीय न्यायाधीश श्री हरिप्रसाद फुयाल, सर्वोच्च अदालत** | **- अध्यक्ष** |
| **मुख्य रजिस्ट्रार श्री देवेन्द्रराज ढकाल, सर्वोच्च अदालत** | **- सदस्य** |
| **नायब महान्यायाधिवक्ता श्री विश्वराज कोइराला, महान्यायाधिवक्ताको कार्यालय** | **- सदस्य** |
| **रजिस्ट्रार श्री विमल पौडेल, सर्वोच्च अदालत** | **- सदस्य** |
| **अधिवक्ता श्री सुरज खत्री, उपाध्यक्ष, नेपाल बार एसोसिएसन** | **- सदस्य** |
| **वरिष्ठ अधिवक्ता श्री हरि शंकर निरौला, अध्यक्ष, सर्वोच्च अदालत बार एसोसिएसन** | **- सदस्य** |
| **डा.कृष्णप्रसाद बस्याल, डिन, त्रिभूवन विश्वविद्यालय, कानून संकाय** | **- सदस्य** |
| **सहरजिस्ट्रार श्री हरिराज कार्की, सर्वोच्च अदालत** | **- सदस्य सचिव** |

**सम्पादक :** श्री दीक्षा प्रधानाङ्ग

**सम्पादन तथा प्रकाशन शाखामा कार्यरत् कर्मचारीहरू**

शाखा अधिकृत श्री सुजता उप्रेती
शाखा अधिकृत श्री सुकराम मोक्तान
शाखा अधिकृत श्री विनिता महर्जन
शाखा अधिकृत श्री समिता श्रेष्ठ
नायब सुब्बा श्री सन्तोष घिमिरे
नायब सुब्बा श्री रेखा दाहाल
सिनियर प्रुफरिडर श्री रेशम शर्मा
कम्प्युटर अपरेटर श्री विदुर खड्का
कम्प्युटर अपरेटर श्री अर्जुन सुवेदी
कार्यालय सहयोगी श्री अच्युतप्रसाद दाहाल

**भाषाविद् :** श्री रामचन्द्र फुयाल

**बिक्री शाखा**

नायब सुब्बा श्री खिमा पोखरेल

**मुद्रण शाखामा कार्यरत कर्मचारीहरू**

मुद्रण अधिकृत श्री आनन्दप्रकाश नेपाल
सिनियर प्रेसम्यान श्री योगप्रसाद पोखरेल
सिनियर मेकानिक्स श्री निर्मल बयलकोटी
सिनियर कम्पोजिटर श्री श्यामकृष्ण प्रजापति
सिनियर प्रेसम्यान श्री सविता पोखरेल
सिनियर प्लेटमेकर श्री प्रमिलाकुमारी लामिछाने
सिनियर बुकबाइन्डर श्री तारा वाग्ले
सहायक कार्टोग्राफर श्री विपिन अधिकारी
बुकबाइन्डर श्री सरिता चक्रधर
बुकबाइन्डर श्री मदन तिमल्सिना
प्रेसम्यान श्री केशवबहादुर सिटौला
बुकबाइन्डर श्री अच्युतप्रसाद सुवेदी
कार्यालय सहयोगी श्री धनमाया नगरकोटी
कार्यालय सहयोगी श्री रमेश नेपाल

**विभिन्न इजलासहरूबाट सम्पादन शाखामा प्राप्त भई यस अङ्कमा प्रकाशित निर्णय / आदेशहरू**

| | |
|---|---|
| पूर्ण इजलास | २ |
| संयुक्त इजलास | २ |
| इजलास नं. १ | १२ |
| इजलास नं. ४ | १ |
| इजलास नं. ५ | ८ |
| **जम्मा** | **२५** |

| | |
|---|---|
| इजलास नं. ८ | २ |
| इजलास नं. ९ | ४ |
| इजलास नं. ११ | ४ |
| इजलास नं. १२ | १० |
| इजलास नं. १५ | १ |
| **जम्मा** | **२१** |

**कूल जम्मा २५ + २१ = ४६**

# नेपाल कानून पत्रिकामा

प्रकाशित भएका फैसलाहरू (२०१५ सालदेखि हालसम्म)

हेर्न, पढ्न तथा सुरक्षित गर्न

# www.nkp.gov.np

मा जानुहोला ।

**खोज्ने तरिका**

सर्वप्रथम **www.nkp.gov.np** लगइन गरेपश्चात् देखिने पृष्ठमा **शब्दबाट** भन्ने स्थानमा आफूले खोज्न चाहेअनुसारको कुनै शब्द नेपाली युनिकोड फन्टमा टाइप गरी हरियो बटनमा रहेको खोज्नुहोस् भन्ने बटनलाई थिची खोजी गर्न सक्नुहुनेछ । यसबाट खोजेअनुसारको फैसला प्राप्त गर्न नसकेमा मुद्दाको किसिम, मुद्दाको नाम एवं निर्णय नं. तथा ने.का.प. विवरणमा रहेका विविध शीर्षकबाट आफूले चाहेअनुसार फैसला खोज्न सकिनेछ । त्यस अतिरिक्त **नेकाप प्रत्येक वर्ष** र **हाम्रो बारेमा** समेतबाट हेर्न सक्नुहुनेछ ।

**यस पत्रिकाको इजलाससमेतमा उद्धरण गर्नुपर्दा निम्नानुसार गर्नुपर्ने छः**

**सअ बुलेटिन, २०८..., ... .... – १ वा २, पृष्ठ ....**

**(साल) (महिना)**

**उदाहरणार्थः सअ बुलेटिन, २०८०, चैत – १, पृष्ठ १**

का.जि.द.नं. ३९।०४९।०५०

# सूचना

**"<u>नेपाल कानून पत्रिका र सर्वोच्च अदालत बुलेटिन</u>"** को **"<u>वार्षिक ग्राहक</u>"** बन्न चाहनेका लागि **<u>२०७६ वैशाख अङ्क</u>**देखि वार्षिक ग्राहक बन्न पाउने गरी सम्पादन तथा प्रकाशन समितिले निर्णय गरेको हुँदा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ।

समितिको निर्णयानुसार मूल्य समायोजन भई **<u>नेपाल कानून पत्रिका रू.१५०</u>** र **<u>सर्वोच्च अदालत बुलेटिन प्रति अङ्क रू.४०</u>** कायम गरिएकोसमेत सबैलाई जानकारी गराइन्छ।

---

**मूल्य रू.४०।–**

**मुद्रकः सर्वोच्च अदालत, छापाखाना**

## विषयसूची


| क्र.सं. | विषय | पक्ष / विपक्ष | पृष्ठ |
|---|---|---|---|
| **पूर्ण इजलास** | | | **१ - २** |
| १. | कीर्ते जालसाजी | भगवानदास अग्रवाल वि. मनोहरलाल अग्रवाल | १ |
| २. | धितोपत्र दृष्टिबन्धक रोक्का बदर | मनोहरलाल अग्रवाल वि. भगवानदास अग्रवाल | १ |
| **संयुक्त इजलास** | | | **२ - ३** |
| ३. | जबरजस्ती करणी र हाडनाता करणी | नेपाल सरकार वि. परिवर्तित नाम नवलपरासी १३(ग) | २ |
| ४. | कर्तव्य ज्यान, डाँका | नेपाल सरकार वि. मुन्ना मियाँ | ३ |
| **इजलास नं. १** | | | **३ - १५** |
| ५. | लागुऔषध खैरो हेरोइन | जोगेन्द्र चौधरी वि. नेपाल सरकार | ३ |
| ६. | लागुऔषध खैरो हेरोइन | गुलाब पासवान वि. नेपाल सरकार | ४ |
| ७. | जबरजस्ती करणी र कर्तव्य ज्यान | उमेशप्रसाद जोशी वि. नेपाल सरकार | ५ |
| ८. | उत्प्रेषण / परमादेश | डा. पुण्यप्रसाद खतिवडासमेत वि. नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबार, काठमाडौंसमेत | ६ |
| ९. | उत्प्रेषण / परमादेश | विकाशकुमार ठाकुरसमेत वि. लोक सेवा आयोग, केन्द्रीय कार्यालय, अनामनगर काठमाडौंसमेत | ७ |
| १०. | उत्प्रेषण / परमादेश | जगदेव चौधरी वि. नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबार काठमाडौंसमेत | ८ |
| ११. | आयकर | मुकुन्दप्रसाद जोशी वि. आन्तरिक राजस्व कार्यालय, हेटौंडा, मकवानपुर | ८ |
| १२. | वन फडानी गरी जग्गा आवाद | जिल्ला वन कार्यालय बारा, सिमरा वि. शेरबहादुर तामाङ थोकरसमेत | १० |
| १३. | जग्गा खिचोला | कुलबहादुर स्याङ्गदन तामाङ वि. किरण यादव | ११ |
| १४. | जालसाजी | कुलबहादुर स्याङ्गदन तामाङ वि. किरण यादवसमेत | १२ |
| १५. | बाटो खुलाइपाऊँ | कामेश्वर रायसमेत वि. श्रीवती देवी | १२ |
| १६. | कर्तव्य ज्यान | विजय रेग्मी वि. नेपाल सरकार | १३ |
| **इजलास नं. ४** | | | **१५ – १६** |
| १७. | उत्प्रेषण / परमादेशसमेत | डा.संजिवकुमार सिंह वि. प्रदेश लोक सेवा आयोगको कार्यालय जनकपुरधाम, धनुषासमेत | १५ |
| **इजलास नं. ५** | | | **१६ – २५** |
| १८. | जालसाजी | बद्रीराम शाहीसमेत वि. पुनम शाहीसमेत | १६ |
| १९. | घरजग्गा सगोलनामा लिखत दर्ता बदर | पूर्णकेशरी श्रेष्ठ वि. अरूणा कार्की | १७ |
| २०. | दाखेल खारेज बदर र नक्सा सुधार | जागेश्वर यादव वि. विन्देश्वर यादव | १८ |
| २१. | जग्गा खिचोलासमेत | जागेश्वर यादव वि. विन्देश्वर यादवसमेत | १९ |
| २२. | उत्प्रेषणयुक्त परमादेश | ओमकृष्ण कार्कीसमेत वि. बारा जिल्ला अदालत, कलैया बारासमेत | २० |

| | | | |
|---|---|---|---|
| २३. | जबरजस्ती करणी | रविन भन्ने रविन्द्रकुमार श्रेष्ठ वि. नेपाल सरकार | २१ |
| २४. | उत्प्रेषण / परमादेशसमेत | सरोजकुमार यादव वि. नेपाल सरकार, स्वास्थ्य मन्त्रालय, रामशाहपथ काठमाडौंसमेत | २३ |
| २५. | उत्प्रेषण / परमादेशसमेत | गोविन्दप्रसाद दाहालसमेत वि. नेपाल सरकार | २४ |
| | **इजलास नं. ८** | | **२५ – २९** |
| २६. | परमादेश | पूर्णबहादुर गुरूङ वि. निजामती किताब खाना हरिहरभवन, ललितपुरसमेत | २५ |
| २७. | कर्तव्य ज्यान | रामगोपाल महर्जन वि. नेपाल सरकार | २६ |
| | **इजलास नं. ९** | | **२९ – ३२** |
| २८. | बन्दी प्रत्यक्षीकरण | राज रसाईली वि. काठमाडौं जिल्ला अदालतसमेत | २९ |
| २९. | उत्प्रेषण / परमादेश | ऋषिराज भण्डारी वि. राष्ट्रिय किताबखाना (शिक्षक) छाउनी, काठमाडौंसमेत | ३० |
| ३०. | बन्दी प्रत्यक्षीकरण | जनदेवी दमाई वि. उच्च अदालत पाटन, ललितपुरसमेत | ३१ |
| ३१. | बन्दी प्रत्यक्षीकरण | राजु लिम्बु वि. उच्च अदालत विराटनगर, इलाम इजलास, इलामसमेत | ३२ |
| | **इजलास नं. ११** | | **३३ – ३५** |
| ३२. | बन्दी प्रत्यक्षीकरण | सागर कार्की वि. उच्च अदालत पाटन, ललितपुरसमेत | ३३ |
| ३३. | कर्तव्य ज्यान | नेपाल सरकार वि. प्रदिप मण्डल | ३३ |
| ३४. | सवारी अङ्गभङ्ग | नेपाल सरकार वि. काजी तामाङ | ३४ |
| ३५. | बन्दी प्रत्यक्षीकरण | हर्कबहादुर मगर वि. झापा जिल्ला अदालत, भद्रपुर, झापासमेत | ३४ |
| | **इजलास नं. १२** | | **३५ – ४५** |
| ३६. | बन्दी प्रत्यक्षीकरण | रिना लामा दोङ वि. उच्च अदालत पाटनसमेत | ३५ |
| ३७. | नामसारी दर्ता | अमृतानन्द वैद्य वि. कान्छा भुजेल घर्ति | ३६ |
| ३८. | उत्प्रेषण / परमादेश | अजितकुमार मलजैन वि. जिल्ला प्रशासन कार्यालय धनुषासमेत | ३८ |
| ३९. | उत्प्रेषण / परमादेश / प्रतिषेधसमेत | शेषमणि आचार्य वि. नेपाल सरकार, स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय, रामशाह पथ, काठमाडौंसमेत | ३८ |
| ४०. | बन्दी प्रत्यक्षीकरण | देवमाया घिमिरे वि. कारागार कार्यालय भद्रपुर झापासमेत | ३९ |
| ४१. | मोही लगत कट्टा | नरबहादुर विश्वकर्मासमेत वि. पदमबहादुर विश्वकर्मासमेत | ४० |
| ४२. | बैंकिङ कसुर | शेषरमान तामाङ वि. नेपाल सरकार | ४१ |
| ४३. | बैंकिङ कसुर | शेषरमान तामाङ वि. नेपाल सरकार | ४२ |
| ४४. | बन्दी प्रत्यक्षीकरण | अब्दुल तौब्वाव मियाँ वि. जिल्ला प्रहरी कार्यालय सुनसरीसमेत | ४२ |
| ४५. | उत्प्रेषण / परमादेश | डा.माधवप्रसाद न्यौपाने वि. श्री प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद्, सानोठिमी भक्तपुरसमेत | ४४ |
| | **इजलास नं. १५** | | **४५ – ४६** |
| ४६. | उत्प्रेषण / परमादेश | विभा कुमारी राणा वि. उच्च अदालत पाटन, ललितपुरसमेत | ४५ |

## पूर्ण इजलास

**१**

**स.का.मु.प्र.न्या.श्री हरिकृष्ण कार्की, मा.न्या.श्री सुष्मालता माथेमा र मा.न्या.डा.श्री कुमार चुडाल,** *०७९-CF-०००५, कीर्ते जालसाजी, भगवानदास अग्रवाल वि. मनोहरलाल अग्रवाल*

प्रत्यर्थी/प्रतिवादीले निजको नाउँमा कायम रहेको विराटनगर नगरपालिका, वडा नं.८स्थित कि.नं.६८ र १५५ का जग्गाहरू र सो जग्गामा रहेका घरहरूसमेत एभरेष्ट बैंक लि. विराटनगर शाखामा थप सुरक्षणबापत धितो राखी मिति २०६०।०४।१९ मा र.नं.२१५(क) को धितोपत्र दृष्टिबन्धकको लिखत गरिदिएको मिसिल संलग्न धितोपत्र दृष्टिबन्धकको लिखतको प्रतिलिपिबाट देखिन्छ । प्रत्यर्थी/प्रतिवादी मनोहरलाल अग्रवालको नाउँमा रहेको उक्त कि.नं.६८ र १५५ का जग्गाहरू निज प्रतिवादीको निजी नभई सगोलको सम्पत्ति रहेको देखिन्छ भने सो जग्गामा घर निर्माण गर्दासमेत स्वआर्जनको स्रोतको प्रयोग भएको भनी निजले वस्तुनिष्ठ प्रमाणसाथ पुष्टि गर्न नसकेको अवस्थामा उक्त जग्गा र जग्गामा बनेको घर सगोलकै देखिन आयो । यसै लगाउको ०७९-DF-०००४ को यिनै पुनरावेदक / वादी र प्रत्यर्थी / प्रतिवादीसमेत भएको धितोपत्र दृष्टिबन्धक रोक्का बदर मुद्दामा वादी भगवानदास अग्रवालको भागमा पर्ने चार भागको एक भाग जग्गासम्म धितोपत्र दृष्टिबन्धकको लिखत र सोही हदसम्म रोक्कासमेत बदर हुने ठहऱ्याई पुनरावेदन अदालत विराटनगरबाट भएको फैसला सदर हुने ठहऱ्याई आज यसै इजलासबाट फैसला भएको छ । यस अवस्थामा यी वादी भगवानदास अग्रवालले उक्त मुद्दाबाट जग्गा र घरमा हक प्राप्त गरिसकेको हुँदा जालसाजीको कसुर कायम गर्नुपर्ने स्थिति नदेखिएको हुँदा कीर्ते जालसाजीतर्फ वादी दाबी नपुग्ने ठहऱ्याई सुनसरी जिल्ला अदालतबाट भएको फैसला सदर गरेको पुनरावेदन अदालत विराटनगरको फैसला मनासिबै देखिँदा अन्यथा गर्नुपर्ने देखिएन।

अत, माथि विवेचित प्रमाण, कारण र आधारसमेतबाट वादी दाबी नपुग्ने ठहऱ्याई सुनसरी जिल्ला अदालतबाट मिति २०६२।०२।१९ मा भएको फैसला सदर गरेको पुनरावेदक अदालत विराटनगरको मिति २०६६।०३।११ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत : कृष्णशोभा सुवाल

कम्प्युटर : चन्दनकुमार मण्डल

इति संवत् २०७९ साल चैत्र ९ गते रोज ५ शुभम् ।

**२**

**स.का.मु.प्र.न्या.श्री हरिकृष्ण कार्की, मा.न्या.श्री सुष्मालता माथेमा र मा.न्या.डा.श्री कुमार चुडाल,** *०७९-DF-०००४, धितोपत्र दृष्टिबन्धक रोक्का बदर, मनोहरलाल अग्रवाल वि. भगवानदास अग्रवाल*

पुनरावेदक/प्रतिवादीले निजको नाउँमा कायम रहेको विराटनगर उपमहानगरपालिका, वडा नं.८ स्थित कि.नं.६८ र १५५ का जग्गाहरू र सो जग्गामा रहेका घरहरूसमेत एभरेष्ट बैंक लि. विराटनगर शाखामा थप सुरक्षणबापत धितो राखी मिति २०६०।०४।१९ मा र.नं.२१५(क) को धितोपत्र दृष्टिबन्धकको लिखत गरिदिएको मिसिल संलग्न धितोपत्र दृष्टिबन्धकको लिखतको प्रतिलिपिबाट देखिन्छ। पुनरावेदक/प्रतिवादी मनोहरलाल अग्रवालको नाउँमा रहेको उक्त कि.नं.६८ र १५५ का जग्गाहरू निज प्रतिवादीले पैतृक स्रोतबाट प्राप्त गरेको सगोलको सम्पत्ति रहेको देखिन्छ भने सो जग्गामा घर निर्माण गर्दासमेत स्वआर्जनको स्रोतको प्रयोग भएको भनी निजले वस्तुनिष्ठ प्रमाणसाथ पुष्टि गर्न नसकेको अवस्थामा उक्त जग्गा र जग्गामा बनेको घर सगोलकै हुने देखिन आयो।

यसै लगाउको ०७९-DF-०००५ र ०७९-DF-०००६ को अंश चलन मुद्दामा विवादको कि.नं.६८ र १५५ का जग्गाहरू सगोलको हुने र सो जग्गामा निर्माण भएका घरहरू पुनरावेदक/प्रतिवादी मनोहरलालले पिता पुर्खाबाट प्राप्त गरेको र सगोलमा रहँदा सगोलकै आर्जनबाट नक्सा पास गरी नयाँ घर

निर्माण गरेको हुँदा उक्त घरजग्गा सगोलको हुने भनी विवेचना भएको आधारमा सम्पूर्ण अंशियारहरूको हक रहेको सम्पत्तिमा निजहरूको मन्जुरीबेगर धितो राखी ऋण निकाल्ने र सो ऋण निज प्रतिवादीको निजी प्रयोगको लागि लिइएको देखिएको अवस्थामा वादीको अंश हकमा आघात पुग्न गएको देखिन्छ। यस परिप्रेक्ष्यमा पुनरावेदक/प्रतिवादीले एभरेष्ट बैंक लि. विराटनगर शाखालाई मिति २०६०।०४।१९ मा र.नं.२१५(क) मार्फत धितोपत्र दृष्टिबन्धकको लिखत गरिदिएको कार्य कानूनसम्मत नदेखिएकाले वादीको हकको अर्थात् चार भागको एक भागसम्म धितोपत्र दृष्टिबन्धकको लिखत बदर हुने र जग्गा रोक्का राखेको कार्यसमेत सोही हदसम्म चार भागको एक भाग बदर हुने देखिएकाले पुनरावेदन अदालत विराटनगरबाट भएको फैसला मनासिवै देखिँदा अन्यथा गर्नुपर्ने देखिएन।

अत: माथि विवेचित प्रमाण, कारण र आधारसमेतबाट वादी दाबी नपुग्ने ठहऱ्याई सुनसरी जिल्ला अदालतबाट मिति २०६२।०२।१९ मा भएको फैसला केही उल्टी भई फिराद दाबीबमोजिम कि.नं.६८ र १५५ को जग्गामध्येबाट वादी भगवानदास अग्रवालको अंश भागमा पर्ने चार भागको एक भाग धितोपत्र दृष्टिबन्धक लिखत र सोही हदसम्मको रोक्कासमेत बदर गर्ने गरी पुनरावेदन अदालत विराटनगरबाट मिति २०६६।०३।११ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत : कृष्णशोभा सुवाल
कम्प्युटर : चन्दनकुमार मण्डल
इति संवत् २०७९ साल चैत्र ९ गते रोज ५ शुभम्।

## संयुक्त इजलास

### ३

**स.का.मु.प्र.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा,** *०७९-RC-००३२, जबरजस्ती करणी र हाडनाता करणी, नेपाल सरकार वि. परिवर्तित नाम नवलपरासी १३(ग)*

जबरजस्ती करणी मुद्दामा सामान्यतया, प्रत्यक्षदर्शी साक्षीको उपस्थिति नहुने हुँदा पीडित नै घटनाको आधारभूत गवाह हो। निजले अनुसन्धान अधिकारी तथा अदालतसमक्ष व्यक्त गरेको कुरालाई प्रमाण ऐन, २०३१ को दफा १० (ख) (क) बमोजिम प्रत्यक्ष र निर्णायक प्रमाणको रूपमा लिनुपर्ने भनी अर्जुनबहादुर पाण्डे विरूद्ध श्री ५ को सरकार (ने.का.प.२०६५, अङ्क-१, नि.नं.७९२३) भएको जबरजस्ती करणी मुद्दामा सिद्धान्त प्रतिपादन भएको छ। यस मुद्दामा पीडित परिवर्तित नाम नवलपरासी १३(ख) ले मिति २०७५।०९।१६ गते म निन्द्राबाट व्युँझिदा बुबाले फिल्म हेरिरहनुभएकोले म पनि फिल्म हेर्न जाँदा बाबुले अश्लिल फिल्म हेर्नुभएको रहेछ। सो फिल्म मैले देखेकोमा बुबाले मेरो सुरूवाल पेन्टीसमेत खोलिदिई मलाई जबरजस्ती करणी गर्नुभएको र यो कुरा कसैलाई नभन्नु भनेकोले मैले कसैलाई भनेको थिइन भनी घटना विवरण कागज र सोही विवरणलाई समर्थन गर्ने गरी अदालतसमक्ष पनि बकपत्र गरेको देखिँदा पीडित स्वयम्ले आफूउपर जबरजस्ती भएको हो भनी गरेको कागज र जाहेरवालाले समेत यी प्रतिवादीले जबरजस्ती करणी गरेको हो भनी गरेको बकपत्रसमेत लाई प्रतिवादीले अदालतमा बयान गर्दासमेत आफ्नो १३ वर्षकी छोरीलाई करणी गरेकोमा साबित भई बयान गरेको र घटनास्थल विवरण कागज गर्ने सरोज माझी, साहिल्य माझी तथा अस्तलाल माझीले गरेको बकपत्रबाट पुष्टि भएको हुँदा प्रतिवादीको कसुरमा संलग्नता रहेको स्थापित हुन आयो।

मुलुकी अपराध (संहिता) ऐन, २०७४ को दफा २१९(२) मा कसैले कुनै महिलालाई निजको मन्जुरी नलिई करणी गरेमा वा मन्जुरी लिएर भए पनि अठार वर्षभन्दा कम उमेरको कुनै बालिकालाई करणी गरेमा निजले त्यस्तो महिला वा बालिकालाई जबरजस्ती करणी गरेको मानिने छ भन्ने कानूनी व्यवस्था रहेको परिप्रेक्ष्यमा निज प्रतिवादी परिवर्तित नाम नवलपरासी १३(ग) ले आफ्नो सहोदर छोरी ११वर्ष ६ महिना २२ दिनको पीडित परिवर्तित नवलपरासी १३(ख) लाई

आफ्नै बसोबासस्थान (घर) भित्र करणी गरेको पुष्टि भएकोले निज प्रतिवादीले जबरजस्ती करणी गरेको देखियो। साथै ऐ. ऐनको दफा २२०(२)(क) बमोजिम आफ्नै छोरीलाई करणी गरेकोले निज प्रतिवादीलाई थप सजायसमेत हुने देखिन्छ।

अत: उल्लिखित तथ्य, कानूनी व्यवस्था र सर्वोच्च अदालतबाट प्रतिपादित सिद्धान्तसमेत को आधारमा प्रतिवादी नवलपरासी १३(ग) ले आफ्नै सहोदर छोरी परिवर्तित नाम नवलपरासी १३(ख) लाई हाडनातामा जबरजस्ती करणी गरेकोले निज प्रतिवादीलाई मुलुकी अपराध संहिता, २०७४ को दफा २१९(३)(ख) बमोजिम १८ वर्ष कैद र सोही संहिताको दफा २२०(२)(क) बमोजिम थप जन्मकैद सजाय र पीडित परिवर्तित नाम नवलपरासी १३(ख) लाई पीडित राहत कोषबाट रू.५०,०००।– (पचास हजार रूपैयाँ) भराइदिने गरी सुरू नवलपुर जिल्ला अदालतबाट मिति २०७७।६।२० मा भएको फैसला सदर गर्ने गरी उच्च अदालत पोखराबाट मिति २०७८।०९।२० मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत : श्रद्धा विष्ट

कम्प्युटर : चन्दनकुमार मण्डल

इति संवत् २०७९ कार्तिक २७ गते रोज १ शुभम्।

४

**स.का.मु.प्र.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा,** *०७३-RC-०१२४, कर्तव्य ज्यान, डाँका, नेपाल सरकार वि. मुन्ना मियाँ*

प्रतिवादी मुन्ना मियाँले मृतक रामप्रसाद साहलाई गोली प्रहार गरी निजसँग भएको रकम डाँका गरेको देखिँदा निज प्रतिवादी मुन्ना मियाँलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १ नं. विपरीत कसुर गरेकोले निजलाई १३(१) नं. बमोजिम सर्वस्वसहित जन्मकैद गर्ने गरी सुरू मोरङ जिल्ला अदालतबाट मिति २०७०।९।२३ मा भएको फैसला साधकको रोहमा सदर हुने र डाँकातर्फ नबोलेको हदसम्म फैसला केहि उल्टी भई प्रतिवादी मुन्ना मियाँलाई डाँकाको कसुर गरेतर्फ मुलूकी ऐन, चोरीको महलको १४(४) नं. बमोजिम ६ वर्ष कैद र बिगोको डेढो रू.९,०००।– जरिवाना हुने र डाँका गरेको बिगो रू.६,०००।– को दामासाहीले हुने रू.३,०००।– यी प्रतिवादी मुन्ना मियाँबाट जाहेरवालालाई भराइदिने गरी पुनरावेदन अदालत विराटनगरबाट मिति २०७१।११।१३ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ। यद्यपि निज प्रतिवादीलाई सर्वस्वसहित जन्मकैदको सजाय गर्नुपर्ने भए तापनि हाल प्रचलनमा रहेको मुलुकी अपराध संहिता, २०७४ को दफा ४०(२) मा कानूनमा कुनै कसुरबापत सर्वस्वको सजाय हुने रहेछ भने यो ऐन, प्रारम्भ भएपछि त्यस्तो कसुरमा सजाय गर्दा सर्वस्व हुने गरी सजाय गरिने छैन भन्ने कानूनी व्यवस्था रहेको र फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यन्वयन) ऐन, २०७४ को दफा ५ मा कुनै कसुरका सम्बन्धमा कसुर गर्दाकाबखत कानूनबमोजिम घटी सजाय हुने रहेछ भने घटी सजाय हुने गरी निर्धारण गर्नुपर्ने छ भन्ने कानूनी व्यवस्था रहेको देखिएकोले प्रस्तुत मुद्दामा यी प्रतिवादीलाई जन्मकैदको सजाय मात्र हुने।

इजलास अधिकृत : श्रद्धा विष्ट

इति संवत् २०७९ कार्तिक २७ गते रोज १ शुभम्।

## इजलास नं.१

५

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री अनिलकुमार सिन्हा,** *०७६-CR-११९६, लागुऔषध खैरो हेरोइन, जोगेन्द्र चौधरी वि. नेपाल सरकार*

प्रतिवादी जोगेन्द्र चौधरीको प्रस्तुत लागुऔषध वारदातमा के कस्तो संलग्नता रहेको छ भन्ने सम्बन्धमा हेर्दा, प्रतिवादीमध्येका जोगेन्द्र चौधरीको साथबाट ४२ ग्राम लागुऔषध खैरो हेरोइन बरामद भएको र सो तथ्यलाई स्वयम् प्रतिवादी जोगेन्द्र चौधरीले मौकामा स्वीकार गरेको देखिन्छ। उक्त बरामद भएको पदार्थमा heroin (diacetylmorphine) फेला परेको भन्ने विधि विज्ञान प्रयोगशालाको परीक्षण प्रतिवेदन रहेको र उक्त पदार्थ आफूले राख्न पाउने बैध आधार प्रतिवादी

जोगेन्द्र चौधरीले देखाउन नसकेको हुँदा प्रस्तुत मुद्दामा लागुऔषध खैरो हेरोइनसम्बन्धी कसुर भएको तथ्यमा विवाद नरहने।

प्रतिवादी जोगेन्द्र चौधरीको साथबाट निजले लगाएको सेतो गम्छाबाट ४२ ग्राम लागुऔषध बरामद भएको, निजले उक्त लागुऔषध के-कुन प्रयोजनका लागि आफ्नो साथमा राखेको भनी तथ्यपरक रूपमा खुलाउन नसकेको तथा बरामदी मुचुल्काका साक्षी प्र.ज. सुनिल दुलालले समेत प्रतिवादी जोगेन्द्र चौधरीको साथबाटै लागुऔषध बरामद भएको भनी खुलाइदिएको परिप्रेक्ष्यमा निज प्रतिवादी जोगेन्द्र चौधरीलाई लागुऔषधको प्रकृति, परिमाण र निजले उक्त लागुऔषध बिक्री वितरणका लागि ल्याएको भन्ने तथ्य स्थापित भइरहेको अवस्थामा लागुऔषध (नियन्त्रण) ऐन, २०३३ को दफा ४ (घ) र (च) को कसुर गरेको पुष्टि हुने।

प्रतिवादी जोगेन्द्र चौधरीलाई लागुऔषध (नियन्त्रण) ऐन, २०३३ को दफा ४ (घ) र (च) को कसुरमा ऐ. ऐनको दफा १४ (१) (छ) (२) बमोजिम १० (दश) वर्ष कैद र रू.७५,०००।- (पचहत्तर हजार) रूपैयाँ जरिवाना हुने ठहर गरी उच्च अदालत पाटनबाट मिति २०७६।३।४ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत : लिलाधर सुवेदी

कम्प्युटर : कृष्णमाया खतिवडा

इति संवत् २०७९ साल आश्विन ३० गते रोज १ शुभम्।

६

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री अनिलकुमार सिन्हा,** *०७६-CR-१२२३, लागुऔषध खैरो हेरोइन, गुलाब पासवान वि. नेपाल सरकार*

प्रतिवादी गुलाब पासवानको प्रस्तुत लागुऔषध वारदातमा के कस्तो संलग्नता रहेको छ भन्ने सम्बन्धमा हेर्दा, प्रतिवादीको साथबाट ५० ग्राम लागुऔषध खैरो हेरोइन बरामद भएको र सो तथ्यलाई स्वयं प्रतिवादीले मौकामा बयान गर्दा स्वीकार गरेको देखिन्छ । उक्त बरामद भएको पदार्थमा heroin (diacetylmorphine) फेला परेको भन्ने राष्ट्रिय विधि विज्ञान प्रयोगशालाको परीक्षण प्रतिवेदन रहेको र उक्त पदार्थ आफूले राख्न पाउने बैध आधार प्रतिवादी गुलाब पासवानले देखाउन नसकेको हुँदा प्रस्तुत मुद्दामा लागुऔषध खैरो हेरोइनसम्बन्धी कसुर भएको तथ्यमा विवाद नरहने।

बरामद भएको लागुऔषध प्रतिवादीहरूले भारत देखि काठमाडौंसम्म ओसारपसार गरेको, बरामद लागुऔषधको परिमाणसमेत उच्च देखिएको, बरामद भएको वस्तु लागुऔषध खैरो हेरोइन भएको परीक्षण प्रतिवेदनबाट पुष्टि भएको, बरामदी बेहोरालाई समर्थन हुने गरी प्रतिवेदक प्र.ना. नि विष्णु खतिवडाले अदालतमा आई बकपत्रसमेतबाट प्रतिवादीले कसुर गरेको पुष्टि हुन आयो । यी प्रतिवादी गुलाब पासवानको साथबाट ५० ग्राम लागुऔषध बरामद भएको, निजले उक्त लागुऔषध के-कुन प्रयोजनका लागी आफ्नो साथमा राखेको भनी तथ्यपरक रूपमा खुलाउन नसकेको तथा बरामदी मुचुल्काका साक्षीहरू प्र.ह. राजेन्द्रबहादुर पालले समेत प्रतिवादी गुलाब पासवानको साथबाटै लागुऔषध बरामद भएको भनी खुलाइदिएको परिप्रेक्ष्यमा निज प्रतिवादी गुलाब पासवानलाई लागुऔषधको प्रकृति, परिमाण र निजले उक्त लागुऔषध बिक्री वितरणका लागि ल्याएको भन्ने तथ्य स्थापित भइरहेको अवस्थामा लागुऔषध (नियन्त्रण) ऐन, २०३३ को दफा ४ (घ) र (च) को कसुर गरेको पुष्टि हुने।

प्रतिवादी गुलाब पासवानलाई लागुऔषध (नियन्त्रण) ऐन, २०३३ को दफा ४ (घ) र (च) को कसुरमा ऐ. ऐनको दफा १४ (१) (छ) (२) बमोजिम १० (दश) वर्ष कैद र रू.७५,०००।- (पचहत्तर हजार) रूपैयाँ जरिवाना हुने ठहर गरी उच्च अदालत पाटनबाट मिति २०७६।३।४ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत : लिलाधर सुवेदी

कम्प्युटर : कृष्णमाया खतिवडा

इति संवत् २०७९ साल आश्विन ३० गते रोज १ शुभम्।

७

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री अनिलकुमार सिन्हा**, *०७६-CR-०५७९, जबरजस्ती करणी र कर्तव्य ज्यान, उमेशप्रसाद जोशी वि. नेपाल सरकार*

मृतकको शव परीक्षण प्रतिवेदनमा उल्लेख भएको बेहोरा हेर्दा घाँटीमा दुइवटा लिगेचर मार्क रहेको भन्ने छ। घाँटीमा गोलाकार रूपमा डाम देखिएको छ। मृतक झुण्डिएको चुन्नीबाट घाँटीमा परेको लिगेचर मार्क परेको प्रकृतिको देखिएको छैन। घाँटीको Laryngeal Cartilage Fracture रहेको र सो ठाउँको Soft Tissue मा चोट परेको भन्ने देखिन्छ । मृतक चुन्नीमा झुण्डिएको घटनास्थलबाट देखिन्छ। तर सो झुण्डिएको चुन्नीबाट मृतकको घाँटीमा डाम (Ligature mark) परेको भन्ने देखिन्न। घाँटीमा गोलाकार रूपमा दुइवटा वस्तुबाट परेको Ligature mark रहेको छ। घाँटीमा गोलाकार रूपमा डाम परेको छ। तर झुण्डी मृत्यु भएकोमा घाँटीमा दुइ वटा वस्तुको डाम कसरी पर्न सक्छ र ? झुण्डिदा गोलाकार रूपमा घाँटीमा Ligature mark पर्न सक्ने हुँदैन। मूलरूपमा laryngel Cartilage रूद्रघण्टीको भागतर्फको अङ्गमा भाँचिएको (Fracture) रहेको छ। झुण्डी मृत्यु भएकोमा रूद्रघण्टीतर्फ भाँचिने गरी चोट पर्नसक्ने हुँदैन। त्यसैले मृतकको घाँटीमा रूद्रघण्टीसमेतको अङ्ग भाँचिने गरी जोडले कसेर मारेपछि नै झुण्ड्याउँदा घाँटीमा दुई वटा डामहरू परेको देखियो। अतः मृतकको मृत्यु झुण्डिएर नभई कर्तव्य गरी मारेको भन्ने पुष्टि हुने।

मृतकको शव परीक्षण प्रतिवेदनमा Vagina: Whitish discharge present, small linear abrasion present on the labia. Pubic hair clumped, Hymen: Lacerated hymen at 6'o clock, Other opinion : Vaginal examination suggestive of recent sexual intercourse with penetration but forceful sexual intercourse cannot be ruled out. Injuries: small contusion, pink to purple 3x0.3 cm over left breast, 1x1 cm contusion present at inner aspect of both thigh, 2x1cm contusion over lateral aspect of right thigh, all looks pink to purple coloured. भनी उल्लेख भएको पाइन्छ । शव परीक्षण गर्ने बिशेषज्ञ डा.नविन्द्र ढकालले मृतकको शरीरमा भएका सबै कपडा खोली हेर्दा शरीरको पछाडिपट्टि पिठ्युमा दुवै खुट्टाको पछाडिपट्टि, पुठ्ठामा रगत जमेको रातो निलो डामहरू परेका थिए । देब्रे छाती (स्तनमा) ३x०.३ से.मि. को निलडाम रहेको थियो । दुवै तिघ्राको भित्रपट्टि निलो डाम (१x१ से.मि.) रहेको थियो । दाहिने तिघ्राको बाहिरपट्टी २x१ से.मि.को निलो डाम रहेको थियो र यौनाङ्गको चेकजाँच गर्दा योनिको लिवियामा कोतरिएकोजस्तो घाउँ, योनिको कपाल भिजेर डल्ला परेको, हाइमन घडिको सुइको ६ बज्दाको कोणमा च्यातिएको योनिमा सेतो पदार्थ रहेको थियो । शरीरमा भएका घाउहरू २४ देखि ४८ घण्टाभित्रका थिए भन्नेसमेत बेहोराको बकपत्र रहेको छ। मृतक १६ वर्षकी रहेको भन्ने देखिन्छ। मृतकको स्तन, तिघ्रा, यौनाङ्गमा घा चोटहरू रहेको छ। Hymen च्यातिएको छ र Recent sexual intercourse को कारण यी चोटहरू परेको देखिन्छ। मृतकको कर्तव्यबाट मृत्यु हुनुपूर्व निजलाई जबरजस्ती करणी गरेको उक्त जाँच प्रतिवेदनबाट देखिन आउँछ। मृतकको लास प्रतिवादीको कोठामा झुण्डिएको अवस्थामा फेला परेको देखिने।

मृतक आफ्नो कोठामा नभएको बेहोरा बनाउन बजारबाट अर्कै व्यक्तिको फोन ल्याइ बडुगाउँमा छुँ भन्न लगाइ यी प्रतिवादीले मृतकलाई आफ्नै कोठामा राखेको देखिन्छ । मिति २०७४।११।१६ गतेदेखि नै मृतक घरमा नगएकी र सोको भोलिपल्ट मौकामा बुझिएका मानिस नविनराज पन्त र मृतकका पिता प्रतिवादीको कोठामा जाँदा कोठाभित्रबाट बन्द रहेको, नविनले ढोका खोलभन्दा ढोका नखोली जे परेपनि म मिलाइहाल्छु तिमी जाउ भनी जवाफ दिएको र पछि फेरी प्रतिवादीको कोठामा आउँदा बाहिरबाट ताला लगाएकोले यताउता बुझ्दा प्रतिवादीले मृतक

झुण्डिएर मरिसक्यो भन्ने हल्ला फिजाएको भन्ने बेहोरा मौकामा बुझिएका नविनराज पन्तले र मृतकका पिता जाहेरवालाले लेखाएको बकपत्रमा उल्लेख भएको पाइन्छ । वारदात भएको घरधनी प्रेमबहादुर बिष्टले उक्त घटना भएको घर मेरो हो । उक्त घरमा यी प्रतिवादी उमेश जोशीबाहेक अरू कोही बस्दैनँ । झुण्डिएर मृतक मरेकी छ भनी सुनी म पनि हेर्न गएको हुँ, अन्य कुरा मैले केही सुनिनँ भनी बकपत्र गरेको देखिन्छ । जाहेरवालालगायत मौकामा बुझिएका नविनराज पन्त, "सर्वोच्च म", प्रेमबहादुर बिष्ट, महेशप्रसाद भट्ट, अग्नी धनुषे, जाहेरवाला "सर्वोच्च फ", बासुदेव भट्ट, शिवदत्त भट्टलगायत मौकामा बुझिएका सबै मानिसहरू अदालतमा उपस्थित भई यी प्रतिवादीले जबरजस्ती करणी गरी सो अपराधबाट बँच्नका लागि झुन्डाएको हो भन्ने बेहोराबाट बकपत्र गरेको देखिन्छ । जाहेरी दरखास्त, घटनास्थल मुचुल्का, शव परीक्षण प्रतिवेदन, शव परीक्षण गर्ने विशेषज्ञ डा.नविन्द्र ढकालले गरेको बकपत्र, मौकामा बुझिएका सबै मानिसहरूले गरेको बकपत्रसमेतबाट यी प्रतिवादी उमेशप्रसाद जोशीले नै मृतकलाई जबरजस्ती करणीपश्चात् घाँटी कँसी मृतकको हत्या गरेको तथ्य पुष्टि हुने ।

मृतकको लास प्रतिवादीको कोठामा झुन्डिएको अवस्थामा फेला परेको देखिन्छ। प्रतिवादीले कोठामा थुनेको भनी मृतकले लेखेको कागज पनि वारदातस्थलबाट बरामद भएको छ । मृतकलाई जबरजस्ती करणीको अपराध गरेको र तत्पश्चात् घाँटीमा कसी मृतकलाई कर्तव्य गरी मार्ने कार्य भएको भन्ने तथ्य उक्त प्रमाणहरूबाट पुष्टि भएको छ। प्रतिवादीले मृतकलाई झुक्याएर कोठामा लगेको र जबरजस्ती करणी गरी हल्ला गरिदिने डरले कर्तव्य गरी मारी आफैँ झुन्डी मरेको भन्ने पार्नको लागि प्रतिवादीले मृतकलाई झुण्ड्याएको भनी प्रतिवादीले अपराध स्वीकार गरी मौकामा अधिकारप्राप्त अधिकारीसमक्ष गरेको बयान उक्त वस्तुगत तथ्य प्रमाणहरूबाट समर्थित भएको पाइने।

प्रतिवादीलाई सर्वस्वसहित जन्मकैद हुने ठहरे पनि केही नेपाल कानूनलाई संशोधन, एकीकरण, समायोजन र खारेज गर्ने ऐन, २०७४ को दफा ३९ (२) (क) मा कुनै कसुरको सजाय साबिक ऐनमा मुलुकी अपराध संहितामा लेखिएकोभन्दा बढी रहेछ भने संहितामा लेखिएको हदसम्म मात्र सजाय हुने छ भन्ने कानूनी व्यवस्था भएको परिप्रेक्ष्यमा मुलुकी अपराध संहिता ऐन, २०७४ मा सर्वस्वसहित जन्मकैदको कानूनी व्यवस्था नभएको र ऐ. को दफा १७७ (२) मा ज्यान मर्ने कसुर गर्ने गराउने व्यक्तिलाई जन्मकैदको सजाय मात्र हुने भनी कानूनी व्यवस्था रहे भएको देखिएकोले प्रतिवादीलाई जन्मकैदको सजाय हुने।

प्रतिवादी उमेश जोशीलाई मुलुकी ऐनको जबरजस्ती करणी महलको ३ नं. को देहाय ४ बमोजिम ८ वर्ष कैद र ऐ.ऐन को ज्यानसम्बन्धी महलको १३ (३) बमोजिम सर्वस्वसहित जन्मकैद ठहर गरी सुरू बैतडी जिल्ला अदालतबाट मिति २०७५।६।१९ मा भएको फैसला सदर गर्ने गरी उच्च अदालत दिपायल महेन्द्रनगर इजलासबाट मिति २०७६।१।१० मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत : लिलाधर सुवेदी

कम्प्युटर : कृष्णमाया खतिवडा

इति संवत् २०७९ साल आश्विन ३० गते रोज १ शुभम्।

## ८

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री प्रकाश कुमार ढुंगाना,** *०७६-WO-०९८४, उत्प्रेषण / परमादेश, डा. पुण्यप्रसाद खतिवडासमेत वि. नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबार, काठमाडौंसमेत*

विश्वव्यापी रूपमा महामारीको रूपमा फैलिएको COVID-१९ (कोरोना भाइरस) ले नेपालमा समेत महामारीको रूप लिएको पाइन्छ । नेपालको संविधान धारा १७ मा स्वतन्त्रतासम्बन्धी हकको व्यवस्था गरेको सो धारा १७ को उपधारा (१) मा "कानूनबमोजिम बाहेक कुनै पनि व्यक्तिलाई बैयक्तिक स्वतन्त्रताबाट वञ्चित गरिने छैन ।" त्यसै गरी सोही धारा १७ को उपधारा (२) ले खण्ड (ङ) मा "नेपालको

कुनै पनि भागमा आवत जावत र बसोबास गर्ने स्वतन्त्रता" प्रत्येक नागरिकलाई हुने छ भन्ने मौलिक हकको व्यवस्था गरेको पाइन्छ । संविधानको धारा १८ मा समानताको हकसम्बन्धी व्यवस्था गरेको पाइन्छ । सो धारा १८ को उपधारा (१) मा "सबै नागरिक कानूनको दृष्टिमा समान हुनेछन् । कसैलाई पनि कानूनको समान संरक्षणबाट वञ्चित गरिने छैन ।" भन्ने व्यवस्था रहेको पाइन्छ । संविधानको धारा ३५ मा स्वास्थ्यसम्बन्धी हकको व्यवस्था रहेको देखिन्छ । सो धारा ३५ को उपधारा (१) मा "प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत स्वास्थ्य सेवा निःशुल्क प्राप्त गर्ने हक हुने छ र कसैलाई पनि आकस्मिक स्वास्थ्य सेवाबाट वञ्चित गरिने छैन ।" भन्ने र धारा ३५ को उपधारा (३) मा "प्रत्येक नागरिकलाई स्वास्थ्य सेवामा समान पहुँचको हक हुने छ ।" भन्ने व्यवस्था रहेको पाइन्छ । यसबाट के देखिन आउँछ भने प्रत्येक नेपाली नागरिकलाई नेपाल अधिराज्यभर बिनाकुनै किसिमको हस्तक्षेप आवतजावत गर्ने, बसोबास गर्ने स्वतन्त्रता हुने निर्विवाद मौलिक हकको व्यवस्था गरेको पाइन्छ । त्यसैगरी संविधानको धारा ३५ को संवैधानिक व्यवस्थालाई हेर्दा प्रत्येक नेपाली नागरिकलाई उचित स्वास्थ्यसम्बन्धी हक हुने र त्यस्तो स्वास्थ्यसम्बन्धी हकमा प्रत्येक नेपाली नागरिकको सहज पहुँच हुने भनी मौलिक हकको रूपमा राज्यले प्रत्याभूति दिलाएको अवस्था छ ।

अतः नेपालको संविधानको धारा ३५ मा प्रत्येक नेपाली नागरिकका लागि मौलिक हकको रूपमा स्वास्थ्यसम्बन्धी हकको प्रत्याभूति गराइएको पाइन्छ । COVID-१९ (कोरोना भाइरस) बाट प्रभावित भएका व्यक्तिहरूमा व्यक्तिगत रूपमा स्वास्थ्यमा पर्न गएको र पर्न जाने शारीरिक, मानसिक तथा मनोवैज्ञानिक असरलाई न्यूनिकरण गर्न आवश्यक पूर्वतयारी र COVID-१९ प्रभावित हुने नागरिकको उपचारका लागि आवश्यक व्यवस्था गर्न नेपाल सरकार स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयको ध्यानाकर्षण गराई अन्य कुराको हकमा निवेदन मागका सन्दर्भमा औचित्य समाप्त भइसकेको हुँदा रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत : निरज पोखरेल

कम्प्युटर : कृष्णमाया खतिवडा (सुस्मिता)

इति संवत् २०७९ साल आषाढ २० गते रोज २ शुभम् ।

- यसै लगाउका ०७६-WO-०९९२, उत्प्रेषण/परमादेश, डा. पुण्यप्रसाद खतिवडासमेत वि. नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबार, काठमाडौंसमेत भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ ।

## ९

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री प्रकाशकुमार ढुंगाना**, *०७५-WO-१२५०, उत्प्रेषण / परमादेश, विकाशकुमार ठाकुरसमेत वि. लोक सेवा आयोग, केन्द्रीय कार्यालय, अनामनगर काठमाडौंसमेत*

नेपालको वर्तमान संविधानको धारा २४३ को उपधारा (१) मा निजामती सेवाको पदमा नियुक्तिका लागि उपयुक्त उम्मेदवार छनौट गर्न परीक्षा सञ्चालन गर्नु लोक सेवा आयोगको कर्तव्य हो भनी पदपूर्तिको जिम्मा लोक सेवा आयोगलाई दिएको परिप्रेक्ष्यमा विवादित सूचना नम्बर ५३०।०७५-०७६, मिति २०७६।२।१५ मा लोक सेवा आयोगबाट प्रकाशित भएका विभिन्न विज्ञापनहरूमा लोक सेवा आयोगका विभिन्न कार्यालयहरूबाट लिखित परीक्षा सञ्चालन गरी परीक्षाफल प्रकाशित गरी परीक्षामा सफल भएका उम्मेदवारहरू तत् तत् कार्यालयहरूमा सिफारिशसमेत भइसकेको भन्ने कुरा लोक सेवा आयोग, काठमाडौंको प.सं. उ.वि.स.प.१०(३) ।०७७-०७८ च.नं. २०७ मिति २०७७।१२।१७ को पत्रबाट लेखिआएको देखिँदा अब सोही विज्ञापन अनुसारको पदमा पदपूर्ति नगर्नु भनी भन्न वा नभन्न प्रस्तुत रिट निवेदनको प्रयोजन र औचित्य नै समाप्त भइसकेको देखिन्छ । जुन काम रोक्न भनी निवेदन माग भएको हो सो काम नै समाप्त भइसकेको वर्तमान अवस्थामा प्रस्तुत रिट निवेदनमा थप केही बोलिरहनुपर्ने अवस्था नदेखिने ।

प्रस्तुत रिट निवेदनको प्रयोजन र औचित्य

नै समाप्त भइसकेको देखिँदा मागबमोजिमको आदेश जारी गरिरहनुपर्ने अवस्था देखिएन, प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत - निरज पोखरेल

कम्प्युटर : कृष्णमाया खतिवडा (सुस्मिता)

इति संवत् २०७९ साल आषाढ २० गते रोज २ शुभम् ।

**१०**

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री प्रकाश कुमार ढुंगाना**, *०७५-WO-१२४८, उत्प्रेषण / परमादेश, जगदेव चौधरी वि. नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबार काठमाडौंसमेत*

नेपालको संविधानको धारा २४३ को उपधारा (१) मा निजामती सेवाको पदमा नियुक्तिका लागि उपयुक्त उम्मेदवार छनौट गर्न परीक्षा सञ्चालन गर्नु लोक सेवा आयोगको कर्तव्य हो भनी पदपूर्तिको जिम्मा लोक सेवा आयोगलाई दिएको परिप्रेक्ष्यमा विवादित सूचना नम्बर ५३०।०७५-०७६, मिति २०७६।२।१५ मा लोक सेवा आयोगबाट प्रकाशित भएका विभिन्न विज्ञापनहरूमा लोक सेवा आयोगका विभिन्न कार्यालयहरूबाट लिखित परीक्षा सञ्चालन गरी परीक्षाफल प्रकाशित गरी परीक्षामा सफल भएका उम्मेदवारहरू तत् तत् कार्यालयहरूमा सिफारिशसमेत भइसकेको भन्ने कुरा लोक सेवा आयोग, काठमाडौंको प.सं. उ.वि.स.प.१०(३) ।०७७-०७८ च.नं. २०७ मिति २०७७।१२।१७ को पत्रबाट लेखिआएको देखिँदा अब सोही विज्ञापन अनुसारको पदमा पदपूर्ति नगर्नु भनी भन्न वा नभन्न प्रस्तुत रिट निवेदनको प्रयोजन र औचित्य नै समाप्त भइसकेको देखिन्छ । जुन काम रोक्न भनी निवेदन माग भएको हो सो काम नै समाप्त भइसकेको वर्तमान अवस्थामा प्रस्तुत रिट निवेदनमा थप केही बोलिरहनुपर्ने अवस्था नदेखिने ।

रिट निवेदनको प्रयोजन र औचित्य नै समाप्त भइसकेको देखिँदा मागबमोजिमको आदेश जारी गरिरहनुपर्ने अवस्था देखिएन, प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत : निरज पोखरेल

कम्प्युटर : कृष्णमाया खतिवडा (सुस्मिता)

इति संवत् २०७९ साल आषाढ २० गते रोज २ शुभम् ।

**११**

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री सुस्मालता माथेमा**, *०७३-RB-०१८२, आयकर, मुकुन्दप्रसाद जोशी वि. आन्तरिक राजस्व कार्यालय, हेटौंडा, मकवानपुर*

अपलेखन खर्च रू.८,४६,८०२।– लाई आयमा समावेश गरिएको सम्बन्धमा सुरू कार्यालयको निर्णयमा नै मान्यता दिनुपर्ने भनी उल्लेख भएको र पुनरावेदकले उक्त रकमलाई मान्यता दिनुपर्ने भए अनुसार नै सोलाई मान्यता दिएको भए तापनि अन्य शीर्षकको रकमलाई मान्यता नदिने गरी भएको निर्णय आफैमा कानूनअनुकूल रहेको छैन भनी यो शीर्षकसमेत जोडी पुनरावेदन जिकिर लिएपनि पुनरावेदक स्वयम्ले स्वीकार गरिसकेको र सुरू कार्यालयबाट पुनरावेदकको पक्षमा निर्णय भएको देखिँदा उक्त शीर्षकका सम्बन्धमा केही बोलिरहनु परेन ।

ह्रास खर्च रकम सम्बन्धमाः- आयकर ऐन, २०५८ को अनुसुची २ बमोजिम ऐतिहासिक लागतको आधारमा मात्र ह्रास खर्च दाबी गर्न पाउने कानूनी व्यवस्था रहेकोले यस वर्ष ५,९२,७८८।२८ मा दाबी गर्न पाउनेमा पुनर्मूल्याङ्कनबाट थप हुन आएको सम्पत्तिमा समेत ह्रास खर्च थप दाबी गरेकोले करयोग्य आय गणना गर्दा रू.११,४९,०२१।९४ दाबी गरेकोमा बढी दाबी भएको रू.५,७०,७३८।५४ अमान्य गरी करयोग्य आयमा समावेश गरिएको भन्ने सुरू आन्तरिक राजस्व कार्यालय हेटौँडाले गरेको संशोधित कर निर्धारणलाई प्रशासकिय पुनरावलोकन तथा राजस्व न्यायाधिकरणबाटसमेत सो निर्णय सदर भएको पाइयो । सो सम्बन्धमा पुनरावेदकले आयकर ऐन, २०५८ अनुसार लेखा निर्धारणको लागि तयार गरेको विवरण र आय निर्धारणको लागि पेस गरेको

विवरण फरक हुने हुँदा आय निर्धारणको लागत तयार पारेको विवरण राखी पेस गरेको विवरणमा बढी दाबी भएको भनी अमान्य गरी करयोग्य आयमा समावेश गरेको मिलेन भन्ने जिकिर लिएको पाइयो । सो सम्बन्धमा कानूनी व्यवस्था हेर्दा आयकर ऐन, २०५८ को दफा १९(१) मा "कुनै व्यक्तिले कुनै आय वर्षमा कुनै व्यवसाय वा लगानीबाट भएको आय गणना गर्ने प्रयोजनको लागि सो व्यवसाय वा लगानीबाट सो व्यक्तिको आय आर्जन गर्न सो वर्षमा आफ्नो स्वामित्वमा रही प्रयोग गरेको ह्रासयोग्य सम्पत्तिको ह्रास भएबापत अनुसूची–२ बमोजिम ह्रास खर्च कट्टी गर्नुपर्ने छ" भन्ने व्यवस्था गरेको पाइन्छ भने अनुसुची २ मा ह्रास कट्टी निर्धारणसम्बन्धी सूची निर्धारण गरेको पाइन्छ । प्रस्तुत कानूनी व्यवस्थाले आय विवरण पेस गर्दाका बखत नै ह्रास योग्य सम्पत्तिको ह्रास भएबापत अनुसुची -२ बमोजिम ह्रास खर्च कट्टी पाउने हुन्छ । तर यी पुनरावेदकले यसरी आय विवरण पेस गर्दाका बखत ह्रास खर्च दाबी नगरी ऐतिहासिक लागतको आधारमा ह्रास दाबी गर्न पाउने व्यवस्थाविपरीत पुनर्मूल्याङ्कनबाट थप हुन आएको सम्पत्तिमा ह्रास खर्च थप दाबी गरेको भनी सो रकमलाई सुरू कार्यालयले अमान्य गरेको देखिन्छ । करदाताले प्रारम्भिक कर निर्धारणका सम्बन्धमा कार्यालयमा जवाफ दर्ता गर्दा पनि आफूले पुनर्मूल्याङ्कनबाट थप भएको सम्पत्तिमा ह्रास खर्च दाबी गर्नु पर्नाको कारण र ह्रास खर्च कट्टी पाउनुपर्ने कानूनी र तथ्यगत आधार पनि पेस गर्न सकेको देखिएन । तसर्थ ह्रास खर्चअन्तर्गतको उपशीर्षकमा छुट नपाउनेसम्बन्धी सुरू कार्यालयको निर्णय सदर गरेको राजस्व न्यायाधिकरण काठमाडौंको फैसला मिलेकै देखिने ।

व्यापारिक मौज्दातको लागत खर्च सम्बन्धमाः- प्रस्तुत शीर्षकअन्तर्गत पुनरावेदन जिकिर हेर्दा पुनरावेदक उद्योग (करदाता उद्योग) लाई आवश्यक पर्ने कच्चा पदार्थ (गहुँ) श्री साल्ट ट्रेडिङ कर्पोरेसन लिमिटेडबाट आपूर्ति गर्ने गरेकोले साल्ट ट्रेडिङबाट जारी गरेको विजक मूल्य अनुसार खरिद मूल्य कायम गरी खर्च कट्टी दाबीलाई मान्यता दिनुपर्नेमा सो नदिएको मिलेन भन्ने जिकिर रहेको पाइयो । सो सम्बन्धमा कार्यालयले कर निर्धारण गर्दा करदाताले वर्ष भरी नै विभिन्न समयमा गहुँ खरिद गरेकोमा वर्षको अन्तिम दिन एकमुष्ट खरिद विजक पेस गरेको पाइएकाले बजार मूल्यको गणना गरी संशोधित कर निर्धारण गरेको भन्ने आधार लिएको पाइयो । सो सम्बन्धमा मिसिल संलग्न कागज प्रमाण हेर्दा सुरू कार्यालयबाट कर परीक्षण गर्दा गहुँको प्रचलित बजार मूल्य अनुसार अन्य मैदा मिलले खरिद गरेको मूल्यसँग तुलना गरी बढी खरिद रकम दाबी गरिएको भनी रकमसमेत उल्लेख गरी करदातालाई जवाफ पेस गर्न सूचना दिएकोमा सो को युक्तियुक्त खण्डनसहित जवाफ पेस गर्न सकेको पाइएन । आफूले यो यति मूल्यमा यो यस मितिमा गहुँ खरिद गरेको र सोको खरिद मूल्य यति हो भनी स्पष्ट रूपमा खुलाउन सकेको पाइएन । वर्षभरी खरिद कारोबार गरेको करदाताले वर्षको अन्तमा एकमुष्ट खरिद गरेको देखाई विजक मूल्य पेस गरेको देखिन्छ । यसरी अस्वाभाविक रूपमा वर्षभरी पटकपटक गरेको कारोबारलाई एकमुष्ट रूपमा आर्थिक वर्षको अन्तमा एउटै खरिद मूल्य राखी विजक पेस गरेको कुराको समयमै अधिकार प्राप्त निकायसमक्ष चित्त बुझ्दो जवाफसमेत यी पुनरावेदकले पेस गर्न सकेको नदेखिँदा निजको पुनरावेदन जिकिरसँग सहमत हुन सक्ने अवस्था भएन । तसर्थ सो शीर्षकअन्तर्गत सुरूको निर्णय सदर गरेको राजस्व न्यायाधिकरण काठमाडौंको फैसला मिलेकै देखिने ।

उपहारबापतको रकम सम्बन्धमाः- पुनरावेदकले दशैँ तिहारजस्ता पर्वमा मजदुर कर्मचारीहरूलाई प्रोत्साहनस्वरूप मैदा, पिठो सुजी आदि दिएकोलाई पनि छुट नदिएको भन्ने जिकिर लिएको सम्बन्धमा हेर्दा सुरू कर निर्धारण निर्णयमा जारी गरेको वर्षभरिको बिक्री बिलमा सो कुरा कहीँकतै उल्लेख भएको नदेखिएको भन्ने आधारमा छुट नदिएको देखिन्छ । कुनै पनि उद्योग व्यवसायको प्रवर्धनका लागि आफ्नो मजदुर कर्मचारीलाई उत्प्रेरणा जगाउन जरूरी

देखिन्छ । उत्प्रेरणाको विभिन्नस्वरूपमध्ये मौद्रिक र गैरमौद्रिक हुन्छन् । जुनसुकै व्यवसायिक गैरव्यवसायी क्षेत्रले पनि मानव स्रोतको उत्प्रेरणा अभिवृद्धि गरी आफ्नो लक्ष्य र उद्देश्य प्राप्तिका लागि सकारात्मक र गुणात्मक परिणामको अपेक्षा गर्नु स्वाभाविकै हो तर आफूले प्रदान गरेको उपहारको कम्तिमा लेखाजोखा राख्नु सम्बन्धित करदाताकै दायित्व हो । यसरी यो यति रकम उपहारबापत खर्च भएको भन्ने कुराको हिसावकिताब नै नराखेर उपहार दिएको भनी सोलोडोलो रूपमा पेस भएको कर विवरणबाट सो खर्च छुट नदिई उद्योगकै बिक्री मानी थप बिक्री कायम गरेको सो रकम करयोग्य आयमा समावेश गरिएको सुरूको निर्णय सदर गरेको राजस्व न्यायाधिकरणको फैसला मिलेकै देखिने ।

उपरोक्तानुसार विभिन्न प्रकरणमा विवेचना भएबमोजिम आन्तरिक राजस्व कार्यालय हेटौँडाको मिति २०६८।६।३० को निर्णय सदर गरेको आन्तरिक राजस्व विभागको मिति २०६९।१।२७ को निर्णय सदर गरेको राजस्व न्यायाधिकरण काठमाडौंको मिति २०६९।११।१५ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत : इन्द्रबहादुर कठायत

इति संवत् २०७८ साल चैत्र १४ गते रोज २ शुभम् ।

यसै लगाउका निम्न मुद्दाहरूमा पनि यसैअनुसार फैसला भएका छन्:

- ०७३-RB-०१७९, मुकुन्दप्रसाद जोशी वि. आन्तरिक राजस्व कार्यालय, हेटौँडा, मकवानपुर
- ०७३-RB-०१८१, मुकुन्दप्रसाद जोशी वि. आन्तरिक राजस्व कार्यालय, हेटौँडा, मकवानपुर
- ०७३-RB-०१८०, मुकुन्दप्रसाद जोशी वि. आन्तरिक राजस्व कार्यालय, हेटौँडा, मकवानपुर

**१२**

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री सुष्मालता माथेमा,** *०७०-CR-०४८५, वन फडानी गरी जग्गा आवाद, जिल्ला वन कार्यालय बारा, सिमरा वि. शेरबहादुर तामाङ थोकरसमेत*

प्रतिवादी शेरबहादुर ठोकर तामाङले मौकामा र मुद्दा हेर्ने एक सदस्यीय वन संरक्षण विशेष अदालतमा बयान गर्दा पोथ्रा पोथ्री फाँडी जग्गा आवाद गरेको कुरा स्वीकार गरेको देखिन्छ । तर निज प्रतिवादीले खनजोत गरी आवाद गरेको विवादित जग्गा सिमरा रेन्जको यो यस्तो डिमार्केसनभित्रको यो यस्तो क्षेत्रको जग्गा हो भन्ने अनुसन्धान अधिकृतले खुलाउन नसकेको र डिमार्केसनभित्रको जग्गा पुष्टि हुने नक्सा, नक्सा मुचुल्कालगायतका कुनै प्रमाण अनुसन्धान प्रतिवेदनसाथ पेस दाखिल गर्न सकेको देखिँदैन । यसरी अभियोग दाबी पुष्टि हुने यकिन सबुद प्रमाण वादी नेपाल सरकारको तर्फबाट पेस दाखिल भएको नपाइने।

शेरबहादुर ठोकर तामाङबाहेकका अन्य प्रतिवादीहरू वीरबहादुर पाख्रीनसमेत लाई मौकामा पक्राउ गरेको देखिँदैन । निजहरू वन संरक्षण विशेष अदालतमा हाजिर भई आरोपित कसुरमा इन्कार रही आफूहरूले वनजङ्गल फडानी गरी जग्गा आवाद नगरेको, कसले फडानी गरी जग्गा आवाद गर्‍यो भन्ने थाहा नभएको भनी बयानमा लेखाइदिएको देखिँदा अन्य प्रतिवादीहरूलाई पोल गरी प्रतिवादी शेरबहादुर ठोकर तामाङले मौकामा गरेको बयान समर्थित र प्रमाणित नहुने ।

वस्तुतः प्रमाण ऐन, २०३१ को दफा २५ बमोजिम फौजदारी मुद्दामा अभियुक्तको कसुर प्रमाणित गर्ने भार वादीमा हुने कानूनी व्यवस्था रहेको सन्दर्भमा वादी नेपाल सरकारले अनुसन्धान प्रतिवेदन दिने प्रतिवेदकहरू र गाउँ सर्जमिनका मानिसहरूसमेतलाई वन संरक्षण विशेष अदालतमा उपस्थित गराई प्रतिवादीहरू विरूद्धको आरोपित कसुर प्रमाणित गर्नुपर्नेमा सो गर्न सकेको देखिएन । फौजदारी मुद्दामा अभियोग दाबी शंकारहित तवरले पुष्टि गर्नुपर्ने हुन्छ । अन्यथा शंकाको सुविधा अभियुक्तले नै पाउँछ । प्रस्तुत मुद्दामा सबुद प्रमाणको अभावमा प्रतिवादीहरूउपरको अभियोग दाबी प्रमाणित हुन नसकेको हुँदा

प्रतिवादीहरूलाई सजाय हुने ठहर गरेको वन संरक्षण विशेष अदालतको फैसला उल्टी गरी आरोपित कसुरबाट सफाइ दिने गरी तत्कालिन पुनरावेदन अदालत हेटौँडाबाट मिति २०४९।०३।१७ मा भएको फैसला मिलेकै देखिने।

प्रतिवादी शेरबहादुर ठोकर तामाङ समेतउपरको अभियोग दाबी पुष्टि हुने सबुद प्रमाण वादी नेपाल सरकारको तर्फबाट पेस दाखिल हुन सकेको मिसिलबाट नदेखिँदा सबुद प्रमाणको अभावमा अभियोग दाबी नै पुष्टि हुन नसकेकोले प्रतिवादीहरूलाई सजाय हुने गरी सुरू वन संरक्षण विशेष अदालत, वन डिभिजन कार्यालय बाराबाट मिति २०४४।०३।२५ मा भएको फैसला उल्टी गरी सबै प्रतिवादीहरूले अभियोग दाबीबाट सफाइ पाउने ठहर गरी तत्कालिन पुनरावेदन अदालत हेटौँडाबाट मिति २०४९।०३।१७ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत - कृतिबहादुर बस्नेत
कम्प्युटर : राधिका घोरासाइने
इति संवत् २०७९ साल भाद्र १० गते रोज ६ शुभम्।

**१३**

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री सुष्मालता माथेमा,** *०७४-CI-०६६६, जग्गा खिचोला, कुलबहादुर स्याङ्गदन तामाङ वि. किरण यादव*

मिसिल संलग्न ज.ध.प्र. पुर्जा, फिल्डबुक, नक्साको ट्रेस उतारलगायतका प्रमाण कागजात हेर्दा प्रतिवादीको कि.नं. ३९१ को क्षेत्रफल ०-०-७ र कि.नं. ३८९ को ०-०-४ गरी जम्मा क्षेत्रफल ०-०-११ रहेको देखिन्छ भने वादीको जग्गाको क्षेत्रफल हेर्दा कि.नं. ६५६ को १-९-०, कि.नं. ३९३ को ०-०-८ र कि.नं. २९२ को ०-०-२ गरी जम्मा १-१९-० जग्गा स्रेस्तामा देखिन्छ । वादीको उल्लिखित १-१९-० जग्गामध्ये वादी गुदर यादव एवम् प्रतिवादी किरण यादव भएको जग्गा खिचोला मुद्दामा निज किरण यादवले वादी गुदर यादवको जग्गा खिचोला गरेको ठहरी निजको अब कूल जग्गा १-१९-० मध्ये १-१४-२३/४ कायम हुन आएको देखिन्छ । मिसिल संलग्न रहेको निज गुदर यादव वादी किरण यादव प्रतिवादी भएको जग्गा खिचोला मुद्दामा भएको २०६०।५।१८ गतेको नक्सा मुचुल्कासमेत मिसिल संलग्न रहेको पाइन्छ । उक्त मिति २०६०।५।१८ को सो नक्सा मुचुल्का हेर्दा न.नं. १३ मा घर रहेको र सोदेखि दक्षिण नं. ६(क) कि.नं. ६५६ को जग्गा रहेको देखिन्छ। नापी नक्साको ट्रेस उतार र अदालतबाट मिति २०६३।४।२०, मिति २०६४।१०।१४ एवम् मिति २०६०।५।१८ को नक्सा मुचुल्कासमेत भिडाई हेर्दा नक्साको आकृति प्रकृति हेर्दा पूर्व पश्चिम राजमार्ग चौडा पारेकोबाहेक अन्य प्रकृतिमा परिवर्तन भएको नदेखिने।

अब, भइआएको नक्सा प्रकृति अध्ययन गरी हेर्दा न.नं. १ र २, ३ र ४ सडक (राजमार्ग) न.नं. ५ को क्षेत्रफल ०-०-३-१५३/४ नं. ६ को क्षे.फ. ०-०-१-१/२ न.नं. ७ को क्षे.फ. ०-०-४-९१/४ न.नं. ८ को क्षेत्रफल ०-०-५-० रहेको पाइन्छ । विवादित न.नं. ८ को पूर्वमा न.नं. ९ वादीको कि.नं. ३९३ को जग्गा, पश्चिममा अनुमानित साँध, दक्षिणमा न.नं. ९ को कि.नं. ६५६ को वादीको जग्गा र उत्तरमा न.नं. ६ सेफ्टी ट्याङ्की र न.नं. ७ प्रतिवादीका दुइवटा घरहरू रहेको पाइन्छ । अब विवादित न.नं. ८ को क्षेत्रफल हेर्दा ०-०-५-० देखिन्छ र सोमा न.नं. ८, ९ र ९"क" समेत मिसाउँदा जम्मा क्षेत्रफल ०-१-२-९३/४ नै देखिन्छ । अर्कोतर्फ प्रतिवादीको नं. ६ र ७ को घर जग्गा राजमार्गसँग जोडिएको देखिन्छ । प्रतिवादीको कि.नं. ३९१ र ३८९ को जग्गाको क्षेत्रफल ११ धुर भए पनि उक्त नक्सानुसार न.नं. ६ र ७ को प्रतिवादीको जग्गाको जम्मा क्षेत्रफल ०-५-९३/४ देखिन्छ । पूर्व पश्चिम राजमार्ग पटकपटक विस्तार हुँदा राजमार्गसँग जोडिएको जग्गा स्वाभाविक रूपमा राजमार्गमा पर्ने नै भयो। यस अवस्थामा हेर्दा एकातिर प्रतिवादीको जग्गा राजमार्गमा पर्दैआएको देखिन्छ भने अर्कोतर्फ वादीको जग्गा राजमार्गसँग नजोडिएको तर क्षेत्रफलसमेत कम भइरहेको अवस्था देखिएकाले विवादित न.नं. ८ को जग्गा प्रत्यर्थी वादीकै देखिने।

उपर्युक्तानुसारको विवेचनाबाट न.नं. ८ को

जग्गा प्रत्यर्थी वादीकै देखिएकाले सोमा यी पुनरावेदक प्रतिवादीले खिचोला गरेको ठहर गर्नुपर्नेमा सो नगरेको सुरूको फैसला उल्टी गरेको तत्कालिन पुनरावेदन अदालत जनकपुरबाट भएको मिति २०६९।१।१० को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत : इन्द्रबहादुर कठायत

कम्प्युटर : विकेश गुरागाई

इति संवत् २०७९ साल भदौ २९ गते रोज ४ शुभम्।

**१४**

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री सुष्मालता माथेमा,** *०७४-CR-०९२५, जालसाजी, कुलबहादुर स्याङ्गदन तामाङ वि. किरण यादवसमेत*

प्रतिवादी किरण यादव र कामेश्वर यादवले मिलोमतो गरी जग्गा खिचोला मुद्दा दिई सोमा भएको नक्सामा मेरो कि.नं. ३९१ को जग्गा र सोमा रहेको शौचालयको अस्तित्व लोप हुने गरी नक्सा बेहोरा लेखाएको भन्ने वादी दाबी सम्बन्धमा हेर्दा सो मुद्दामा मिति २०६०।५।१८ को नक्सा मुचुल्का अनुसार भएको इन्साफ हेर्दा प्रतिवादी किरण यादवले नै वादीको जग्गा खिचोला गरेको ठहर गरी फैसला भएको पाइन्छ। सो मुचुल्कामा उल्लेख भए अनुरूपकै बेहोरालाई प्रमाणको रूपमा ग्रहण गरी वादीको कि.नं. ३९१ को जग्गाको अवस्थिति र अस्तित्वमा सारभूत रूपमा प्रभाव पार्ने अवस्था रहेको पाइएन। सो कि.नं. ३९१ को जग्गा र सोमा बनेको शौचालय यी वादीकै हुने ठहरी तत्कालिन पुनरावेदन अदालत जनकपुरबाट दे.पु.नं. ०६-०६६-०४००२ को यसै मुद्दासँग लगाउ रहेको शौचालय घर जग्गा खिचोला मुद्दामा ठहर इन्साफ भएकोमा सो उपर परेको पुनरावेदन पत्र क्षेत्राधिकारको अभावमा खारेज हुने ठहरी यस अदालतबाट ०७०-CI-०३५० को शौचालय घर जग्गा मुद्दामा फैसला भई पुनरावेदन अदालत जनकपुरको मिति २०६९।१।१० को उक्त फैसला अन्तिम भइरहेको देखिँदा सोही नक्सा मुचुल्काको आधारमा निजको हकहितमा असर परेको भन्ने नदेखिने ।

आफ्नो जग्गा खिचोला गरेको भन्ने विषयमा यस मुद्दाका प्रतिवादी किरण यादवउपर कामेश्वर यादवले जग्गा खिचोला मुद्दा दायर गर्न पाउने निजको संवैधानिक तथा कानूनी हक नै रहन जाने र सोही आधार प्रमाणको ग्रहण गरी इन्साफमा समेत तात्विक असर पर्न गएको अवस्थासमेत विद्यमान भएको नदेखिँदा साधिकार निकाय अदालतमा मुद्दा परेको विषयमा कानूनबमोजिम भएको नक्सा मुचुल्काले आफ्नो हकमा असर पारेको भन्ने विषय विश्वास योग्य र प्रमाणबाट पुष्टि हुन नसकेको देखिँदा वादी दाबी पुग्न नसक्ने ठहरेको सुरूको फैसला सदर गरेको तत्कालिन पुनरावेदन अदालत जनकपुरको मिति २०६९।१।१० को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत : इन्द्रबहादुर कठायत

इति संवत् २०७९ साल भदौ २९ गते रोज ४ शुभम्।

**१५**

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री सुस्मालता माथेमा**, *०७१-CI-०६६९, बाटो खुलाइपाऊँ, कामेश्वर रायसमेत वि. श्रीवती देवी*

जनकपुर नगरपालिका वडा नं.८ बस्ने श्रीवतीदेवीको नाममा दर्ता रहेको कि.नं.३३३ को क्षेत्रफल ०-०-६ जग्गादेखि पूर्वतर्फबाट ६ फिट बाटो रहेकोमा निजले सो बाटो अवरोध गरेकाले खुलाइपाउँ भनी कामेश्वर रायसमेतका यी वादीहरूले जनकपुर नगरपालिकामा निवेदन दिएकोमा सावर्जनिक बाटो हो वा निजी जग्गा हो भन्ने सम्बन्धमा अदालतमा नालेस गर्न जानु भन्ने जनकपुर नगरपालिकाको मिति २०६२।१०।२४ को निर्णय अनुसार प्रस्तुत मुद्दा अदालतमा प्रवेश गरेको देखिन्छ। सोपूर्व पनि यिनै वादीहरूसमेतले प्रतिवादीले पास गरेको पक्की घर पर्खालका विषयमा बाटो निकास कायम गरिपाउँ भनी २०६२ सालमा नगरपालिकामै दिएको मु.नं.२७५१ को निवेदनमा पनि बाटो निकास बन्द भएको नदेखिएको भन्ने बेहोराको मिति २०६२।०३।०३ मा नगरपालिकाबाट निर्णयसमेत भएको पाइने।

सुरू जिल्ला अदालतबाट भइआएको नक्सा मुचुल्काको अध्ययन विश्लेषणबाट समग्र वस्तुस्थितिको

उजागर हुने हुँदा सोतर्फ हेर्दा पछिल्लो पटक मिति २०६८।०५।२२ मा भएको नक्सा प्रकृति मुचुल्कामा न.नं.१ कि.नं. ३५७ को वादी कामेश्वर रायको घर जग्गा, न.नं.२ कि.नं.३३३ को प्रतिवादीको जग्गा र सोमा बनेको घर तथा कल, न.नं. ३ प्रतिवादीकै कि.नं. ४२८ को जग्गा, न.नं.४ विवादित, न.नं.५ कि.नं.४०० को प्रतिवादीकै जग्गा, न.नं.६ गायत्रीदेवी झाको घरजग्गा, न.नं.७ राम दिनेश चौधरीको जग्गा, न.नं.८ विवेक झाको घर जग्गा, न.नं.९ वादी देवनाथ झाको घरजग्गा, न.नं. १० को ६ फिट चौडा बाटो र यसैगरी न.नं.१४ मूल सडक बाटोसमेत देखाइएको नक्सा प्रकृति मुचुल्का रहेको पाइयो। उपरोक्त नक्सा प्रकृति हेर्दा विवादित न.नं.४ प्रतिवादीको न.नं.५ कि.नं.४०० को जग्गासँग पूर्व पश्चिम जोडिएको देखिएका साथै सो न.नं.४ को पूर्वमा रहेको न.नं. १४ को सडकसँग फलामे गेट राखिएको देखिने।

सो जग्गाको पश्चिम प्रतिवादीकै कि.नं.३०० को घरजग्गा रहेको पाइन्छ भने सो न.नं. ४ को पश्चिम उत्तरमा न.नं.४ B को पर्खालले न.नं.२ को कि.नं.३३३ को प्रतिवादीकै घर जग्गासँग रहेको पाइन्छ। प्रतिवादीको न.नं.२ को घर जग्गाको ठिक उत्तरपूर्वमा १० फिटको बाटो रहेको पनि देखिन्छ। यसप्रकारको नक्सा प्रकृति मुचुल्का हेर्दा प्रतिवादीहरूको निकास बाटो न.नं.१० को बाटो रहेको पाइन्छ । आफ्नो निकास बाटो न.नं.१० मा रहेको पुनरावेदक वादीहरूले प्रतिवादीको कि.नं. ४०० न.नं. ४ र ५ तथा कि.नं.३०० न.नं.२ को जग्गाको ४ B को पर्खाल हटाई ४ A को गेटबाट न.नं.१४ को मूल सडकसम्म कायम गरिपाउँ भन्ने मुख्यध्यय राखेको देखियो । कि.नं. ३०० र ४०० प्रतिवादीको एकलौटी हकभोगको जग्गा रहेको र नापीको नक्सा ट्रेसलगायतका कुनैपनि कागजातमा बाटो नजनिएको घर जग्गाबाट नजिकको न.नं.१० को सडक बाटोबाहेक थप न.नं.१४ को सडक बाटोसम्म पहुँच कायम राख्ने वादीहरूको चेष्टा र दाबीतर्क पूर्ण र प्रमाणबाट पुष्टियोग्य पनि नदेखिने।

प्रत्यर्थी वादीले २०५९ सालमा घर जग्गाको नक्सा पास गर्दाकाबखत पूर्वपट्टि ६ फिटको बाटो रहेको भनी उल्लेख गरेको र भइआएको नक्सा प्रकृतिबाट समेत निजको घरदेखि उत्तरतर्फ न.नं.१० को बाटो यथावत नै रहेको देखिन्छ । प्रतिवादीको नाममा कायम रहेको न.नं.२, ३, ४ र ५ का जग्गाहरू नम्बरी आवादी र घर बनाई भोग गरी आएको देखिएको घर प्रतिवादीको न.नं.४ र ५ को जग्गाको उत्तर मुखमा कम्पाउण्ड लगाई घेरेको र दक्षिण पूर्वतर्फ फलामे गेट नै लगाई भोगी आएको अवस्थामा निजले आफूले खरिद गरी घर बनाई भोगी आएको जग्गामा निर्विवाद रूपमा भोग गर्ने र चलन गर्ने अधिकार प्रतिवादीसँग नै रहन जाने हुन्छ । न.नं.१ मा घर जग्गा भएको फिरादीको घर अगाडि ६ फिटे बाटो भएको र सो बाटोबाट सहजै निकास भइरहेको अवस्थामा प्रतिवादीले घर बनाउँदा घर अगाडि पूर्वतर्फ ६ फिटको बाटो छ भनी उल्लेख गरेको कार्यलाई गलत अर्थ लगाई निजको नम्बरी र खरिद गरेको जग्गामा बाटो कायम हुनुपर्छ भन्ने जिकिर मनासिब नदेखिने।

कि.नं.३३३ र ४०० का जग्गाहरू प्रतिवादीको एकलौटी हकभोगको जग्गा रहेको र सो मा निजले घर बसोबास गरेकोसमेत देखिएको एवम् साबिक नक्सा प्रिन्टमा सो मा बाटो रहेको नदेखिएको अवस्थामा अन्यत्र आफ्नो सहज निकास भइरहेका वादीहरूले प्रतिवादीको घर जग्गाबाट बाटो निकास पाउनुपर्छ भन्ने पुनरावेदन जिकिर समेतसँग सहमत हुन सकिने अवस्था नहुँदा सुरू फैसला उल्टी हुने ठहऱ्याएको तत्कालिन पुनरावेदन अदालत, जनकपुरको मिति २०७१।११।१९ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत : इन्द्रबहादुर कठायत

कम्प्युटर : राधिका घोरासाइने

इति संवत् २०७९ साल भाद्र २९ गते रोज ४ शुभम्।

**१६**

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री कुमार रेग्मी,** *०७३-CR-१३३६, ०७३-CR-१३३७, ०७३-CR-१३३८, कर्तव्य ज्यान, विजय रेग्मी वि. नेपाल सरकार, इन्द्रादेवी शर्मा रेग्मी वि. नेपाल सरकार,*

*गोकर्णदेव भट्ट वि. नेपाल सरकार*

प्रतिवादीहरूको अदालतको बयान हेर्दा वारदातस्थलको घरको छतमा छततर्फबाट चुकुल लगाइएकोले छिमेकीबाट उक्त चुकुल र ढोका फोडिएको भन्ने कथन रहेको देखिन आउँछ । तथापि घटनास्थल प्रकृति मुचुल्का हेर्दा प्रतिवादीहरूले भनेजस्तो घरको छतमा चुकुल लगाएको अवस्थामा रहेको र त्यसलाई फोडी छतमा प्रवेश गरिएको भन्ने आदि केही उल्लेख भएको नदेखिएबाट प्रतिवादीहरूले चुकुलका सम्बन्धमा लिएको जिकिर घट्नास्थल प्रकृति मुचुल्कासमेतबाट पुष्टि र समर्थित हुन आएको देखिएन । साथै वारदात स्थलको नजिक बाँसको भऱ्याङ्ग रहेको भन्ने प्रतिवादी विजय रेग्मीको यस अदालतको बयानबाट देखिन्छ । घरको छतमा छततर्फबाट चुकुल लगाएको भन्ने प्रतिवादीहरूको कथनलाई मान्ने हो भने पनि एकतले घरको छतमा बाँसको भऱ्याङ्गबाट जान आउन सकिने सम्भावनासमेत नकार्न मिल्ने नदेखिएबाट सोसमेत विचारणीय र शंकास्पद देखिने ।

प्रतिवादीहरूले मृतक ओमप्रकाश रेग्मीलाई मार्नुपर्नेसम्मको कारण हेर्दा प्रतिवादी इन्द्रादेवी रेग्मी र गोकर्णदेव भट्टबिचको सम्बन्धलाई लिएर ओमप्रकाश रेग्मी असन्तुष्ट रहेको र बेलाबेलामा सो विषयलाई लिएर विवाद सिर्जना गर्ने गरेको भन्ने घटना विवरण कागज गर्ने मानिसहरूको भनाइसमेतका मिसिल संलग्न कागजातबाट देखिन आउँछ । प्रतिवादी इन्द्रादेवी र गोकर्णदेव भट्टबिचको सम्बन्धलाई लिएर मृतक ओमप्रकाश रेग्मीले विवाद गरेपछि मृतक र यी प्रतिवादी इन्द्रादेवीबिच हात हालाहालको स्थिति उत्पन्न भएपछि तीनै जना प्रतिवादीहरू संलग्न भई मृतकमाथि हातपात गरेको भन्ने मिसिल संलग्न कागजात र प्रतिवादीहरूको मौकाको बयानबाट देखियो । मृतक माथि पुनः हातपात कुटपिट भएको सम्बन्धमा शव परीक्षण प्रतिवेदनले पुष्टि गरिरहेको देखिन्छ । उक्त प्रतिवेदनमा मृतकको दाहिने हात दरारिएको टाउकोपछाडि दरारिएको र मुख नाकमा घाउ रहेको देखिन्छ । शव परीक्षण प्रतिवेदनमा मृतक कट्टु गन्जी लगाएको देखिन्छ । आत्महत्या गर्ने निर्णय गरेको व्यक्ति सुत्ने समयमा जस्तो कट्टु र गन्जी लगाएर विष सेवन गरेको हो भन्ने तथ्य नै विश्वसनीय देखिँदैन । तसर्थ तिनै जना प्रतिवादी मिली मुखमा विष पार्दा साथ सास फेर्दासमेत भित्र प्रवेश गरी ज्यान लिने विष सेवन गराई मृतकको हत्या गरिएको आरोप पुष्टि भएको देखिने ।

मृतकको शव परीक्षण गर्ने डा. कालिदास अधिकारीले यस अदालतसमक्ष गर्नुभएको बकपत्र हेर्दा स.ज. ९ मा आल्मुनियम फोस्फाइड बेहोस भएको मानिसलाई खुवाई मार्न सकिन्छ सकिँदैन भन्ने सवालमा पूर्णबेहोस भएको अवस्थामा निल्न कठिन हुन्छ । अर्धबेहोस भएको अवस्थामा निल्न सक्छ । फस्फाइड (सेल्फस) मुखभित्र पर्दा पनि सोसिन सक्छ भन्ने बेहोराको बकपत्र गरेको देखिन्छ । यी समग्र परिस्थिति र तथ्य हेर्दा मृतकलाई यी तिनै जना प्रतिवादीहरूले कुटपिट गरेपश्चात् निज छतमा पल्टेको समयमा निजलाई विष सेवन गराएको भन्ने तथ्य स्थापित हुन आएको देखिन्छ । तसर्थ उल्लिखित तथ्य आधार, बुँदा र विश्लेषणबाट सुरूमा मृतक ओमप्रकाश रेग्मीमाथि हातपात र कुटपिटसमेत गरी तत्पश्चात् प्रतिवादीहरूको आपसी मिलेमतो र सल्लाहमा मृतकलाई विष खुवाइ कर्तव्य गरी मारेको भन्ने तथ्य स्थापित हुन आएकोले यी प्रतिवादीहरूले अभियोग दाबीबमोजिमको कसुर गरेको पुष्टि हुने ।

प्रतिवादीहरूले मृतक ओमप्रकाश रेग्मीलाई सुरूमा हातपात र कुटपिटसमेत गरी तत्पश्चात् विष खुवाइ कर्तव्य गरी मारेको देखियो । प्रस्तुत मुद्दामा प्रतिवादीहरूले मृतकलाई मार्न घातक र जोखिमी हतियारको प्रयोग नगरी सामान्य हातपात र कुटपिटपश्चात् विष खुवाइ मारेको देखिन आयो । अतः प्रतिवादीहरू इन्द्रादेवी रेग्मी, विजय रेग्मी र गोकर्णदेव भट्टलाई अभियोग दाबीबमोजिम मुलुकी ऐन, ज्यानसम्बन्धीको १ र १३(२) नं. विपरीतको कसुर अपराधमा सोही ऐनको १३(२) नं. बमोजिम सर्वस्वसहित जन्म कैदको सजाय हुने ठहरेको सुरू फैसला सदर गरेको उच्च अदालत पाटन, हेटौँडा

इजलासको फैसला मिलेकै देखिँदा सदर हुने।
इजलास अधिकृत : इन्द्रबहादुर कठायत
कम्प्युटर : विकेश गुरागाई
इति संवत् २०७९ साल भदौ २६ गते रोज १ शुभम्।

## इजलास नं.४

### १७

**मा.न्या.श्री अनिलकुमार सिन्हा र मा.न्या.श्री सुष्मालता माथेमा,** *०७८-WO-०१५०, उत्प्रेषण / परमादेशसमेत, डा.संजिवकुमार सिंह वि. प्रदेश लोक सेवा आयोगको कार्यालय जनकपुरधाम, धनुषासमेत*

निवेदक तत्कालिन अवस्थामा नेपाल स्वस्थ्य सेवा जे.हे.स. समूहको वरिष्ठ मेडिकल सुपरिटेन्डेन्ट पदबाट सोही पद सरहको पदमा कामकाज गर्ने गरी कर्मचारी समायोजन ऐन, २०७५ बमोजिम प्रदेश नं.२ मा समायोजन भएको देखिन्छ। उक्त ऐनको दफा १५ मा सङ्घीय निजामती सेवा ऐनका आधारभूत मूल्य र मान्यता अनुसार प्रदेश तथा स्थानीय तहका कर्मचारी सेवा, सर्तसम्बन्धी कानून बनाउनुपर्ने भनी सङ्घीय निजामती सेवा ऐनलाई मार्गदर्शनको रूपमा लिएको देखिन्छ। निवेदक लामो समयदेखि स्वास्थ सेवाअन्तर्गतको सेवा समूहमा रही तहतह रूपमा बढुवा भई हालको पदमा पुगेको देखिन्छ। सो बढुवा प्रयोजनको लागिसमेत कहीँकतै कानूनी रूपमा सेवाकालीन तालिमलाई बाध्यात्मक रूपमा तोकेकोसमेत देखिँदैन। तत्कालिन प्रदेश नं.२ को प्रदेश निजामती सेवा ऐन, २०७७ को ३३ (१) मा "बढुवा समितिले ज्येष्ठता र कार्यसम्पादन मूल्याङ्कनको आधारमा बढुवाको लागि सिफारिस गर्दा बढुवाको लागि सम्भाव्य उम्मेदवार भएको ज्येष्ठ कर्मचारीलाई देहायबमोजिमको आधारमा सिफारिस गर्ने छ" भनी ऐ.को उपदफा (क) मा "बढुवाको लागि सम्भाव्य उम्मेदवार हुन जति वर्षको सेवा अवधि आवश्यकपर्ने हो पछिल्लो त्यति वर्षको कार्यसम्पादन मूल्याङ्कनको औसत असी प्रतिशत वा सोभन्दा बढी अङ्क प्राप्त गरेको" ऐ.को उपदफा (ख) मा "दफा ३० बमोजिम बढुवाको लागि आवश्यकपर्ने न्यूनतम योग्यता हाँसिल गरेको" र ऐ को उपदफा (ग) मा "बढुवा हुने पदभन्दा एक तहमुनिको पदमा सम्बन्धित सेवा समूह वा उपसमूहसँग सम्बन्धित विषयमा तीस कार्य दिन वा सोभन्दा बढीको सेवाकालीन तालिम लिएको" भनी बढुवा सिफारिस हुने आधारहरू राखेको देखिन्छ। उक्त कानूनी व्यवस्थाले सम्भावित उम्मेदवारहरूलाई बढुवाका विभिन्न योग्यताका आधारहरूमध्ये सेवाकालीन तालिमलाई थप योग्यताको आधारको रूपमा लिएको देखिन्छ। उक्त तालिम नलिएको आधारमा मात्र बढुवा प्रयोजनको प्रक्रियामा नै सहभागिता हन नसक्ने भन्ने अर्थ लगाउन मिल्ने पनि देखिँदैन। सेवा सञ्चालन गर्ने निकाय स्वास्थ्य मन्त्रालयसमेतले यस प्रकारको तालिम सञ्चालन नभएको भनी लिखित जवाफमा उल्लेख गरेको देखिन्छ। प्रदेश कानूनले बढुवाको सम्भाव्य उम्मेदवार हुनकोनिमित्त तालिमलाई एउटा अनिवार्य योग्यताको रूपमा लागुगरेको नभई सम्भाव्य उम्मेदवारहरूमध्ये त्यस्तो तालिम लिएकाको हकमा योग्यताका थप मानक हुन सक्नेसम्मको अवस्था रहेको पाइन्छ। निवेदकको निवेदन जिकिरको सम्बन्धमा यस अदालतबाट मिति २०७८।५।२० मा विपक्षीहरूको नाममा अन्तरिम आदेशसमेत जारी भई सो आदेशले निरन्तरता पाएको देखिन्छ। यी निवेदकले बढुवा प्रयोजनको लागि तालिम लिएको नभए तापनि अन्य योग्यताहरू हासिल गरिसकेको, यस प्रकारको तालिम दिने व्यवस्था हालसम्म नरहेको, निवेदकले यसभन्दा अगाडिका पदहरूमा बढुवा प्रक्रियामा सहभागी हुँदासमेत तालिमको आवश्यक नरहेको, प्रदेश तथा स्थानीय सेवासम्बन्धी कानूनलाई मार्गदर्शन गर्ने सङ्घीय निजामती सेवा ऐन हालसम्म तर्जुमा भई लागु भई नसकेको र सम्बन्धित प्रदेश निजामती सेवा ऐन तथा सेवा सञ्चालन गर्ने निकायसमेतले यस सम्बन्धमा स्पष्टखाका तयार गरी लागु नगरेको अवस्थामा निवेदकलाई बढुवा प्रक्रियामा सहभागी हुनबाट नै वञ्चित गर्ने गरी गरिएको विपक्षीहरको

कार्यबाट निजको संवैधानिक र कानूनी हकसमेत कुण्ठित हुन जाने।

प्रदेश लोक सेवा आयोग, तत्कालिन प्रदेश नं.२ हाल मधेश प्रदेशको मिति २०७८।०४।२७ को निवेदकको बढुवा दरखास्त फाराममा कैफियत जनाई फारम दर्ता नगरी फिर्ता दिने कार्यसँग सम्बन्धित रहेर गरेका निर्णयलगायतका कामकारबाही उत्प्रेषणको आदेशले बदर गरिदिएको छ । अब, निवेदकको प्रदेश निजामती सेवाको अधिकृत एघारौँ तहको प्राविधिक पदको बढुवा सूचना नं. ४८/०७७-७८ मिति २०७८।३।३१ मा प्रकाशित सूचना अनुसारको स्वास्थ्य सेवा, जनरल हेल्थ सर्भिसेज समूहको एघारौँ तह (प्राविधिक) को दरखास्त फारम दर्ता गरी बढुवा प्रक्रियामा सहभागी गर्नु गराउनु भनी विपक्षी प्रदेश लोक सेवा आयोग, प्रदेश नं.२ हाल मधेश प्रदेशसमेतको नाममा परमादेशको आदेशसमेत जारी हुने।

इजलास अधिकृत : बासुदेव पाण्डे

कम्प्युटर : विष्णुदेवी श्रेष्ठ

इति संवत् २०७९ साल भाद्र २ गते रोज ५ शुभम्।

## इजलास नं.५

### १८

**मा.न्या.श्री प्रकाशमान सिंह राउत र मा.न्या.डा.श्री मनोजकुमार शर्मा**, *०७३-CR-१७२४, जालसाजी, बद्रीराम शाहीसमेत वि. पुनम शाहीसमेत*

पुनरावेदक वादीहरू एवम् प्रत्यर्थी प्रतिवादीमध्येकी पुनम शाही स्वर्गीय रत्नबहादुर शाहीका छोरा छोरी भएकोमा विवाद देखिँदैन। निज रत्नबहादुर बिरामी परी विभिन्न अस्पतालहरूमा उपचार गराएको भन्ने कुरा मिसिल संलग्न कागजातबाट देखिन्छ । प्रत्यर्थी प्रतिवादीमध्येकी पुनम शाहीले आफ्ना पिता र यी पुनरावेदक दाजुहरूसमेतउपर अंश मुद्दा गरी अंश पाउने ठहर फैसला भए पनि बन्डा छुट्याउन बाँकी रहेको भन्ने दुवै पक्षले तत्कालिन पुनरावेदन अदालत पाटन र यस अदालतमा दिएको पुनरावेदन लेखबाट देखिन्छ। यी पुनरावेदकहरूका पिता स्वर्गीय रत्नबहादुरले आफू बिरामी भएको अवस्थामा यी पुनरावेदक छोराहरू तथा प्रत्यर्थी छोरी पुनम शाहीबिच सम्पत्ति बाँडफाँड सम्बन्धमा भेदभाव गर्नुपर्ने अवस्था र स्थिति मिसिलबाट देखिन आउँदैन। अन्यथा प्रमाणित नभएसम्म सो कुरालाई अदालतले अनुमान गर्न मिल्ने पनि हुँदैन। यस स्थितिमा शेषपछिको बकसपत्र गरिदिने रत्नबहादुर शाही र लिने पुनम शाही भई र.नं. १२१०ग मिति २०६७।०९।०७ मा पारित उक्त लिखत निज रत्नबहादुर शाहीले अचेत अवस्थामा गरिदिएको भनी अनुमान गर्न मिल्ने नदेखिँदा सगोलका अंशियारमध्ये जोसुकैको नाउँमा रहेको सम्पत्ति अन्यथा प्रमाणित नभएसम्म सगोलको हुने र कानूनबमोजिम आआफ्नो हक हिस्सा पाउने नै हुँदा र.नं. १२१०ग मिति २०६७।०९।०७ मा पारित उक्त शेषपछिको (अष्टलोह) बकसपत्र लिखतलाई जालसाज घोषित गरिरहनुपर्ने अवस्था देखिएन । साथै, यसै लगाउको मु.नं ०७२-CI-०३६० को दूषित शेषपछिको बकसपत्र लिखत बदर मुद्दाबाट वादीहरूको हकजति ३ भागको २ भाग लिखत बदर हुने ठहऱ्याएको सुरू फैसला सदर गरेको तत्कालीन पुनरावेदन अदालत पाटनको फैसला सदर हुने ठहरी आज यसै इजलासबाट फैसला भएको र उक्त मुद्दाबाट यी पुनरावेदकहरूले आआफ्नो हिस्सा पाइसकेकोले उक्त बकसपत्र लिखतबाट यी पुनरावेदक वादीहरूको हकमा असर परेको मान्न मिलेन। तसर्थ, जालसाजीतर्फको वादी दाबी पुग्न नसक्ने ठहऱ्याएको सुरू फैसला सदर गरेको तत्कालीन पुनरावेदन अदालत पाटनको फैसला मनासिब नै देखिँदा सुरू तथा पुनरावेदन अदालतको फैसला उल्टी गरी र.नं. १२१०ग, मिति २०६७।०९।०७ मा पारित उक्त शेषपछिको बकसपत्र लिखत जालसाज घोषित गरिपाउँ भन्ने वादीहरूको पुनरावेदन जिकिर स्वीकारयोग्य नदेखिने।

अतः माथि उल्लिखित आधार, कारणबाट सुरू काठमाडौं जिल्ला अदालतबाट मिति २०६९।१२।२२ मा भएको फैसला सदर हुने

ठहऱ्याएको तत्कालीन पुनरावेदन अदालत पाटनको मिति २०७१।०७।०३ को फैसला मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृत : यज्ञमूर्ति ज्ञवाली

कम्प्युटर : मन्जिता ढुंगाना

इति संवत् २०७९ साल माघ १७ गते रोज ३ शुभम् ।

**१९**

**मा.न्या.श्री प्रकाशमान सिंह राउत र मा.न्या.डा.श्री मनोजकुमार शर्मा,** *०७२-CI-१९२३, ० ७२-CI-१९२४, ०७३-CI-०९२१, घरजग्गा सगोलनामा लिखत दर्ता बदर, पूर्णकेशरी श्रेष्ठ वि. अरूणा कार्की, सन्तोष श्रेष्ठ वि. अरूणा कार्की, निशा श्रेष्ठसमेत वि. अरूणा कार्की*

पुनरावेदक प्रतिवादी पूर्णकेशरी श्रेष्ठको नाममा रहेको वादी दाबीको सम्पत्ति केवल पूर्णकेशरीको एकलौटी हकको सम्पत्ति भई स्त्री अंशधनको महलअन्तर्गत आफूखुसी गर्न पाउने हो वा प्रत्यर्थी वादीहरूकोसमेत अंश हक लाग्ने सम्पत्ति हो ? सो सम्बन्धमा विचार गर्दा, पुनरावेदक प्रतिवादी पूर्णकेशरीले आफ्ना पति कृष्णमानसँग मिति २०४२।४।२७ मा र.नं. ५७०२ बाट अंश छोडपत्रको माध्यमबाट पतिसँग अंश बुझिलिएको भन्ने मिसिल संलग्न उक्त कागजको प्रतिलिपिबाट देखिन्छ। प्रतिवादीले अरू पनि अंशियार छन अ.बं. १३९ नं. बमोजिम बुझी यकिन गरिपाउँ भनी लिएको जिकिर अनुसार प्रत्यर्थी प्रतिवादी सन्तोष श्रेष्ठले सुरू अदालतमा कागज गर्दा बाबु कृष्णमानको २०६४ सालमै मृत्यु भइसकेको, पूर्णकेशरीको सौता धनमायाका राजेन्द्र, जितेन्द्र र रेखासमेतका सन्तान रहेकामा सबैजना नेपालमा बसोबास नगरी भारतमा बसोबास गरेको, नेपालमा कुनै सम्पत्ति रहे भएको भए २०६४ सालमा बाबुको मृत्युपश्चात् आफ्नो हक कायम गराई लिएको भनी बेहोरा लेखाई सोतर्फ छुट्टै कुनै जिकिर नै लिन नसकेको अवस्थामा यी पुनरावेदक प्रतिवादी सन्तोष श्रेष्ठको अंश हक अलग्गै नरहेकोले पूर्णकेशरीका नामको जग्गामा निजको अंश हक नलाग्ने भनी अर्थ गर्न नमिल्ने।

पुनरावेदक प्रतिवादी पूर्णकेशरी श्रेष्ठले मिति २०४२।०४।२७ मा आफ्ना पनि कृष्णमानबाट अंश बुझेको देखिन्छ भने निज अंश बुझी छुट्टी भिन्न भएपश्चात् मिति २०४२।०५।२० मा यी पुनरावेदक प्रतिवादी सन्तोष श्रेष्ठको जन्म भएको भन्ने मिसिल संलग्न निजको नागरिता प्रतिलिपिबाट देखिन्छ । पुनरावेदक प्रतिवादी पूर्णकेशरी श्रेष्ठले अंश बुझी लिएको उक्त मिति २०४२।०४।२७ को लिखतमा यी पुनरावेदक प्रतिवादी सन्तोषको अंश भाग बाबु कृष्णमानको जिम्मामा रहने हो वा के हुने हो भन्नेसमेत उक्त लिखतमा उल्लेख भएको देखिँदैन र जन्मी नसकेको सन्तानको हकमा उक्त कुरा उल्लेख गर्नु सामान्यतया सान्दर्भिकता पनि हुँदैन । पुनरावेदक प्रतिवादी पूर्णकेशरीका पति कृष्णमानको २०६४ सालमै मृत्यु भइसकेको भन्ने पनि मिसिलबाट देखिन्छ। पुनरावेदक प्रतिवादी सन्तोष श्रेष्ठको जन्मपश्चात् निज आफ्नी आमा यी पुनरावेदक प्रतिवादी पूर्णकेशरीको साथमा रही हुर्की बढी आमासँग सगोलमा रहँदाकै अवस्थामा निजको प्रत्यर्थी वादी अरूणा कार्कीसँग विवाह भएको भन्ने पनि मिसिलबाट देखिन्छ । पूर्णकेशरीको अंश भागमा परेको सम्पत्तिमा बन्डा छुट्याइसकेपश्चात् जन्मेका पूर्णकेशरीका छोरा यी प्रत्यर्थी प्रतिवादी सन्तोषकोसमेत स्वतः अंश हक सन्निहित रहेको मान्नुपर्ने अवस्था देखिएकोबाट प्रतिवादी सन्तोषबाट अंश प्राप्त गर्ने यी प्रत्यर्थी वादीहरूको अंश सो सम्पत्तिमा समेत लाग्नेमा कुनै द्विविधा देखिएन । यसरी पुनरावेदक प्रतिवादी पूर्णकेशरीका आफ्नै छोरा बुहारी तथा नातिनी यी प्रत्यर्थी वादीसमेतको अंश हक लाग्ने विवादित सम्पत्तिमा पुनरावेदक प्रतिवादी पूर्णकेशरीलाई तत्काल प्रचलित मुलुकी ऐन, स्त्री अंशधनको महलमा व्यवस्था भए अनुरूपको आफूखुस गर्न पाउने अधिकार निहित रहेको सम्पत्ति मान्न मिल्ने अवस्था नदेखिने।

एकासगोलको सम्पत्तिमा पुनरावेदक प्रतिवादी पूर्णकेशरीलाई अंशबन्डाको १९ नं. र लेनदेन व्यवहारको १० नं. बमोजिम वादीहरूको

मन्जुरी बेगर आफूखुस गर्न पाउने अधिकार प्राप्त हुने हो वा होइन ? भन्नेतर्फ विचार गर्दा, उक्त सम्पत्ति पैतृक सम्पत्ति रहेकोमा विवाद देखिन नआएपछि सो सम्पत्तिमा अंशबन्डाको १९(१) नं. बमोजिम आधासम्म व्यवहार चलाउनलाई आफूखुस गर्न पाउने अवस्था भएपनि के कस्तो व्यवहार चलाइएको थियो, सो पुष्टि गर्नुपर्ने हुन्छ । विवादित कि.नं. ६५ को घरजग्गामा अन्य दुई जनाको समेत हक स्थापना हुने गरी सगोलनामा खडा गरिएकोमा कुनै प्रतिफल प्राप्त हुन गएको र उक्त प्रतिफलबाट सगोल परिवारका वादीहरूसहितका व्यक्ति लाभान्वित हुन पुगेको भनी न त यी पुनरावेदक प्रतिवादीहरूले नै प्रमाणित गर्न सकेको देखिन्छ न त मिसिल संलग्न प्रमाणबाट नै उक्त तथ्य पुष्टि हुन आएको देखिन्छ । यस अवस्थामा विवादित सगोलनामाको लिखतबाट वादी प्रतिवादीहरूको कुनै व्यवहार चलेको अवस्था नदेखिँदा उक्त सम्पत्ति पुनरावेदक प्रतिवादी पूर्णकेशरी श्रेष्ठले आफूखुसी गर्न पाउने अवस्थाको सम्पत्ति हो भनी अनुमान गर्न मिलेन । विवादित सगोलनामाको लिखत गरी कि.नं. ६५ को जग्गामा प्रत्यर्थी प्रतिवादीमध्येका निशा श्रेष्ठ र अनिशा श्रेष्ठसमेतको साम्पत्तिक हक सिर्जना हुनु र उक्त सम्पत्ति दानबकस गरी अरूलाई दिनुमा लिखतको प्रकृतिमा भिन्नता रहे पनि दातालाई हुने आर्थिक लाभ र आत्मसन्तुष्टिमा खासै अन्तर नदेखिने । प्रत्यर्थी वादी अरूणा कार्कीले आफ्नो नाबालक छोरी सयनाको हकमा समेत तत्काल प्रचलित बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ५० समेतको दाबी लिई संरक्षकका हैसियतले आफ्ना हकमा समेत फिराद गरेकोमा वादी अरूणाको हकमासम्म लिखत बदर हुने गरी सुरूले गरेको फैसला मिलेको देखिए तापनि नाबालक सयना श्रेष्ठको हकमा वादी दाबी नपुग्ने ठहर्‍याएको सुरू फैसला सो हदसम्म  मिलेको नदेखिँदा उक्त फैसला सो हदसम्म केही उल्टी गरी नाबालक सयना श्रेष्ठको हकमा समेत वादी दाबीबमोजिम लिखत बदर हुने ठहर्‍याएको तत्कालीन पुनरावेदन अदालत पाटनको फैसला अन्यथा नदेखिँदा प्रतिवादीहरूको पुनरावेदन जिकिर, यस अदालतबाट प्रत्यर्थी झिकाउँदा लिएको आधार तथा पुनरावेदकहरूको तर्फबाट उपस्थित विद्वान् कानून व्यवसायीहरूको बहस बुँदासँग सहमत हुन नसकिने ।

वादी दाबी अनुरूप लिखत बदर हुने ठहर गर्नुपर्नेमा वादी अरूणाको हकमा सम्म लिखत बदर हुने र वादी नाबालिका सयना श्रेष्ठको हकमा लिखत बदर नहुने ठहर्‍याएको सुरू काठमाडौं जिल्ला अदालतको मिति २०७०।०९।०९ को फैसलामध्ये वादी नाबालिका सयना श्रेष्ठको हकमा लिखत बदर नहुने ठहर्‍याएको सो हदसम्म केही उल्टी गरी फिराद दाबीबमोजिम वादी नाबालिक सयना श्रेष्ठको हकमा समेत लिखत बदर हुने ठहर्‍याएको तत्कालीन पुनरावेदन अदालत पाटनको मिति २०७२।०९।१२ को फैसला मिलेको देखिँदा सदर हुने ।

इजलास अधिकृत : यज्ञमूर्ति ज्ञवाली

कम्प्युटर : मन्जिता ढुंगाना

इति संवत् २०७९ साल माघ १७ गते रोज ३ शुभम् ।

## २०

**मा.न्या.श्री प्रकाशमान सिंह राउत र मा.न्या.डा.श्री मनोजकुमार शर्मा**, *०७३-CI-०७७६, दाखेल खारेज बदर र नक्सा सुधार, जागेश्वर यादव वि. विन्देश्वर यादव*

पुनरावेदक तथा प्रत्यार्थी/वादीबिचमा चलेको अंश मुद्दामा मिति २०४५।१२।०६ मा भएको मिलापत्रमा कि.नं. १७ को ०-२-९ मध्ये पूर्व उत्तरतर्फबाट ०-१-४१/२ जग्गा यी पुनरावेदक जागेश्वर यादवको अंश भागमा पर्ने र सो जग्गाको दक्षिणबाट ०-१-४१/२ जग्गा प्रत्यर्थी विन्देश्वर यादवको अंश भागमा पर्ने भनी उल्लेख भएको देखिन्छ । उक्त मिलापत्रबमोजिम मालपोत कार्यालय, सप्तरीबाट मिति २०५८।१२।२० मा दाखेल खारेज दर्ता गर्ने क्रममा तर्फ नमिलेको भनी मिलापत्र उल्लेख गरेको तर्फभन्दा फरक पारी यी पुनरावेदक/प्रतिवादी जागेश्वर यादवले एकतर्फी रूपमा कित्ताकाट गराई दाखेल खारेज गरेको देखिन्छ । अंश मुद्दामा मिलापत्र गर्दा यदि जग्गाको तर्फ नमिलेको स्थिति भएमा सरोकारवाला अंशियार दुवै पक्षलाई

रोहवरमा राखी कित्ताकाट गर्नुपर्नेमा सोबमोजिम कित्ताकाट भए गरेको देखिँदैन । यसै लगाउको जग्गा खिचोला घर उठाई चलन मुद्दाको सुरू मिसिल हेर्दा मिति २०६४।०३।१७ मा भई आएको नक्सा मुचुल्काको न.नं.१ मा जागेश्वरको घर भइ भोगसमेत रहेको र उक्त न.नं. १ को जग्गा सर्वे कि.नं.१७/३८४ को उत्तरतर्फ पर्न आएको देखिन्छ । त्यस्तैगरी न.नं. ७ र न.नं. ६ अर्थात् सर्वे कि.नं. १७/३८५ को जग्गा उक्त कित्ताको पूर्वतर्फ पर्न आएको देखिन्छ । उल्लिखित अंश मुद्दाको मिलापत्रमा कि.नं. १७ को ०-२-९ मध्ये पूर्व उत्तरतर्फबाट ०-१-४१/२ जग्गा जागेश्वर यादवको अंश भागमा परेको भनी उल्लेख भएबाट कि.नं. १७ को पूर्व विन्दुमा यी पुनरावेदक/प्रतिवादी जागेश्वर यादवको हुने हुँदा सोहीबमोजिम भोग र मिलापत्रको आधारमा कित्ताकाट हुनुपर्नेमा सोबमोजिम नभएकोमा कुनै विवाद देखिएन । कि.नं. १७ को पूर्वी विन्दु भनेको न.नं. ७ को जग्गा भएकाले मिलापत्रबमोजिम सो जग्गा यी पुनरावेदक/प्रतिवादी जागेश्वर यादवको अंश भागमा पर्नुपर्नेमा मालपोत कार्यालय, सप्तरीबाट कित्ताकाट भई दाखेल खारेज दर्ता हुँदा सोबमोजिम भएको देखिँदैन । यस्तो स्थितीमा मिलापत्रबमोजिम अंशबन्डा भएको कि.नं.१७ को जग्गाको उत्तर विन्दु र पूर्व विन्दु जागेश्वर यादवको हुनुपर्ने नै हुँदा सो अनुसार कित्ताकाट नभई सोझै उत्तरबाट कित्ताकाट गरी जागेश्वर यादवको नाममा गरेको दाखेल खारेज र उक्त कित्ताकाट नक्सासमेत बदर गरी कि.नं. १७ को जग्गाको वर्गाकार जग्गाबाट आधा उत्तरबाट दक्षिणको लम्बाइ जग्गाको पूर्वबाट आधा बराबर जग्गा पर्ने गरी नक्सा सुधार गरी सोही अनुसार दाखेल खारेजसमेत हुने ठहर गरी सुरू जिल्ला अदालतले गरेको फैसला सदर हुने ठहर्‍याइ पुनरावेदन अदालत राजविराजबाट भएको फैसलालाई अन्यथा भन्न मिल्ने देखिएन । उक्त फैसला बदर गरी मिति २०४५।१२।०६ को मिलापत्रबमोजिम मालपोत कार्यालय, सप्तरीबाट मिति २०५८।१२।२० मा भएको कित्ताकाट दाखेल खारेज नै सदर कायम हुनुपर्छ भन्ने प्रतिवादी जागेश्वर यादवको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने ।

पुनरावेदक/प्रतिवादी जागेश्वर यादवले जग्गाको तर्फ नमिलेको भनी दिएको निवेदन अनुसार एकतर्फी रूपमा कित्ताकाट दाखेल खारेज भएको, जग्गाको तर्फ नमिलेको भए दुवै पक्षलाई रोहवरमा राखी कित्ताकाट दाखेल खारेज गर्नुपर्नेमा सो नगरी एकतर्फी रूपमा कित्ताकाट दाखेल खारेज गराई जग्गाधनी प्रमाण पुर्जा प्राप्त गरेको अवस्था देखिएबाट यस अदालतबाट मुद्दा दोहोर्‍याइ हेर्ने निस्सा प्रदान गर्ने आदेशमा विवादित जग्गाको कित्ताकाट गरी दुवै पक्षले जग्गाधनी दर्ता प्रमाणपुर्जासमेत बनाई स्वीकार गरिसकेको भनी लिइएको आधार स्वीकारयोग्य नदेखिने ।

यिनै पुनरावेदक र प्रत्यर्थीबिचमा चलेको अंश मुद्दामा मिति २०४५।१२।०६ मा भएको मिलापत्रबमोजिम अंशबन्डा भएको कि.नं. १७ को जग्गाको उत्तर विन्दु र पूर्व विन्दु जागेश्वर यादवको हुनुपर्ने नै हुँदा सो अनुसार कित्ताकाट नभई सोझै उत्तरबाट कित्ताकाट गरी जागेश्वर यादवको नाममा गरेको दाखेल खारेज र कित्ताकाट नक्सासमेत बदर गरी कि.नं. १७ को जग्गाको वर्गाकार जग्गाबाट आधा उत्तरबाट दक्षिणको लम्बाइ जग्गाको पूर्वबाट आधा बराबर जग्गा पर्ने गरी नक्सा सुधार गरी सोही अनुसार दाखेल खारेजसमेत हुने ठहर गरी सुरू जिल्ला अदालतले गरेको मिति २०६७।०८।०८ को फैसला सदर हुने ठहर्‍याइ पुनरावेदन अदालत राजविराजबाट मिति २०६९।११।०१ मा भएको फैसला मिलेको देखिँदा सदर हुने ।

इजलास अधिकृत : शिवप्रसाद पराजुली

कम्प्युटर : मन्जिता ढुंगाना

इति संवत् २०७९ साल फाल्गुण १४ गते रोज १ शुभम् ।

**२१**

**मा.न्या.श्री प्रकाशमान सिंह राउत र मा.न्या.डा.श्री मनोजकुमार शर्मा,** *०७३-CI-०७७७, जग्गा खिचोलासमेत, जागेश्वर यादव वि. विन्देश्वर यादवसमेत*

पुनरावेदक/वादी जागेश्वर यादवको पुनरावेदन

जिकिरतर्फ हेर्दा, यी पुनरावेदकले सुरू अदालतमा दिएको फिरादपत्रमा विवादित जग्गामा विपक्षी विन्देश्वर यादवसमेतले मिति २०६२।१२।२५ देखि सुरू गरी मिति २०६३।०१।१६ गतेमा पक्की घर तयार गरेको भनी दाबी लिएको देखिन्छ । तत्कालीन मुलुकी ऐन, घर बनाउनेको महलको ११ नं. मा "जग्गा मिची घर बनाएकोमा घर तयार भएको मितिले एक वर्षभित्र नालिस नदिए लाग्न सक्तैन" भन्ने व्यवस्था रहेको पाइन्छ। ऐनमा रहेको उल्लिखित अभिव्यक्तिबाट कसैले अर्काको जग्गा मिची घर बनाएकोमा घर तयार भएको मितिले एक वर्षभित्र सम्बन्धित अदालतमा फिराद दिई सक्नुपर्ने अन्यथा हदम्यादको कारणले फिराद नलाग्ने भन्ने देखिन्छ । यस परिप्रेक्ष्यमा हेर्दा प्रस्तुत मुद्दामा यी पुनरावेदक/वादी जागेश्वर यादवको जग्गासमेत मिची प्रत्यार्थी/प्रतिवादी विन्देश्वर यादवसमेतले मिति २०६३।०१।१६ मा नै पक्की घर तयार पारेको भनी निजले नै फिरादमा दाबी लिएबाट निजले आफ्नो जग्गासमेत मिची घर बनाएउपर मिति २०६४।०१।१६ भित्रै फिराद दिनुपर्नेमा सो नगरी निजले मिति २०६६।०५।१५ मा मात्र सुरू अदालतमा फिराद दायर गरेको देखिँदा प्रस्तुत मुद्दामा यी पुनरावेदक/वादीको फिराद हदम्यादभित्र परेको देखिन आएन । साथै, यसै लगाउको मुद्दा नं. ०७०-CI-०७७६ दाखेल खारेज बदर नक्सा सुधार मुद्दामा यी पुनरावेदक/वादी जागेश्वर यादवले कित्ताकाट गराएको सो कित्ताकाट बदर भई कि.नं. १७ को जग्गाको वर्गाकार जग्गाबाट आधा उत्तरबाट दक्षिणको लम्बाइ जग्गाको पूर्वतर्फबाट आधा, बराबर जग्गा पर्ने गरी नक्सा सुधार गरी सोही अनुसार दाखेल खारेजसमेत हुने ठहर गरी पुनरावेदन अदालत राजविराजबाट भएको फैसला सदर भई आजै यसै इजलासबाट फैसला भएकाले सो मुद्दामा लिएको आधार, प्रमाणसमेतबाट खिचोला मेटाई घर उठाई पाउँ भन्ने वादी दाबी पुग्न नसक्ने ठहर गरी सुरू जिल्ला अदालतले गरेको फैसला सदर हुने ठहऱ्याइ पुनरावेदन अदालत राजविराजबाट भएको फैसलालाई अन्यथा भन्न मिल्ने देखिएन। उक्त फैसला बदर गरी वादी दाबी अनुसार हुनुपर्छ भन्ने यी पुनरावेदक/वादी जागेश्वर यादवको पुनरावेदन जिकिर स्वीकारयोग्य नदेखिने।

वादी दाबी नपुग्ने गरी सुरू सप्तरी जिल्ला अदालतबाट मिति २०६७।०८।०८ मा भएको फैसला सदर हुने ठहऱ्याइ पुनरावेदन अदालत राजविराजबाट मिति २०६९।११।०१ मा भएको फैसला मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृत : शिवप्रसाद पराजुली

कम्प्युटर : मन्जिता ढुंगाना

इति संवत् २०७९ साल फाल्गुण १४ गते रोज १ शुभम्।

## २२

**मा.न्या.श्री प्रकाशमान सिंह राउत र मा.न्या.डा.श्री मनोजकुमार शर्मा**, *०७७-WO-०७२२, उत्प्रेषणयुक्त / परमादेश, ओमकृष्ण कार्कीसमेत वि. बारा जिल्ला अदालत, कलैया बारासमेत*

प्रस्तुत रिट निवेदनका विपक्षी मुकेशप्रसाद यादवसमेतले यी निवेदकहरूका दाता कान्तीदेवीसमेतउपर सुरू बारा जिल्ला अदालतमा दायर गरेको संवत् २०६७ दे.नं. १६१०/५०/०६७/०११६३ को अंश दर्ता मुद्दामा वादी प्रतिवादी एकाघर सगोलको अंशियार ठहर गरी वादीहरूले दाबीबमोजिम अंश पाउने ठहरी फैसला भएको देखिन्छ । सो फैसलामा चित्त नबुझे यी निवेदकहरूका दाता कान्तीदेवीसमेतले कानूनबमोजिम पुनरावेदन गर्न पाउने अवस्था रहे भएकोमा निजहरूले पुनरावेदन नगरी सुरू अदालतबाट भएको उक्त फैसला स्वीकार गरी बसेबाट सुरूको फैसला नै अन्तिम फैसलाको रूपमा रहेको देखिन्छ । उक्त मुद्दाका यी रिट निवेदकहरूले प्रतिवादी कान्तीदेवीसँग मिति २०६७/११/०२ मा र.नं. ५५५२ बाट खरिद गरेका जग्गाहरूको सम्बन्धमा दाता कान्तीदेवीका एकासगोलका अंशियार यी रिट निवेदकहरूसमेत उपर सुरू बारा जिल्ला अदालतमा लिखत दर्ता बदर दर्ता मुद्दा दिएको र सो मुद्दामा निवेदकहरूले उल्लिखित र.नं. ५५५२ बाट खरिद गरेको जग्गाहरूमध्ये वादीहरूको अंश हकको हदसम्म उक्त लिखतमा र

सोको दर्ता बदर हुने ठहरी फैसला भएको देखिन्छ । तत्कालीन मुलुकी ऐनको अदालती बन्दोबस्त महलको ८६ नं. मा ×फैसला डिसमिस मिलापत्र खारेज भएका मुद्दामा सो फैसला डिसमिस मिलापत्र खारेज भएकाले अर्काको हकसमेत जाने भएको रहेछ भने जसको हक जाने छ त्यसैले थाहा पाएका पैंतीस दिनभित्र यसमा हाम्रो पनि हक लाग्छ यसले मात्र हारी वा डिसमिस खारेज मिलापत्र गराएकोले हाम्रो हक जाने होइन भनी आफ्नो हक जतिमा झगडियाका नाउँमा नालिस दिए इन्साफ गरिदिनुपर्छ" भन्ने कानूनी व्यवस्था रहेको पाइन्छ। ऐनमा रहेको उल्लिखित प्रावधानबाट प्रस्तुत मुद्दाका रिट निवेदकहरूले उल्लिखित अंश दर्ता मुद्दाको फैसलाबाट आफ्नो हक जाने अवस्थामा आएमा उक्त फैसलाको कारण आफ्नो हक जाने होइन भनी आफ्नो हक जतिमा सुरू अदालतको साधारण क्षेत्राधिकार अन्तर्गत नै उपचारको लागि आफूले थाहा पाएको मितिले पैँतिस दिनभित्र सुरू अदालतमा नै नालिस दिई उपचार पाउन सक्ने अवस्था उक्त कानूनले नै स्पष्ट गरेको देखिने।

रिट निवेदनमा उल्लिखित संवत् २०६७ दे.नं. १६१०/५०/०६७/०११६३ को अंश दर्ता मुद्दाको लगाउको दे.नं. १६१०/५०/०६७/०११६४ को लिखत दर्ता बदर दर्ता मुद्दामा प्रतिवादी रहेका यी रिट निवेदकहरूले मुलुकी ऐन अ.बं. ८६ नं. मा उल्लिखित वैकल्पिक उपचारको अवलम्बन नगरी लामो समयपछि यस अदालतको असाधारण क्षेत्राधिकारअन्तर्गत प्रस्तुत निवेदन दिएको देखिने।

निवेदकहरूले उल्लिखित दे.नं. १६१०/५०/०६७/०११६४ को लिखत दर्ता बदर दर्ता मुद्दामा भएको फैसलाउपर पुनरावेदन गरेकोमा पुनरावेदन अदालत हेटौँडाले सुरू अदालतबाट भएको फैसला उल्टी गरी लिखत बदर नहुने फैसला गरेकोमा सो फैसलाउपर यी विपक्षी मुकेशप्रसाद यादवसमेतले यस अदालतमा मु.नं. ०७१-CI-०४४६ को पुनरावेदन गरेको देखियो। उक्त मु.नं. ०७१-CI-०४४६ को लिखत बदर मुद्दामा पुनरावेदन अदालत हेटौँडाबाट मिति २०७१।०३।०९ मा लिखत बदर नहुने ठहऱ्याइ भएको फैसला उल्टी भई पुनरावेदक/वादी दाबी अनुसार राजीनामा लिखत बदर हुने आजै यस इजलासबाट फैसला भई निवेदकहरूले प्रस्तुत रिट निवेदनमा उठाएको अंश दर्ता मुद्दाको फैसलाले यी निवेदकहरूका दाता कान्तीदेवी र विपक्षी मुकेशप्रसाद यादवसमेतलाई अंशियार कायम गरी अंशबन्डा गरिदिएको विषयवस्तु कानूनबमोजिम यस अदालतको साधारण क्षेत्राधिकारअन्तर्गत अन्तिम किनारा भइसकेको विषयमा मुलुकी ऐन, अ.बं. ८६ नं. अनुसारको वैकल्पिक उपचारको अवलम्बन नगरी लामो समयपछि यस अदालतको असाधारण क्षेत्राधिकारअन्तर्गत दर्ता हुन आएको प्रस्तुत रिट निवेदनमा निवेदन मागबमोजिम असाधारण क्षेत्राधिकार ग्रहण गरी रिट जारी गर्न नमिल्ने भएकोले प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत : शिवप्रसाद पराजुली

कम्प्युटर : मन्जिता ढुंगाना

इति संवत् २०७९ साल फाल्गुण १४ गते रोज १ शुभम्।

## २३

**मा.न्या.श्री प्रकाशमान सिंह राउत र मा.न्या.डा.श्री मनोजकुमार शर्मा**, *०७६-CR-०२२३, जबरजस्ती करणी, रविन भन्ने रविन्द्रकुमार श्रेष्ठ वि. नेपाल सरकार*

परिवर्तित नाम ३५ भरतपुर (ण) (०७३/०७४) ले आफ्नो मौकामा भएको कागज बेहोरालाई सनाखत गर्दै बुबाले मलाई साथमा नै सुताउनु हुन्थ्यो । मलाई बुबाले राति सुत्ने समयमा केटाकेटीले नराम्रो काम गरेको नाङ्गै भिडियोहरू देखाउनु हुन्थ्यो । बुबा र रविन भन्ने रविन्द्रकुमार श्रेष्ठले निजको सुसु गर्ने मेरो सुसु गर्नेमा छिराउनु हुन्थ्यो भनी मौकामा गरेको कागजभन्दा केही फरक बेहोरा उल्लेख गरी बकपत्र गरेको देखिन्छ । “प्रतिवादीको सुसु आफ्नो सुसुमा” भन्ने पीडितको बकपत्रमा रहेको उक्त कथन मौकामा भएको कागज बेहोराभन्दा फरक एवम् विरोधाभाषयुक्त रहेकोले त्यस्तो विरोधाभाषयुक्त कथनलाई प्रमाणमा ग्रहण गर्न मिल्दैन भन्ने प्रतिवादीको

पुनरावेदन जिकिर रहेको सन्दर्भतर्फ विचार गर्दा, परिवर्तित नाम ३५ भरतपुर (ण) (०७३/०७४) आठ वर्षको असक्षम र अवोध बालिका भएको कुरा निजको उमेर परीक्षण प्रतिवेदनबाट समेत प्रमाणित भएको अवस्था छ । त्यस्तो असक्षम र अवोध बालिकाले लामो समयको अन्तरालमा अदालतमा उपस्थिति भई बकपत्र गर्दा आएको सामान्य फरकलाई अस्वाभाविक मान्न सकिँदैन । बकपत्र गर्दा पीडितको भाषामा केवल फरक यौनाङ्गसम्म उल्लेख हुन गएको देखिन्छ । निज बालिकाले स्पष्ट भाषामा आफूउपर जबरजस्ती करणी भएको होइन भनी बकपत्र गरेको देखिन आउँदैन । निजको मौकाको कागज र बकपत्रको सारबाट पीडितउपर प्रतिवादीले गरेको यौनजन्य आक्रमण (Sexual assault) प्रस्ट्एिको अवस्था छ । पीडितको मौकाको कागज र प्रतिवादी परिवर्तित नाम मधुपुरीको मौकाको बयानमा मलद्वार, मलद्वारभन्दा तल साप्राको बिच भागमा लिङ्गले दबाब दिइएको, घर्षण गरिएको, तल माथि र भित्रबाहिर पारिएको भन्ने तथ्य उजागर भइरहेको परिप्रेक्ष्यमा उल्लिखित बकपत्रलाई अन्यथा अर्थ गर्न नमिल्ने । परिवर्तित नाम ३५ भरतपुर (ण) (०७३/०७४) ले अदालतमा बकपत्र गर्दा आफूउपर करणी नभएको भनी मौकाको कागजभन्दा पृथक बकपत्र गरेको नभई "प्रतिवादीको सुसु आफ्नो सुसुमा" भन्ने वाक्यांश व्यक्त गरी भाषामा सामान्य अन्तरकासाथ बकपत्र गरेको देखिन आउँछ । मौकाको कागजमा आची गर्ने ठाउँमा सुसु गर्ने छिराएको आफूलाई दुखेको भन्ने उल्लेख गरेको देखिन्छ । दुवै कथनले पीडितउपरको यौनजन्य अपराधलाई दर्शाएको अवस्था हुँदा पीडितको मौकाको कागज र बकपत्रको अन्तरवस्तुका बिचमा विरोधाभाष रहेको भन्ने पुनरावेदन जिकिर एवम् पुनरावेदकतर्फबाट उपस्थित हुनुभएका विद्वान् अधिवक्ताको बहस जिकिरसँग सहमत हुन नसकिने ।

प्रस्तुत मुद्दामा जाहेरवाली प्रत्यक्षदर्शी नरहेकोले निजको बकपत्र प्रमाणमा ग्राह्य नहुने भन्ने पुनरावेदन जिकिर रहेको सन्दर्भतर्फ हेर्दा, प्रस्तुत मुद्दामा जाहेरी गर्ने स्वयं पीडित नभई पीडित परिवर्तित नाम ३५ भरतपुर (ण) (०७३/०७४) ले आफूउपर प्रतिवादीहरूले गरेको यौनजन्य अपराध उजागर गरेपछि लक्ष्मी श्रेष्ठसमेतका ८ जना गाउँको भद्रभलादमीहरूले सामाजिक दायित्वस्वरूप प्रतिवादीहरूका विरूद्धमा जाहेरी दरखास्त दिएको देखिन्छ । जबरजस्ती करणीजस्तो यौनजन्य अपराधहरू नदेखिने गरी घटित हुने यथार्थलाई स्वीकार गर्दा यस्ता अपराध घटेको देख्ने साक्षीहरू विरलै वारदातमा मात्र हुने गर्दछ । यस्तो वारदातमा प्रत्यक्षदर्शीको अभाव हुने हुँदा प्रत्यक्षदर्शी नै मुद्दाको प्रमुख मानक हुने अर्थ गर्न मिल्दैन । घटनाका सम्बन्धमा पीडितको कथन र पीडितको स्वास्थ्य परीक्षणसमेतले महत्त्वपूर्ण स्थान लिने हुँदा मुद्दाका जाहेरवालालगायतका साक्षीहरूको कागज र बकपत्र एवम् पीडितको कथन एवम् स्वास्थ्य परीक्षण प्रतिवेदनका बिचमा तादात्म्यता रहे नरहेको वा ति प्रमाणहरू एकअर्कामा समर्थित छ वा छैन भनी हेर्न महत्त्वपूर्ण हुन्छ । यस अदालतको संयुक्त इजलासबाट "जाहेरवाला घटनाको पीडित हुनुपर्ने वा घटना प्रत्यक्ष देखेको व्यक्ति नै हुनुपर्ने कानूनी अनिवार्यतासमेत नहुँदा अपराध बारेको सम्पूर्ण तथ्य जाहेरी दरखास्तमा नै उल्लेख भएको हुनुपर्दछ भनी मान्न मिल्ने अवस्था नहुने" भनी सिद्धान्त प्रतिपादन भएको देखिन्छ । उल्लिखित सिद्धान्तले प्रतिवादीको पुनरावेदन जिकिरमा उल्लेख भएजस्तो जाहेरवाला प्रत्यक्षदर्शी हुनुपर्ने वा पीडित नै जाहेरवाला हुनुपर्ने भन्ने बेहोरा इन्कार गरेको देखिन्छ । प्रस्तुत वारदातमा पीडितको कथनको आधारमा जाहेरी दिने जाहेरवालामध्ये लक्ष्मी श्रेष्ठले अदालतमा उपस्थित भई यी प्रतिवादी रविन भन्ने रविन्द्रकुमार श्रेष्ठसमेत भई जबरजस्ती करणी गरेको भनी जाहेरी दरखास्त सनाखत गर्दै बकपत्र गरिदिएको देखिएको र उल्लिखित बकपत्र पीडितको कथन, स्वास्थ परीक्षण प्रतिवेदन एवम् सहअभियुक्तको बयानसमेतबाट समर्थित भइरहेको देखिँदा जाहेरवालीको बकपत्र प्रमाण ऐन, २०३१ को दफा १८ बमोजिम प्रमाणको निमित्त ग्राह्य हुने देखिने ।

मौकामा भएको पीडित परिवर्तित नाम ३५ भरतपुर(ण) (०७३/०७४) को सामान्य शारीरिक परीक्षणमा अवस्था सामान्य रहेको भन्ने देखिए पनि निजको यौनजन्यसम्बन्धी शारीरिक परीक्षणमा entry of penis or finger or blunt instrument into anus अर्थात् मलद्वारमा लिङ्ग, औँला वा कुनै भुत्ते चिज पसेको भन्ने चिकित्सकीय राय उल्लेख भएको देखिन आउँछ। सो राय दिने चिकित्सकले अदालतमा उपस्थिति भई बकपत्र गर्दा मलद्वार खुकुलो (Anal Sphincter) थियो, मलद्वार (औँला, लिङ्ग भुत्ते चिजवस्तु) स्नायुसम्बन्धी रोग र कब्जियत भएको अवस्थामा खुकुलो हुन्छ भनी आफूले दिएको रायलाई अझ स्पस्ट हुने गरी बकपत्र गरिदिएको देखिन्छ। यद्यपि, पीडित परिवर्तित नाम ३५ भरतपुर (ण) (०७३/०७४) लाई स्नायुसम्बन्धी रोग वा कब्जियतको समस्या भएको निजको स्वास्थ्यसम्बन्धी परीक्षणबाट खुलेको देखिएन । स्वास्थ्य परीक्षणमा निजको स्वास्थ्य अवस्थालाई सामान्य भनी उल्लेख गरिएको छ । परिवर्तित नाम मधुपुरी वा अर्का प्रतिवादी रविन भन्ने रविन्द्र श्रेष्ठले पनि पीडितलाई उल्लिखित समस्या वा रोगहरू लागेको भनी आफ्नो बयानमा उल्लेख गर्न सकेको देखिँदैन। मिसिल संलग्न अन्य तथ्य वा प्रमाणहरूबाट पनि निजको मलद्वारमा औँला वा अरू भुत्ते चिजवस्तु पसेको भन्ने देखिन आउँदैन। यसरी परिवर्तित नाम ३५ भरतपुर (ण) (०७३/०७४) को मलद्वार खुकुलो हुनुपर्ने अन्य तथ्य वा कारण नदेखिएको अवस्थामा रविन श्रेष्ठ दाइ र बुवाले पालैपालो दिसा गर्ने ठाउँमा सुसु छिराई दिन खोज्नु हुन्थ्यो भन्ने परिवर्तित नाम ३५ भरतपुर (ण) (०७३/०७४) को मौकाको कागज र आची गर्ने ठाउँमा रविन र मैले लिङ्ग छिराउन खोज्दा छोरालाई दुखेर रून थालेको भन्ने प्रतिवादी परिवर्तित नाम मधुपुरीको मौकामा भएको बयान उल्लिखित चिकित्सकीय प्रमाणसमेतबाट समर्थित हुन आई प्रतिवादी रविन भन्ने रविन्द्रकुमार श्रेष्ठले परिवर्तित नाम ३५ भरतपुर (ण) (०७३/०७४) लाई जबरजस्ती करणी गरेको बेहोरा पुष्टि हुन आयो। यस स्थितिमा प्रतिवादी रविन भन्ने रविन्द्रकुमार श्रेष्ठलाई मुलुकी ऐन, जबरजस्ती करणीको महलको ३ नं.को देहाय १ बमोजिम दश वर्ष र प्रतिवादी परिवर्तित नाम मधुपुरीसँग मिली निज प्रतिवादीले सामूहिक रूपमा करणी गरेकोसमेत देखिन आएकोले ऐ. ३क नं. बमोजिम थप पाँच वर्ष कैद सजाय हुने र सोही महलको १० नं. बमोजिम पीडित परिवर्तित नाम ३५ भरतपुर (ण) (०७३/०७४) ले प्रतिवादीसमेतबाट रू.२०,०००।- (बिस हजार रूपैयाँ) क्षतिपूर्तिसमेत भरी पाउने ठहर गरी सुरू चितवन जिल्ला अदालतबाट भएको फैसला सदर गरेको उच्च अदालत पाटन, हेटौँडा इजलासको फैसला मिलेकै देखिने।

पुनरावेदक प्रतिवादी रविन भन्ने रविन्द्रकुमार श्रेष्ठलाई मुलुकी ऐन, जबरजस्ती करणी महलको ३ नं. को देहाय १ बमोजिम दश वर्ष र प्रतिवादी परिवर्तित नाम मधुपुरीसँग मिली निज प्रतिवादीले सामूहिक रूपमा करणी गरेकोसमेत देखिन आएकोले ऐ. ३क नं.बमोजिम थप पाँच वर्ष कैद सजाय हुने र सोही महलको १० नं.बमोजिम पीडित परिवर्तित नाम ३५ भरतपुर (ण) (०७३/०७४) ले यी प्रतिवादीसमेतबाट रू.२०,०००।- (बिस हजार रूपैयाँ) क्षतिपूर्ति पाउने गरी सुरू चितवन जिल्ला अदालतबाट भएको फैसला सदर गरेको उच्च अदालत पाटन, हेटौँडा इजलासको मिति २०७६।०१।१७ को फैसला मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृत : किरणकुमार सिंह

इति संवत् २०७८ साल पौष २५ गते रोज १ शुभम्।

**२४**

**मा.न्या.श्री प्रकाशमान सिंह राउत र मा.न्या.डा.श्री मनोजकुमार शर्मा**, *०७६-WO-०४०७, उत्प्रेषण, परमादेशसमेत, सरोजकुमार यादव वि. नेपाल सरकार, स्वास्थ्य मन्त्रालय, रामशाहपथ काठमाडौंसमेत*

रिट निवेदकका तर्फबाट रहनुभएका विद्वान् अधिवक्ताले रिट निवेदकलाई दिएको साबिकको

समायोजन पत्र संशोधन भई रिट निवेदकले रिट निवेदनमा माग गरेको स्थानमा समायोजन भइसकेको भनी स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयको च.नं. १६ स्वास्थ्य ।१२६९।२३ मिति २०७६।१०।१ को समायोजन संशोधन पत्रको प्रतिलिपिसमेत बहसको क्रममा इजलाससमक्ष प्रस्तुत गरी जानकारी गराउनुभएको छ ।

निवेदनमा माग गरेको समायोजनको विषयवस्तु नै सम्बोधन भई रिट निवेदकले उपचार प्राप्त गरिसकेको सन्दर्भमा प्रस्तुत रिट निवेदनको औचित्य नरहेको हुँदा निवेदन मागबमोजिम आदेश जारी गर्नु परेन । प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत : यज्ञमूर्ति ज्ञवाली

इति संवत् २०७८ साल माघ २ गते रोज १ शुभम् ।

२५

**मा.न्या.श्री प्रकाशमान सिंह राउत र मा.न्या.डा.श्री मनोजकुमार शर्मा**, *०७६-WO-०४२३, उत्प्रेषण, परमादेशसमेत, गोविन्दप्रसाद दाहालसमेत वि. नेपाल सरकार, स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय, रामशाहपथ काठमाडौंसमेत*

निवेदक मध्येका गोबिन्दप्रसाद दाहाललाई सङ्घीय मामिला तथा समान्य प्रशासन मन्त्रालयको मिति २०७६।३।१ को पत्रअनुसार कर्मचारी समायोजन ऐन, २०७५ को दफा ७ बमोजिम स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयको सचिवस्तरको मिति २०७६।४।२३ को निर्णयानुसार हाल कार्यरत पदको विवरणमा नेपाल स्वास्थ्य सेवा, हेल्थ इन्सफेक्सन समूह, पद: अ.हे.व. (पदनाम:जनस्वास्थ्य निरीक्षक), तह: अधिकृत छैटौँ, कार्यरत कार्यालय: चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान, वीर अस्पताल उल्लेख गरी निजलाई सोही सेवा, समूह, श्रेणी, तह अधिकृत छैटौँ, पद सि.अ.हे.व. अधिकृतमा सङ्घमा समायोजन गरेकोमा स्वास्थ्य मन्त्रालयकै मिति २०७६।७।१८ को पत्रले निजलाई पशुपति होमियोप्याथी औषधालय, हरिहर भवन, ललितपुरमा पदस्थापन गरेको देखियो । त्यसै गरी निवेदक राजकुमार तिवारीलाई हाल कार्यरत पदको विवरणमा नेपाल स्वास्थ्य सेवा, हेल्थ इन्स्पेक्सन समूह, पद अ.हे.व. (पदनामः सि.अ.हे.ब अधिकृत) तह अधिकृत छैटौँ, कार्यरत कार्यालय चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान, वीर अस्पताल उल्लेख गरी समायोजन भएको पदको विवरणमा सोही सेवा समूहको तह अधिकृत छैटौँ, पद सि.अ.हे.व. अधिकृत, श्रेणी तह अधिकृत छैटौँ, समायोजन भएको तह सङ्घ उल्लेख गरी सङ्घमा समायोजन गरेकोमा स्वास्थ्य मन्त्रालयकै मिति २०७६।७।१८ को पत्रबाट निजलाई कारागार कार्यालय सिन्धुपाल्चोक पदस्थापन गरेको देखिन्छ । बस्तुतः मिसिल संलग्न कागजातहरूबाट निवेदकहरू समायोजनको निर्णय हुनुपूर्व जनस्वास्थ्य निरीक्षक पदनाम पाई कार्य गरिरहेको भन्ने समायोजन गरिएका पत्र तथा सोपूर्वका पदनामसम्बन्धी पुनरावेदन अदालत पाटनसमेतबाट भएका आदेश र पत्रबाट स्पष्ट हुने ।

कर्मचारी समायोजनसम्बन्धी सूचनामा निवेदकहरूले आफू कार्यरत रहेकै छैटौँ तह जनस्वास्थ्य निरीक्षक पदमा समायोजन गरी पदस्थापन गरी पाउन निवेदन गरेको र आफूहरूले काम गरिरहेको पदनाम अनुसार नै समायोजन हुने पदमा पनि सोही पदनाम हुनुपर्ने भनी र समायोजनको क्रममा उल्लेख गरेको प्राथमिकता क्रम अनुसार पदस्थापन हुनुपर्नेमा सो अनुरूप पदस्थापन नभई आफूहरूभन्दा कनिष्ट कर्मचारीहरूको मागबमोजिम पदस्थापन भएकोमा आफूहरूको सोबमोजिम नभएको भन्ने प्रस्तुत निवेदनमा दाबी लिएको, निवेदकहरूले तत्कालीन पुनरावेदन अदालत पाटनको मिति २०६७।६।१३ को आदेश र स्वास्थ्य सेवा विभागको मिति २०६८।४।२२ को निर्णयबमोजिम अधिकृत छैटौँ जनस्वास्थ्य निरीक्षकको पदनाम प्राप्त गरी सोही पदमा कार्यरत गरेको देखिँदा निवेदकको पदनाम साबिकबमोजिमकै हुने गरी समायोजन गरी आवश्यक व्यवस्था मिलाउनुपर्ने नै देखियो । निवेदकहरू दुवै

जना नेपाल स्वास्थ्य सेवाबाट सोही सेवा समूहमा समायोजन भएको भन्ने देखिएको छ । निवेदकहरू जुन पदनाममा कार्यरत रहेको भन्ने अभिलेखमा समेत जनिएको छ, ऐनबमोजिम सोही पदनाममा समायोजन गरिनुपर्छ । यी निवेदकहरूले अदालतमा निवेदन गरी आफूहरू कार्यरत रहेको जनस्वास्थ्य निरीक्षक पदनाम प्राप्त गरेको देखिन्छ । प्रचलित कानूनले गरेको व्यवस्थाबमोजिम कर्मचारीले निवेदनमा माग गरेको पदनाम प्राप्त गर्न सक्ने हो, होइन ? भन्ने सम्बन्धमा हेर्दा अधिकार प्राप्त अदालतले हेरी बुझी कानूनबमोजिम आदेश गरेको हुन्छ । यस्ता कर्मचारीहरूलाई कार्यरत रहेको पदनामभन्दा छुट्टै पदनाम दिई समायोजन गरिनु त्यस्ता कर्मचारीले अदालतबाट भएको अन्तिम आदेश वा फैसला भई प्राप्त गरेको पदनामउपर प्रश्न उठाउनु वा त्यस्तो आदेश वा फैसला कार्यान्वयन गर्न धिङ्न्याइँ गरेसरह मानिन्छ, जुन कानूनतः नमिल्ने ।

निवेदकहरूको पदनाम र पदस्थापन स्थानसम्म फरक पारी समायोजन गर्ने गरेको विपक्षी सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको मिति २०७६।३।१ को पत्रानुसार विपक्षी स्वास्थ्य मन्त्रालयको मिति २०७६।४।२३ को निर्णय र पत्रले सङ्घमा समायोजन गरिएको निर्णय र पत्र र विपक्षी स्वास्थ्य मन्त्रालयको मिति २०७६।७।१७ को निर्णय र मिति २०७६।७।१८ को पत्र तथा सोसम्बन्धी काम कारबाही निवेदकहरूको हकमा सम्म उत्प्रेषणको आदेशले बदर गरिदिएको छ । अब, यी निवेदकहरूलाई निजहरूले पाएको साबिकबमोजिमकै जनस्वास्थ्य निरीक्षक पदनाम उल्लेख गरी निजहरूले प्राप्त गरेको समायोजन पत्र संशोधन गरी निवेदकहरूले समायोजनका लागि रोजेको प्राथमिकता क्रमअनुसारको कार्यालयमा क्रमश: पदस्थापनका लागि आवश्यक व्यवस्था गर्नु गराउनू भनी विपक्षीहरूका नाममा परमादेशको आदेश जारी गरिदिएको छ ।

इजलास अधिकृत : यज्ञमूर्ति ज्ञवाली

कम्प्युटर : सुप्रभा अर्याल

इति संवत् २०७८ साल माघ २ गते रोज १ शुभम् ।

## इजलास नं.८

### २६

**मा.न्या.श्री बमकुमार श्रेष्ठ र मा.न्या.श्री कुमार रेग्मी,** *०७४-WO-०२५२, परमादेश, पूर्णबहादुर गुरूङ वि. निजामती किताब खाना हरिहरभवन, ललितपुरसमेत*

निवेदकको नियुक्तिपत्रबाट र स्वयं निजले निवेदनमा उल्लेख गरी लेखाएको बेहोराबाट निजले मिति २०२५।३।३ मा औलो उन्मूलन सङ्घमा हाउस भिजिटर पदमा  नियुक्ति पाए पनि त्यसमा अविछिन्न रूपमा कार्यरत भएको भन्ने नदेखिई अन्य कार्यालयमा म्यादी, अस्थायी तथा करार सेवामा नियुक्त भएको भन्ने देखिन्छ । जसबाट अटुट सेवाको अवस्था नै देखिँदैन । पछिल्लो पटक मिति २०७४।४।२३ मा सेवा अवधि जोडिपाउँ भनी निवेदकले निवेदन दिएको देखिए पनि मिति २०६५।८।२८ मा निजले अनिवार्य अवकाश पाइसकेपछि धेरै लामो समयको अन्तरालमा निवेदकको प्रस्तुत निवेदन पर्न आएको एउटा अवस्था एकातर्फ देखिन्छ भने निवेदकले निवृत्तभरण स्वीकार गरी लिइसकेको अर्को अवस्थासमेत मिसिलामा रहेको पाइन्छ । यसबाट निवेदक धेरै लामो समय व्यतित भएपछि निवेदन लिई आएका र निजको सेवा अविछिन्न रही अटुट अवस्थाको नदेखिई सेवा अवधि नजोडिने गरी भएको निर्णयलाई स्वीकारी निवृत्तभरण लिइसकेको भन्ने अवस्थासमेत देखिएकोले समर्पणको सिद्धान्तको दृष्टिसमेतबाट निवेदकको निवेदन माग दाबी कानूनसम्मत देखिन आउँदैन ।

तसर्थ मिति २०६५।८।२८ मा अनिवार्य अवकाश भएपश्चात् धेरै समयावधी व्यतीत भइसकेपछि मिति २०७४।४।२३ मा मात्र सेवा अवधि जोडिपाउँ भनी निवेदक आएको, निर्णयलाई स्वीकार गरी निवृत्तिभरण लिने काम निवेदकबाट भइसकेको र निवेदकको सेवा अविछिन्न रही अटुट रहेको भन्ने निज स्वयंको भनाइबाट नदेखिएको अवस्था भएकोले

मागबमोजिमको आदेश जारी गरिरहनुपर्ने देखिएन । निवेदकको प्रस्तुत निवेदन खारेज हुने ठहर्छ ।
इजलास अधिकृत : भीमप्रसाद सुवेदी
कम्प्युटर : अमिररत्न महर्जन
इति संवत् २०७९ साल जेठ १२ गते रोज ५ शुभम् ।

**२७**

**मा.न्या.श्री बमकुमार श्रेष्ठ र मा.न्या.श्री हरिप्रसाद फुयाल**, *०७३-CR-१३४०, ०७३-CR-१३४१, ०७३-CR-०७०६, कर्तव्य ज्यान, रामगोपाल महर्जन वि. नेपाल सरकार, रविन्द्र साख वि. नेपाल सरकार, नेपाल सरकार वि. रविन्द्र साखसमेत*

प्रतिवादीहरू रविन्द्र साख र पुजा कार्की साखको अदालतको बयानसमेतबाट मृतक राजकुमार तमर्थुले प्रतिवादी पुजा कार्की साखप्रति गरेको व्यवहारको कारण प्रतिवादी रविन्द्र साख र मृतकबिच हानाहान भई सोही क्रममा उत्पन्न भएको आवेगमा रविन्द्र साखले घाँटीमा समाई धकेल्दा मृतक ठोक्किई निजको मत्यु भएको भन्ने मिसिलबाट देखिन आएको र प्रतिवादी रविन्द्र साख र मृतकबिच पूर्वरिसइवी भएको नदेखिइ तत्काल उठेको रिसको कारण हानाहान भई सोही क्रममा तत्काल उठेको रिसको कारण प्रतिवादी रविन्द्र साखले मृतकलाई घाँटीमा समाई धकेल्दा ठोक्किएको र त्यसैको कारणबाट मृतकको मृत्यु भएको भन्ने देखिँदा प्रतिवादी रविन्द्र साखलाई ज्यानसम्बन्धी महलको १४ नं. अनुसार सजाय गरेको सुरू जिल्ला तथा पुनरावेदन अदालतको फैसला प्रतिवादी रविन्द्र साखको हकमा मिलेको नै देखियो ।

प्रतिवादीहरू रामगोपाल महर्जन र पुजा कार्की साखको हकमा विचार गर्दा, प्रतिवादी रामगोपाल महर्जनले अधिकारप्राप्त अधिकारीसमक्ष बयान गर्दा राति अन्दाजी १०/११ बजेतिर रामशरण मालीलाई समेत साथमा लिई आई हामी दुई जनाले मृतक लास लिई गई ढल्केश्वर हाइटस्थित बाँझो चौरको खाल्डोमा पुरिदिएका हौँ भनी बयान गरेको पाइन्छ भने अदालतमा बयान गर्दा वारदातको दिन मेरो क्याटरिङको साहु रविन्द्र साखले फोन गरी म बसेको ठाउँमा मानिस झगडा गर्न आए, तिमी आउ भनेकाले म निजको डेरा कोठामा जाँदा "तिमीले कस्तो मान्छे ल्याई मेरो घरमा राखेको" मान्छे मारीसक्यो भनी भनेको र मृतक राजकुमार तमर्थुलाई भुइँमा लडिरहेको देखेँ, निजको हात छोई हेर्दा निजको मृत्यु भइसकेको रहेछ, त्यसपछि घरवेटीलाई पुलिसलाई खबर गर भनी त्यहाँबाट हिँडी राति १०/११ बजेतिर मेरो साथी रामशरण मालीलाई लिई साहु रविन्द्रलाई सहयोग गर्नका लागि आई सो लासलाई तन्नामा पोको पारी बोकी खेतमा लगि गाडेर आएका हौँ, त्यसपछि हामी घर गयौं, मृतकलाई मार्नमा मेरो संलग्नता छैन भनी बयान गरेको पाइन्छ । प्रतिवादी पुजा कार्की भन्ने पुजा साखले अधिकारप्राप्त अधिकारीसमक्ष बयान गर्दा श्रीमान् रविन्द्रले राजकुमारको घाँटी समाई पछाडिपट्टि गर्धन माथि टाउकोको भागलाई कोठाभित्रको झ्याल नजिकै धार भएको सिमेन्टको भित्तामा ठोक्काइदिएको र सोही चोटको कारणले राजकुमार तमर्थुको मृत्यु भएको हो भनी बयान गरेको देखिन्छ भने अदालतमा बयान गर्दा वारदातको दिन मृतक राजकुमार तमर्थु मेरो कोठामा आई उनले मेरो श्रीमान् छैनन् भन्ने ठानी मलाई एक्कासि पछाडिबाट मेरो छातिमा समाए, मैले के गरेको भनी चिच्याएर कराएँ, म कराएको सुनी मेरो श्रीमान् ट्वाइलेटबाट आउनुभयो र के गरेको भनी मृतकलाई भन्दा तैले जे गर्छस् मैले पनि त्यही गर्न खोजेको भनी मृतकले क्यामेरा झिकी मेरो श्रीमान्लाई हिर्काउन लागेपछि मेरो श्रीमान्ले पनि निजलाई हिर्काउन थाल्नुभयो, अनि म आत्तिएर बाहिर निस्किएर घरबेटीहरूलाई हेर्दा कोही नदेखी कोठामा जाँदा निज मृतक आधा जिउ बेडमा र आधा भुइँमा झरेको अवस्थामा लडिरहेको देखी श्रीमान्लाई के गरेकोभन्दा निज मृतकले मलाई हिर्काउन लागेपछि मैले निजको घाँटीमा समाती धक्का दिँदा निज कोठाको भित्ताको चुच्चोमा ठोकिन गई बेहोस भए भनी भने, मृतकले अनावश्यकरूपमा मेरो पिछा गर्दैहिँडेको र निजलाई मैले सम्झाउँदा सम्झाउँदै पनि निजले त्यस्तो गर्न नछाडेकोले अन्जानमा यस्तो घटना भएको हो भनी

बयान गरेको देखिन्छ।

प्रतिवादीहरू रामगोपाल महर्जन र पुजा कार्की साखले मृतकलाई प्रहार गरेको भन्ने निजहरूको बयान तथा सहअभियुक्तको पोलसमेत कहीँ कतैबाट देखिँदैन । त्यसै गरी मृतकलाई मार्ने मनसाय राखी मृतकलाई मार्नको लागि कुनै किसिमको कार्य निज प्रतिवादीहरूबाट भएको भन्ने पनि मिसिलबाट देखिँदैन। प्रतिवादीहरूको बयान, जाहेरवालाको बकपत्र र घटनास्थल एवम् लास जाँच प्रकृति मुचुल्काबाट मृतकको लासलाई बाँझो चौरको खाल्टोमा पुरी आएको भनी भनेको र खनी हेर्दा शरीरको कङ्काल खाल्टोमा फेला परेको भन्ने देखिएको छ । त्यसैले यी प्रतिवादीहरूको हकमा मृतकको लास दबाउने प्रयोजनको निमित्त खाल्टोमा पुर्न सरिक भएको तथा मृतकलाई मारेको कुरा थाहा पाएकोमा सो सम्बन्धमा जाहेरी नदिएको अवस्थासम्म रहेको देखिन्छ । यसरी निज प्रतिवादीहरूले अभियोग दाबीबमोजिमको कसुर गरेको भन्ने मिसिल संलग्न प्रमाणबाट देखिन नआइ लास दबाउनको लागि खाल्टो खनी मृतकको लासलाई पुर्ने कार्य गरेको र सोको जानकारी नगरायको भन्नेसम्म देखिँदा यस सम्बन्धमा हेर्दा, मुलुकी ऐन, ज्यानसम्बन्धी महलको ४ नं. मा “अपहत्या वा कर्तव्य परी मर्ने मानिसको लास कानूनबमोजिम जाँच भइसकेपछि सो लास जलाउनु, गाड्नु फाल्नु जो गर्नुपर्छ गर्नको निमित्त लास जाँच गर्ने प्रहरी कर्मचारीले र सरकारी वकिल भए निजले समेत सहिछाप गरी पुर्जी गरिदिनुपर्छ । सो पुर्जी नलिई त्यसै लास जलाउन, गाड्न, फाल्न हुँदैन । सोबमोजिम पुर्जी गरी नदिने वा पुर्जी नलिई लास जलाउने, गाड्ने, फाल्नेलाई दश रूपैयाँ जरिवाना गर्नुपर्छ । लास जाँच भई नसक्दै दबाउनका मतलबले लास जलाउने, गाड्ने, फाल्ने वा सो कुरा गर्न लाउनेलाई अरू कानूनले हुने सजायमा सो गरेबापत छ महिना थपी कैद गर्नुपर्छ ।” भन्ने र मुलुकी ऐन, ज्यानसम्बन्धी महलकै २५ नं. मा “ज्यान मरिसकेको कुरा चाल पाई जाहेर नगरी कसुरदारलाई दबाउने भगाउने सरकारी कर्मचारी भए दुई वर्ष, त्यस जग्गाका जिमिनदार, तालुकदार, गाउँपालिका वा नगरपालिकाको सदस्य भए डेढ वर्ष, थरी गुमस्ता मुखिया मिझार जेठा बुढा गोरूम कटुवाल नाइके महाने गाउँका चौकीदार गोडायत भए छ महिना कैद र अरू भए घरमा थाहा पाउने मुख्य जो हो उसलाई बिस रूपैयाँ जरिवाना गर्नुपर्छ।” भन्ने कानूनी व्यवस्था रहेको देखिँदा निज प्रतिवादीहरू रामगोपाल महर्जन र पुजा कार्की साखलाई ज्यानसम्बन्धीको ४ नं. र २५ नं. अनुसारको सजायसम्म हुने देखियो।

प्रतिवादी चिरन्जीवी के.सी.को हकमा विचार गर्दा, प्रतिवादी चिरन्जीवी के.सी.ले अधिकार प्राप्त अधिकारीसमक्ष बयान गर्दा वारदातको दिन मेरो घरको भुइँतल्लामा डेरा गरी बस्ने रविन्द्र साखको कोठामा मान्छे कराएको हल्लाखल्ला सुनी के होला भनी उक्त कोठामा आई ढोका खोल्न लगाई रविन्द्रलाई सोध्दा मेरो श्रीमतीको पिछा गर्ने एक जना केटा कोठामा आई विवाद गर्न थाल्यो, हामीबिच कुटाकुटसमेत भयो र विवादकै क्रममा मैले निजको घाँटीमा समाई पछाडिपट्टि गर्धनको टाउकोको भागलाई झ्याल नजिक भित्ताको धारमा ठोकाई दिँदा टाउको र गर्धनको भाग खाटमा तथा खुट्टा भुइँमा पर्ने गरी ढल्यो र चल्न चट्पटाउन छाड्यो भनी बताएपछि मैले यस्तो नचाहिँदो काम पनि गर्नुहुन्छ भनी गाली गरेँ, राजकुमार तमर्थुको मृत्यु भइसकेपछि म कोठामा हेर्न जाँदा कोठाभित्र रविन्द्र साख र निजकी श्रीमती पुजा साख मात्र थिए। रामगोपाल महर्जन र रामशरण माली पछिबाट मात्र आएका हुन् भनी बयान गरेको पाइन्छ। अदालतमा निजले बयान गर्दा घटना घटेको मैले आफ्नो आँखाले देखेको होइन । त्यस अवस्थामा म घरभन्दा पछाडि चौरमा गाई चराउन गएको थिएँ। पछि म घरमा आई घटनाबारे थाहा पाएपछि रविन्द्रको साथी रामगोपाल मेरो घरमा आए । अनी मैले निजलाई मान्छे यसरी मरेछ । तिमीले ल्याई डेरामा राखेको मान्छे हो के गर्दछौं, तिमीहरूले नै गर भनेपछि उनीहरूले के के गरे मलाई थाहा भएन भनी लेखाएको पाइन्छ। प्रतिवादी चिरन्जिबी के.सी.बाट मृतकलाई दवाउनको लागि

मृतकको लास खाल्टोमा पुर्ने कार्य भएको भन्ने मिसिल संलग्न प्रमाणबाट देखिँदैन । प्रतिवादी चिरन्जिवी के.सी.ले मृतकलाई मार्ने मनसाय राखी मृतकलाई मार्नको निमित्त कुनै कार्य गरेको भन्ने पनि मिसिलबाट देखिँदैन । मुलुकी ऐन, ज्यानसम्बन्धी महलको २५ नं. मा "ज्यान मरिसकेको कुरा चाल पाई जाहेर नगरी कसुरदारलाई दवाउने भगाउने सरकारी कर्मचारी भए दुई वर्ष, त्यस जग्गाका जिमिदार, तालुकदार, गाउँपालिका वा नगरपालिकाको सदस्य भए डेढ वर्ष, थरी गुमस्ता मुखिया मिझार जेठा बूढा गोरूम कटुवाल नाइके महाने गाउँका चौकीदार गोडायत भए छ महिना कैद र अरू भए घरमा थाहा पाउने मुख्य जो हो उसलाई बिस रूपैयाँ जरिवाना गर्नुपर्छ।" भन्ने व्यवस्था भएको र प्रतिवादी चिरञ्चिवी के.सी.ले ज्यान मारेको कुरा चाल पाई जाहेर नगरी कसुरदारलाई दबाउनेसम्मको कार्यमा निजको संलग्नता रहे भएको मिसिल प्रमाणबाट देखिँदा निजलाई ज्यानसम्बन्धीको २५ नं. को कसुरमा सोही नं. बमोजिम सजाय हुनेसम्म देखिन आयो ।

रामगोपालले बोलाएपछि गएको हुँ, लास बोक्ने काम रविन्द्र साख र पुजा साखसमेत भएर गरेका हुन्, म लास पुर्ने ठाउँसम्म पनि सँगै गएँ, तर मैले हेर्ने काममात्र गरेको थिएँ, डरले गर्दा मैले लास बोक्ने तथा गाड्ने काम गरिनँ, मृतकलाई को कसले कसरी मारेका हुन् सोसमेत मलाई थाहा छैन । सो घटनामा मेरो कुनै संलग्नता छैन भनी अदालतमा बयान गरेको देखिन्छ । प्रतिवादी रामशरण मालीले मृतकलाई प्रहार गरेको भन्ने मिसिल संलग्न प्रमाणबाट देखिँदैन । त्यसैगरी मृतकलाई मार्ने मनसाय राखी मृतकलाई मार्नको लागि कुनै किसिमको सहयोग निज प्रतिवादीबाट भएको भन्ने पनि मिसिलमा रहेको पाइँदैन । मृतकको लासलाई बाँझो चौरको खाल्टोमा पुरी खनी निकालेको र शरीरको कङ्काल फेला परेको भन्ने देखिएकोमा मृतकको लास दबाउने प्रयोजनको निमित्त लासलाई खाल्टोमा पुर्न सरिक भइ घटनास्थलमा निजको उपस्थिति रहेको र मृतकलाई मारेको कुरा थाहा पाएकोमा सोको सूचना नदिएको अवस्था निजको हकमा विद्यमान रहेको देखिन आउँछ । यसरी निजले अभियोग दाबीबमोजिमको कसुर गरेको भन्ने नदेखिइ मृतक लास दबाउनको लागि लास खाल्टोमा पुर्ने कार्यसम्म निजबाट भए गरेको र घटनाको वारेमा सूचना जाहेरी नदिई बसेको भन्ने देखिँदा निजलाई ज्यानसम्बन्धीको ४ नं. र २५ नं. अनुसार सजाय हुनेमा सुरू तथा पुनरावेदन अदालतबाट ज्यानसम्बन्धी महलको २५ नं. अनुसार मात्र सजाय गरेकोसम्म मिलेको नदेखिँदा निज प्रतिवादी रामशरण मालीको हकमा सुरू तथा पुनरावेदन अदालतको फैसला सो हदसम्म केही उल्टी भई निजलाई ज्यानसम्बन्धी महलको ४ नं. बमोजिम ६ महिना कैद सजायसमेत हुने ठहर्छ ।

तसर्थ, माथि विवेचित आधार, कारणसमेतबाट सुरू जिल्ला अदालतबाट मिति २०६८।१२ १५ मा प्रतिवादीहरूमध्येको रविन्द्र साखलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको ४ र ५ नं. को कसुरमा ऐजनको ६(२) अनुसार १ वर्ष ६ महिना कैद सजाय र ऐजनको ४ नं. बमोजिम ६ महिना कैद सजाय हुने ठहऱ्याई भएको फैसलालाई पुनरावेदन अदालत पाटनबाट मिति २०७३।२।१७ मा केही उल्टी गरी निज प्रतिवादी रविन्द्र साखको हकमा मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १४ नं. बमोजिमको कसुरमा सोही १४ नं. अनुसार १० वर्ष कैद सजाय ठहर गरी कैद सजाय गर्ने गरेको तथा प्रतिवादी पुजा कार्की र रामगोपाल महर्जनलाई सोही ज्यानसम्बन्धी महलको ४ नं. र २२ नं. को कसुरमा ऐ. को ४ नं. बमोजिम ६ महिना कैद सजाय र ऐ. को २५ नं. बमोजिम रू.२०/- जरिवाना र चिरञ्जिवी के.सी. लाई ज्यानसम्बन्धी महलको २२ नं. को कसुरमा ऐ. को २५ नं. बमोजिम रू.२०/- जरिवानाको सजाय गर्ने गरेको ललितपुर जिल्ला अदालतको फैसलालाई सदर गर्ने गरी पुनरावेदन अदालत पाटनबाट मिति २०७३।२।१७ मा भएको फैसला निजहरूको हकमा सम्म मिलेकै देखियो । प्रतिवादीमध्येको रामशरण मालीको हकमा सुरू ललितपुर जिल्ला अदालतबाट ज्यानसम्बन्धी महलको २२ नं. को कसुरमा ऐजनको

२५ नं. बमोजिम रू.२०/- निजलाई जरिवानाको सजाय गर्ने गरेको फैसलालाई पुनरावेदन अदालत पाटनबाट सदर गरी फैसला भएकोमा घटनास्थलमा भएको निजको उपस्थिति र घटनामा निजबाट देखाइएको संलग्नतासमेत बाट निजलाई ज्यानसम्बन्धी महलको ४ नं. अनुसार थप सजायसमेत गर्नुपर्नेमा सो नगरेको त्यति हदसम्म पुनरावेदन अदालत पाटनबाट मिति २०७३।२।१७।२ मा भएको फैसला मिलेको नदेखिँदा केही उल्टी भई प्रतिवादी रामशरण मालीलाई ज्यानसम्बन्धी महलको ४ नं. बमोजिम ६ महिना कैदसमेत हुने ।

इजलास अधिकृत : सुरेश के.सी.

कम्प्युटर : अमिररत्न महर्जन

इति संवत् २०७९ साल जेठ ९ गते रोज २ शुभम् ।

## इजलास नं.९

### २८

**मा.न्या.श्री टंकबहादुर मोक्तान र मा.न्या.श्री कुमार रेग्मी,** *०७९-WH-०२२०, बन्दीप्रत्यक्षीकरण, राज रसाईली वि. काठमाडौं जिल्ला अदालतसमेत*

निवेदक/प्रतिवादी फरार रहेकै अवस्थामा उक्त मुद्दामा मिति २०७८।०८।२६ गते फैसला (सजाय निर्धारण) भई फैसला भएको २ वर्षपश्चात् मिति २०७९।१०।१६ मा पक्राउ परेको देखिन्छ । यसबाट यी निवेदक धरौटीमा छुटी सोपश्चात् फरार रहेको स्पष्ट नै देखिएको अवस्था छ । मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १५५ मा "कुनै कसुरमा पहिलो पटक कसुरदार ठहरी एक वर्ष वा एक वर्षभन्दा कम कैदको सजाय भएको मुद्दामा कसुरदारको उमेर, कसुरको गम्भीरता, कसुर गरेको तरिका, आचरणसमेतलाई विचार गर्दा कारागारमा राख्नु उपयुक्त नदेखिएमा तथा निजलाई छोड्दा सार्वजनिक शान्ति, कानून र व्यवस्थामा खतरा पुग्नेसमेत नदेखिएमा त्यसको कारण खुलाई अदालतले निजलाई कैदमा राख्नुको सट्टा त्यसबापत रकम लिई कैदबाट छाडिदिन उपयुक्त ठहऱ्याएमा कैदबापतको रकम तिरी कैद बस्नु नपर्ने गरी आदेश दिन सक्ने छ" भनी व्यवस्था भएतर्फ विचार गर्दा, यी निवेदक धरौटीमा छुटी सोपश्चात् तारेखसमेत गुजारी फरार रहेकोमा सुरू जिल्ला अदालतबाट फैसला भएको २ वर्षपश्चात् पक्राउ परेको देखिँदा निवेदकले आफ्नो आचरणबाट अदालतको प्रक्रियामा असहयोग गर्नुको अलावा धरौटीको सर्तको समेत उलङ्घन गरी फरार कसुरदारको रूपमा समाजमा विचरण भइरहेको देखिन्छ । निजले अनुसन्धानको चरणमा अदालतलाई सहयोग गरे तापनि फैसलापश्चात् अदालतमा उपस्थित भई फैसला कार्यान्वयनमा सहयोग गर्नुपर्नेमा थुनछेकको आदेशपश्चात् फरार रहेकाले यी निवेदकले फैसला कार्यान्वयनको चरणमा अदालतलाई सहयोग गरेको भन्न मिल्ने देखिँदैन । रईन भन्ने कुमार श्रेष्ठ विरूद्ध काभ्रेपलाञ्चोक जिल्ला अदालतसमेत भएको बन्दीप्रत्यक्षीकरणको मुद्दा (०७८-WF-००३०) मा यस अदालतको पूर्ण इजलासले न्यायिक प्रक्रियालाई छली हिँड्ने फरार कसुरदार (Fugitive of Justice) लाई अदालतले मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १५५(१) को सुविधा प्रदान गर्नु मनासिब नहुने भनी गरेको व्याख्यासमेतलाई विचार गर्दा यी निवेदक फरार कसुरदार रहेको, थुनछेक आदेशपश्चात् धरौटी बुझाई तारेखमा रहेकोमा तारेख गुजारी बसेको कारण धरौटी जफत भएको र काठमाडौं जिल्ला अदालतको मिति २०७७।०८।२६ को फैसलाबमोजिमको सजाय भुक्तान गराउन फैसला भएको २ वर्ष पश्चात् पक्राउ गरी थुनामा राखिएको देखिँदा निज निवेदकको आचरण हेर्दा उल्लिखित कानूनी व्यवस्था र यस अदालतबाट ०७८-WF-००३० को मुद्दामा भएको व्याख्याको आधारमासमेत मागबमोजिमको सुविधा दिन नमिल्ने ।

निवेदक राज रसाइलीलाई लिखतसम्बन्धी कसुर मुद्दामा मिति २०७७।०८।२६ मा काठमाडौं जिल्ला अदालतबाट भएको फैसलाले लागेको कैद असुल गर्नका लागि निज फरार रहेको अवस्थामा

प्रहरीले खोजी पक्राउ गरी कानूनबमोजिम कैदी पुर्जी दिई थुनामा राखिएको देखिएकाले निवेदकको थुना गैरकानूनी भनी मान्न सकिने देखिएन । अतः मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १५५ को सुविधा दिन मिलेन भनी मिति २०७९।१२।०२ मा काठमाडौं जिल्ला अदालतले गरेको आदेश कानूनसम्मत नै देखिँदा निवेदकलाई कानूनप्रतिकूल बन्दी बनाएको देखिन नआएकोले निवेदन मागबमोजिमको आदेश जारी गर्न मिलेन । प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत : ललित सापकोटा

कम्प्युटर : अमिररत्न महर्जन

इति संवत् २०८० साल जेठ ९ गते रोज ३ शुभम् ।

## २९

**मा.न्या.श्री टंकबहादुर मोक्तान र मा.न्या.श्री कुमार रेग्मी,** *०७७-WO-०३२०, उत्प्रेषण / परमादेश, ऋषिराज भण्डारी वि. राष्ट्रिय किताबखाना (शिक्षक) छाउनी, काठमाडौंसमेत*

निवेदकले पेस गरेको शैक्षिक योग्यताको कागजात, मूल नागरिकता तथा पछि जारी भएका नागरिकताका प्रतिलिपिहरूबमोजिम निजको जन्ममितिका सम्बन्धमा एकरूपता नभएको अवस्थामा नागरिकता जारी गरेको आधिकारिक निकाय जिल्ला प्रशासन कार्यालय, झापाबाट निजको जन्ममितिको अभिलेखबमोजिम को तथ्य माग गरी सोबमोजिम निवेदकको नागरिकताका प्रमाणपत्रहरू जारी भएको २०३३ सालको मूल अभिलेखको आधारमा निवेदकको उमेर २०३३ सालमा १८ वर्ष उल्लेख भए अनुसार निवेदकको नागरिकता जारी भएको मिति २०३६।०४।१५ लाई आधार मानी उमेर गणना गरी जन्ममिति २०१५।०४।१५ कायम गरी निवेदकले अवकाश पाउने मिति २०७५।०४।१५ कायम गरेको विषयमा सो हदसम्म प्रत्यर्थी राष्ट्रिय किताबखाना (शिक्षक) को मिति २०७७।०६।२२ को निर्णयलाई अन्यथा भन्न नमिल्ने ।

निवेदकले गलत नियत राखी उमेर ढाँटी बढी अवधि सेवामा रहने उद्देश्य राखेको भन्ने मिसिल संलग्न प्रमाणबाट पुष्टि भएको देखिँदैन । साधिकार निकायबाट जारी भएको शैक्षिक योग्यताको प्रमाणपत्र तथा नागरिकताको प्रमाणपत्रको प्रथम प्रतिलिपिमा उल्लिखित जन्ममिति तथा उमेरलाई आधार मानी निज निवेदक सेवारत रहेको भन्ने देखिन्छ । निवेदकको सेवालाई नियमन गर्ने निकाय विपक्षी शिक्षा विकास तथा समन्वय इकाई झापाले समेत निजलाई अवकाशको पत्र मिति २०७६।१०।१५ दिएको अवस्थामा निजले आफ्नो सेवालाई निरन्तरता दिई आफ्नो समय र परिश्रम खर्च गरेको विषयलाई अन्यथा भन्न सकिने अवस्था देखिँदैन । शिक्षा नियमावली, २०५९ को नियम १२६ को उपनियम (२) को खण्ड (घ) बमोजिम "उमेरको कारणबाट अनिवार्य अवकाश पाउने शिक्षकलाई अवकाश पाउने मितिसमेत खुलाई छ महिनाअगावै जानकारी गराउने" काम, कर्तव्य र अधिकार राष्ट्रिय किताबखाना (शिक्षक) को रहेको देखिन्छ । मिसिल संलग्न कागजात तथा उक्त कार्यालयको लिखित जवाफबाट यी निवेदकलाई उक्त नियमबमोजिमको निवेदकको अवकाश मिति २०७५।०४।१५ हो भन्ने अग्रिम सूचना दिएको नभई अवकाश मिति २०७६।१०।०७ भन्ने उल्लेख गरी पत्र दिएको देखिन्छ । अधिकारप्राप्त निकायबाट नियमानुसार दिनुपर्ने अग्रिम सूचना नदिएको अवस्थामा यी निवेदकले अवकाश पाउने उमेरपश्चात् सेवा प्रदान गरेको देखिएकोले यी निवेदकले मिति २०७५।०४।१५ देखि २०७६।१०।०६ सम्म काम गरेबापत लिएको तलबभत्ता रू. ७,९२,७८५।- (सात लाख बयानब्बे हजार सात सय पचासी ) निजको अवकाशको रकमबाट कट्टा गर्ने गरी गरेको निर्णय कानून र न्यायसम्मत रहेको मान्न नसकिने ।

निवेदक ऋषिराज भण्डारीको जन्ममिति २०१५।०४।१५ कायम भई अवकाश मिति २०७५।०४।१५ हुने देखिँदा निवेदन माग अनुसार राष्ट्रिय किताबखाना (शिक्षक) को मिति २०७७।०६।२२ को निर्णय उत्प्रेषणको आदेशद्वारा

बदर गर्न मिलेन । निवेदकको उक्त मागदाबी खारेज हुने ठहर्छ । निवेदकले मिति २०७५।०४।१५ देखि मिति २०७६।१०।०६ सम्म अवकाशपश्चात्समेत शिक्षण सेवा प्रदान गरेको देखिएको अवस्थामा उक्त अवकाशपछिको अवधिमा खाइपाइ आएको तलब भत्ता रकम रू. ७,९२,७८५।– (अक्षरेपि सात लाख बयानब्बे हजार सात सय पचासी) निवेदकले नपाउने भन्न नमिल्ने हुँदा निवेदकले खापाइसकेको तलब भत्ता कट्टा नगरी मिति २०७५।०४।१५ लाई अवकाश मिति कायम गरी अर्को निवृत्तिभरण अधिकारपत्र जारी गर्नु भनी विपक्षीहरूका नाममा परमादेशको आदेशसमेत जारी हुने ।

इजलास अधिकृत : ललित सापकोटा

कम्प्युटर : अमिररत्न महर्जन

इति संवत् २०८० साल जेठ ९ गते रोज ३ शुभम् ।

**३०**

**मा.न्या.श्री टंकबहादुर मोक्तान र मा.न्या.श्री कुमार रेग्मी,** *०७९-WH-०१५१, बन्दीप्रत्यक्षीकरणसमेत, जनदेवी दमाई वि. उच्च अदालत पाटन, ललितपुरसमेत*

उच्च अदालत पाटनबाट प्राप्त बैंकिङ कसुर मुद्दाको सक्कल मिसिल हेर्दा अभियोग पत्रमा निवेदक/प्रतिवादीको वतन कालीकोट जिल्ला साबिक धौलागोह गा.वि.स. वडा नं.७ हाल परिवर्तित पताला गाउँपालिका, वडा नं. २ घर भई हाल जिल्ला काठमाडौं का.म.न.पा.१७ ढल्को बस्ने भनी दुई वटा फरक फरक वतन उल्लेख भएको देखिन्छ । निवेदकले राष्ट्रिय वाणिज्य बैंक लि. शाखा कार्यालय, भोटाहिटीमा बैंक खाता खोल्दा निवेदनमा आफ्नो व्यक्तिगत विवरणमा हालको ठेगाना काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका वडा नं. १७, ढल्को भन्ने लेखेको र निज प्रतिवादी भएको माथि उल्लिखित बैंकिङ कसुर मुद्दाको अभियोगपत्रमा समेत उक्त ठेगाना उल्लेख भएको पाइन्छ । उच्च अदालत पाटनबाट निजको नाममा समाहवान म्याद जारी गर्दा निजको बसोबास नभएको "कालीकोट जिल्ला साबिक धौलागोह गा.वि.स., वडा नं.७ हाल परिवर्तित पताला गाउँपालिका, वडा नं. २" मा मिति २०७७/०१/१९ मा जारी भई मिति २०७७/०६/२५ मा म्यादवालाको एकाघरको उमेर पुगेका लोग्ने मानिस र स्वास्नी मानिससमेत फेला नपरेकोले साक्षीहरूको रोहबरमा एकप्रति निजको घरदैलोमा टाँस गरी अर्को एकप्रति म्याद सम्बन्धित वडा कार्यालयमा बुझाएको तामेली बेहोराबाट देखिने ।

मुलुकी फौज्दारी कार्यविधि संहिता, २०७४ को दफा ६१(२) मा यस सहिताबमोजिम जारी भएको समाहवान जुन व्यक्तिको नाममा जारी भएको हो यथासम्भव सोही व्यक्तिलाई बुझाउनुपर्ने छ भनी प्रस्ट उल्लेख भएको पाइन्छ। बैंकिङ कसुर मुद्दाको अभियोग पत्रमा नै निवेदकको नाममा स्थायी वतन र हाल बसोबास गरिरहेको वतन भनी दुई फरक फरक वतन उल्लेख भएकोमा अदालतबाट एउटा (स्थायी) वतनमा मात्र म्याद जारी भएको देखिएको र निजको हालको बसोबासको वतन (जिल्ला काठमाडौं, काठमाडौं महानगरपालिका वडा नं. १७ ढल्को) मा म्याद जारी नभएबाट आफू सुनुवाइ प्रक्रियामा संलग्न हुन नसकेको र प्रतिरक्षा गर्ने मौकाबाट वञ्चित भएको भन्ने निवेदन जिकिर अन्यथा देखिँदैन । अदालतले यथासम्भव कुनै कसुरको अभियोग लागेको व्यक्तिलाई निजको उपस्थितिमा सुनुवाई गरी कसुर ठहर एवम् सजाय निर्धारण गर्नुपर्छ भन्ने फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ६१(२) को कानूनी व्यवस्थाको मनसाय हो। निवेदकलाई सुनुवाइको मौका प्रदान नगरी सजाय तोक्दा प्राकृतिक न्यायको सिद्धान्तप्रतिकूल हुने भई निवेदकलाई अन्याय पर्न जाने ।

निवेदक जनदेवी दमाई बसोबास गरिआएको निवेदनमा उल्लिखित वतनमा पुनः म्याद जारी गरी तामेल गर्नुपर्ने देखिएकोमा निज उच्च अदालत पाटनको मिति २०७९/०४/२३ को फैसला तथा ललितपुर जिल्ला अदालत, तहसिल शाखाको मिति २०७९/०५/२२ को पत्र (कैदी पुर्जी) बमोजिम हाल केन्द्रीय कारागार कार्यालय, जगन्नाथदेवल, काठमाडौंमा रहेको सो कार्यालयको लिखित

जवाफसमेतबाट देखिएकाले निवेदकलाई उक्त कारागारमा म्याद जारी गरी रीतपूर्वक तामेलसमेत गराई कानूनको म्यादभित्र अदालतमा उपस्थित भए निजको बयान लिई उक्त बैंकिङ कसुर मुद्दाको बारबाही किनारा गर्नु भनी उच्च अदालत पाटनको नाममा परमादेशको आदेश जारी हुने ठहर्छ । उच्च अदालतको फैसला कार्यान्वयनको क्रममा निवेदकलाई कैद भुक्तानको लागि थुनामा राखेको अवस्था रहेको र यी निवेदकका हकमा प्रत्यर्थी उच्च अदालत पाटनबाट उक्त बैंकिङ कसुर मुद्दाको सुरू कारबाही प्रारम्भ भई उसै मुद्दाबाट कानूनबमोजिम हुने हुँदा निवेदन मागबमोजिम बन्दीप्रत्यक्षीकरणको आदेश जारी गर्न मिलेन । बन्दीप्रत्यक्षीकरणको निवेदन खारेज हुने ।

इजलास अधिकृत : मनोज बराल

कम्प्युटर : प्रेमबहादुर थापा

इति संवत् २०७९ साल चैत १२ रोज १ मा शुभम् ।

**३१**

**मा.न्या.श्री टंकबहादुर मोक्तान र मा.न्या.श्री कुमार रेग्मी**, *०७९-WH-०१४५, बन्दीप्रत्यक्षीकरण समेत, राजु लिम्बु वि. उच्च अदालत विराटनगर, इलाम इजलास, इलामसमेत*

निवेदकउपर झापा जिल्ला अदालतसमक्ष लिखतसम्बन्धी कसुरको अभियोगपत्र दायर भई थुनछेक आदेश हुँदा निजसँग रू.२,५०,०००/- (दुई लाख पचास हजार रूपैयाँ) नगद धरौट वा सो बराबरको जेथा जमानत वा बैंक जमानत दिए लिई तारेखमा राख्नु भन्ने आदेश भएबमोजिम निजले अदालतबाट माग भएको धरौटी राखी तारेखमा रही मुद्दाको पुर्पक्षमा रहेको देखियो । सुरू झापा जिल्ला अदालतको मिति २०७९।५।३० को आदेशमा चित्त नबुझाई नेपाल सरकारको तर्फबाट मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ७३ बमोजिम निवेदन परेकोमा उच्च अदालत विराटनगर, इलाम इजलासबाट कैफियत प्रतिवेदन माग भई सुनुवाई हुँदा झापा जिल्ला अदालतको मिति २०७९।०५।३० को आदेश निवेदक राजु लिम्बुको हकमा बदर भई निजलाई पुर्पक्ष प्रयोजनको निमित्त मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ६७ बमोजिम थुनामा राखी पुर्पक्ष गर्नु भन्ने आदेश भएको देखियो । उच्च अदालत विराटनगर इलाम इजलासले निवेदन/ प्रतिवेदनउपर सुनुवाइ गर्दा निवेदक/प्रतिवादीलाई सुनुवाइमा उपस्थित हुन सूचना दिई प्रतिवादको अवसर प्रदान गर्नुपर्नेमा यी निवेदकलाई सो निवेदन/प्रतिवेदनमा सुनवाइ हुँदा सूचना वा जानकारी दिएको भन्ने कुरा निवेदन बेहोरा एवम् लिखित जवाफबाट समेत देखिएन । तसर्थ यी निवेदकले निवेदन/प्रतिवेदनको सुनुवाई गर्ने अदालतले आफूलाई सुनुवाइको लागि उपस्थित हुन सूचना नदिई प्रतिवाद गर्न पाउने अवसरबाट वञ्चित गरेको भन्ने निवेदन जिकिरलाई अन्यथा भन्न नमिल्ने ।

निवेदक/प्रतिवादी झापा जिल्ला अदालतको च.नं.५२९९, मिति २०७९।१०।२५ को थुनुवा पुर्जीबमोजिम हाल कारगार कार्यालय, भद्रपुर, झापामा थुनामा रहेको भन्ने सो कार्यालयको लिखित जवाफबाट समेत देखिएकाले निजलाई जिल्ला कारागार कार्यालय, भद्रपुरबाट झिकाई उच्च अदालत विराटनगर, इलाम इजलासमा उपस्थित गराई सुनुवाइको मौका दिई झापा जिल्ला अदालतबाट मिति २०७९।०५।३० मा भएको आदेशका सम्बन्धमा पुनः आदेश गर्नू भनी विपक्षी उच्च अदालत विराटनगर, इलाम इजलासको नाममा परमादेशको आदेश जारी हुने ठहर्छ । उच्च अदालत विराटनगर, इलाम इजलासबाट आफूसमक्ष परेको निवेदन/प्रतिवेदनमा नियमित न्यायिक प्रक्रियाअन्तर्गत भएको आदेशबमोजिम निवेदक राजु लिम्बुलाई पुर्पक्षको लागि थुनामा राखेको देखियो । साधिकार अदालतबाट प्रमाणको मूल्याङ्कन गरी भएको आदेशबमोजिम यी निवेदक थुनामा रहेको देखिँदा त्यस्तो थुनालाई गैरकानूनी थुना मान्न नमिल्ने भएकाले बन्दीप्रत्यक्षीकरणको आदेश जारी गर्न मिलेन । बन्दीप्रत्यक्षीकरणको रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत : मनोज बराल

कम्प्युटर : प्रेमबहादुर थापा

इति संवत् २०७९ साल चैत १२ रोज १ मा शुभम् ।

## इजलास नं.११

### ३२

**मा.न्या.श्री सुष्मालता माथेमा र मा.न्या.श्री कुमार रेग्मी**, *०७९-WH-००७२, बन्दीप्रत्यक्षीकरण, सागर कार्की वि. उच्च अदालत पाटन, ललितपुरसमेत*

कुनै व्यक्ति गैरकानूनी रूपमा थुनामा रहेको छ, छैन भनी हेर्नुपर्ने । निवेदकका सम्बन्धमा निज विरूद्ध बैंकिङ कसुर मुद्दा दायर भई मुद्दा हेर्ने अधिकारक्षेत्र भएको उच्च अदालत पाटनबाट भएको फैसलाबमोजिम लगत कायम भई सोही लगतअनुसार धादिङ जिल्ला अदालतमा थुनामा राखेको हुँदा निज गैरकानूनी थुनामा रहेको नदेखिएकोले बन्दीप्रत्यक्षीकरणको आदेश जारी गर्नुपर्ने अवस्था नहुँदा सो हदसम्म निवेदकको रिट निवेदन खारेज हुने ।

अतः निवेदकका नाममा उच्च अदालत पाटनबाट मिति २०७१।८।२९ मा जारी भई धादिङ जिल्ला अदालतबाट मिति २०७१।१०।४ मा तामले भएको म्याद कानूनसँगत नदेखिँदा उक्त तामेली समाहवान म्याद र सोही आधारमा यी निवेदकका हकमा उच्च अदालत पाटनबाट मिति २०७२।५।९ मा भएको फैसलासमेत उत्प्रेषणको आदेशले बदर हुने ठहर्छ । निवेदक सागर कार्की हाल कारागार कार्यालय, धादिङमा थुनामा रहेको देखिँदा यथाशिघ्र निवेदकलाई सम्बन्धित कारागारबाट झिकाई उल्लिखित दुवै मुद्दामा निजको हकमा बयान, थुनछेक एवम् जो जे बुझ्नुपर्छ बुझी मुद्दाको कारबाही र किनारा गर्नू भनी उच्च अदालत पाटनको नाममा परमादेशको आदेशसमेत जारी हुने ।

इजलास अधिकृत : गम्भीर घिमिरे

इति संवत् २०७९ साल कार्तिक २८ गते रोज २ शुभम् ।

### ३३

**मा.न्या.श्री सुष्मालता माथेमा र मा.न्या.डा.श्री मनोजकुमार शर्मा**, *०७२-CR-००९३, कर्तव्य ज्यान, नेपाल सरकार वि. प्रदिप मण्डल*

प्रस्तुत कर्तब्य ज्यान मुद्दामा अभियुक्त बनाइएका प्रतिवादी प्रदिप मण्डललाई पक्राउ गरी पेस गर्नको लागि जिल्ला प्रहरी कार्यालय सुनसरीमा कार्यरत प्रहरी सहायक निरीक्षक नवराज कार्कीको कमान्डमा टोली खटाएकोमा उक्त टोलीले मिति २०६९।११।३० मा यी प्रतिवादीलाई सुनसरी इनरूवा नगरपालिकाको वडा नं. ७ मा घुमफिर गर्दै गरेको अवस्थामा पक्राउ गरिएको भन्ने निज प्र.स.नि. नवराज कार्कीको प्रतिवेदन मिसिल संलग्न रहेको देखिन्छ भने प्रस्तुत मुद्दामा प्रमाण मिसिलको रूपमा संलग्न रहेको "केही सार्वजिनक अपराध" मुद्दाको मिसिलबाट यी प्रतिवादीउपर नै उक्त मुद्दा चली सो मुद्दामा निज २०६९।११।७ मा पक्राउ परी २०६९।११।३० मा मात्र जिल्ला प्रशासन कार्यालय सुनसरीबाट धरौटमा छुटेको देखिन्छ । यसरी मिसिल संलग्न प्रमाणहरूबाट एकै प्रतिवादी एउटै मितिमा सम्बन्धित प्रहरी कार्यालयको हिरासतमा रही त्यहाँबाट धरौटमा छुटेको र त्यही प्रहरी कार्यालयको टोलीले घुमफिर गर्दैगरेको अवस्थामा अमुक स्थानबाट पक्राउ परेको भनी दाखिला गराएको पत्र मिसिल संलग्न रहेबाट प्रस्तुत मुद्दामा निश्पक्ष तवरले अनुसन्धान गर्नुपर्ने निकायले निश्पक्ष अनुसन्धान गरी अभियोग पत्र दायर भएको अवस्था छ भनी मान्न मिल्ने अवस्था नदेखिने ।

प्रत्यर्थी प्रतिवादी प्रदिप मण्डल विरूद्धको अभियोग दाबी शंकारहित तरिकाले पुष्टि हुन सकेको छैन । यसरी पुष्टि हुन नसकेको अवस्थामा शंकाको सुविधा अभियुक्तले पाउँछ भन्ने फौजदारी न्यायको सर्वमान्य सिद्धान्तसमेतको आधारमा यी प्रतिवादी प्रदिप मण्डललाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैद हुने गरी सुरू सुनसरी जिल्ला अदालतबाट भएको फैसला उल्टी गरी अभियोग दाबीबाट सफाइ पाउने ठहऱ्याएको तत्कालिन पुनरावेदन अदालत विराटनगरबाट भएको फैसला अन्यथा नदेखिने ।

अतः प्रत्यर्थी प्रतिवादीले अभियोग दाबीबाट सफाइ पाउने ठहऱ्याएको तत्कालीन पुनरावेदन

अदालत विराटनगरको मिति २०७१।८।२८ को फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत : लिलाधर सुवेदी

कम्प्युटर : देबिमाया खतिवडा(देबिना)

इति संवत् २०७९ साल साउन १७ गते रोज ३ शुभम् ।

**३४**

**मा.न्या.श्री सुष्मालता माथेमा र मा.न्या.डा.श्री मनोजकुमार शर्मा**, *०७२-CR-११२२, सवारी अङ्गभङ्ग, नेपाल सरकार वि. काजी तामाङ*

नारायणी उपक्षेत्रीय अस्पतालको २०७२।२।१३ को पत्रबाट राजेश्वरप्रसाद वरैको शरीरका भाँचिएका विभिन्न हाडहरू जोडिने क्रममा छ, हाल पूर्णरूपमा ठिक भएको छैन भन्ने बेहोरा उल्लेख भएको पाइएबाट भाँचिएको अङ्ग निको हुने क्रममा रहेको र ती अङ्ग वेकम्मा हुनबाट जोगिएको कुराको स्पष्ट रूपमा बोध भएको छ । प्रतिवादीले ट्रक चलाउँदा सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा १६२ को उपदफा (१) मा प्रयुक्त वदनियतका साथ किचेको, ठक्कर दिएको वा दुर्घटना भएको भन्ने कुरा अभियोजन पक्षबाट पुष्टि हुन सकेको पाइँदैन । जाहेरी दरखास्तमा उल्लेख गरिएकोजस्तो ट्रकलाई अगाडि पछाडि गरी पीडितलाई ट्रकको चक्काले किचेको भए प्रतिवादीको हात खुट्टा भाँचिने मात्र नभई सबै शरीर ट्रकको चक्काले छिया छिया हुने अवस्था हुन्छ । पीडितको घाउँ जाँच प्रतिवेदन र शारीरिक अवस्थाले त्यस्तो भएको देखिँदैन । पीडितको शरीरमा लागेका घाउ र समग्र शरीरको अवस्था हेर्दा जाहेरीको बेहोरा बढाई चढाई गरी घटनालाई अतिरन्जित गर्न खोजेको आभाष हुन्छ । जाहेरी दरखास्तको उक्त बेहोरालाई मात्रै आधार मानेर प्रतिवादीको बदनियत रहेको भन्ने कुरा पुष्टि नहुने ।

प्रतिवादीलाई २ वर्ष कैद र रू.२५००।– (दुई हजार पाँच सय रुपैयाँ) जरिवाना हुने ठहऱ्याई पर्सा जिल्ला अदालतबाट मिति २०७२।०२।२५ मा भएको फैसला उल्टी गरी प्रतिवादी काजी तामाङलाई सवारी तथा यातायात ब्यवस्था ऐन, २०४९को दफा १६२ को उपदफा (१) बमोजिम रू.५०००।– (पाँच हजार रूपैयाँ) जरिवाना हुने ठहऱ्याई तत्कालिन पुनरावेदन अदालत हेटौँडाबाट मिति २०७२।६।१९ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत : लिलाधर सुवेदी

कम्प्युटर : देबिमाया खतिवडा (देबिना)

इति संवत् २०७९ साल साउन १७ गते रोज ३ शुभम् ।

३५

**मा.न्या.श्री सुष्मालता माथेमा र मा.न्या.श्री नहकुल सुवेदी**, *०७५-CR-२५८६, बन्दीप्रत्यक्षीकरण, हर्कबहादुर मगर वि. झापा जिल्ला अदालत, भद्रपुर, झापासमेत*

सर्वप्रथम २०७० सालको स.फौ.न.१८-०७०-०११७६ को जबरजस्ती करणी मुद्दामा प्रतिवादी बनाइएका रूपक मगर र यी पुनरावेदक हर्कबहादुर मगर एउटै व्यक्ति हो, होइन भन्ने कुराको निक्यौंल गर्नुपर्ने देखियो । सो सम्बन्धमा मिसिल संलग्न कागजात अध्ययन गरी हेर्दा, यी हर्कबहादुर मगरलाई जाहेरवाला बीरबहादुर नेपालीले सनाखत गरी कागज गर्दा रूपक मगर नाम गरेको व्यक्ति नै हर्कबहादुर मगर हो । वारदात हुँदाका समयमा निजलाई गाउँ घरमा रूपक मगर भनी बोलाउने गर्थे । हाल निजले हर्कबहादुर मगरको नामबाट नागरिकता लिएका रहेछन् । रूप रङ हेरी चिने भनी सनाखत गरिदिएको पाइन्छ । यी पुनरावेदकले आफू रूपक मगर नभई हर्कबहादुर मगर भएको भनी दाबी साथ पेस गरेको नागरिकताको छाँयाप्रति हेर्दा उक्त नागरिकता मिति २०६८।६।१ मा जारी भएको देखिन्छ । विद्यालयको चारित्रिक प्रमाण पत्र मिति २०६८।५।३० मा जारी भएको देखिन्छ । मिति २०५०।३।२ मा दर्ता भएको जन्मदर्ताको प्रमाणपत्रको छाँयाप्रति हेर्दा निजको जन्ममिति २०४५।३।४ उल्लेख भएको देखिन्छ । जाहेरवालाले जाहेरीमा प्रतिवादीको उमेर २० वर्ष उल्लेख गरेकोमा वारदात मिति २०६५।५।५ मा भएको मितिमा निजको उमेर २० वर्ष नै हुन आएको देखिन्छ । साथै यी पुनरावेदकका बाबु मानबीर मगरको

नागरिकताको छाँयाप्रति हेर्दा निजको वतन जिल्ला झापा गरामूनि गा.वि.स.वडा नं. २ भन्ने उल्लेख भएको देखिन्छ । यी पुनरावेदकको नागरिकतामा बाबुको नाम मानबीर मगर र आमाको नाम कविता मगर भनी उल्लेख भएको देखिन्छ । जाहेरवालाले यी पुनरावेदकलाई सनाखत गराउँदा रूप रङसमेत चिनी गाउँ घरमा रूपक मगर भनी बोलाउने गरिएको व्यक्ति नै हर्कबहादुर मगर हो भनी सनाखत गरिदिएको अवस्थामा वारदात मितिभन्दा पछी बनाइएका नागरिकता र विद्यालयको चारित्रिक प्रमाणपत्रमा नाम फरक परेको कारणबाट मात्र यी प्रतिवादी अर्कै व्यक्ति हो भनी मान्न नमिल्ने ।

उपर्युक्त उल्लिखित आधार, कारणबाट यी पुनरावेदक हर्कबहादुर मगर र झापा जिल्ला अदालतबाट मिति २०७१।३।१८ मा फैसला भएको बीरबहादुर नेपालीको जाहेरीले वादी नेपाल सरकार प्रतिवादी रूपक मगर भएको संवत् २०७० सालको स.फौ.न.१८-०७०-०११७६ को जबरजस्ती करणी मुद्दामा प्रतिवादी बनाइएका रूपक मगर भन्ने व्यक्ति एउटै भएको देखिएको अवस्था हुँदा झापा जिल्ला अदालतबाट अन्तिम भई बसेको फैसलाबमोजिम लागेको कैद असुलउपर गर्न यी पुनरावेदक हर्कबहादुर मगरलाई मिति २०७५।९।२३ मा असुल तहसिलमा खटिएका टोलीले पक्राउ गरी कैदमा राख्न पठाएको कार्य गैरकानूनी नदेखिने ।

तसर्थ, हर्कबहादुर मगरलाई मिति २०७५।९।२३ मा पक्राउ गरी कैदमा राख्न पठाएको कार्य गैरकानूनी हुँदा बन्दीप्रत्यक्षीकरणको आदेश जारीगरी थुनामुक्त गरिपाउँ भनी हर्कबहादुर मगरको हकमा मानबीर मगरले दायर गरेको रिट निवेदन खारेज गर्ने गरी उच्च अदालत विराटनगर, इलाम इजलासबाट मिति २०७५।१०।३ मा भएको आदेश मिलेको देखिँदा सदर हुने ।

इजलास अधिकृत : कुबेर पाण्डे
कम्प्युटर : समी नेपाली
इति संवत् २०७९ साल साउन १९ गते रोज ५ शुभम् ।

## इजलास नं.१२

३६

**मा.न्या.श्री कुमार रेग्मी र मा.न्या.श्री हरिप्रसाद फुयाल**, *०७९-WH-०२०८, बन्दीप्रत्यक्षीकरण, रिना लामा दोङ वि. उच्च अदालत पाटनसमेत*

निवेदकउपर चलेको बैंकिङ कसुर मुद्दामा निजको घर रहेको स्थायी वतन र हाल बसोबास गरिरहेको भनी दुई फरक फरक वतन रहेको अभियोगपत्रबाट समेत देखिन्छ । हाल कार्यान्वयनमा रहेको मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ६१(२) मा भएको कानूनी व्यवस्था लाई हेर्दा "यस संहिताबमोजिम जारी भएको समाहवान जुन व्यक्तिको नाममा जारी भएको हो यथासम्भव सोही व्यक्तिलाई बुझाउनुपर्ने छ" भनी प्रस्ट उल्लेख भएको पाइन्छ । जसको अभिप्राय कुनै कसुरको अभियोग लागेको व्यक्तिलाई उसलाई लागेको अभियोगको बारेमा थाहा जानकारी दिई उक्त अभियोग विरूद्ध उचित सुनुवाइको मौका प्रदान गराइनुपर्दछ भन्ने रहेको मानिन्छ । प्रस्तुत रिट निवेदनमा निवेदकको नाममा एउटा वतनमा जारी भएको म्याद म्यादवाला वा उमेर पुगेका निजको एकाघर परिवारका सदस्यहरू फेला नपरेको तथा निजको बसोबास स्थायी वतनमा नरहेको कारण वडा कार्यालयको सूचना पाटीमा टाँस भएको देखिन्छ । मुलकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ६१(६) मा "....बसोबास भएको ठेगाना खुल्न सक्ने भए खुलाई र खुल्न नसक्ने भए सोही बेहोरा जनाई समाह्वान अदालतमा फिर्ता बुझाई दिनुपर्ने छ" भन्ने तथा ऐ.ऐनको ऐ.दफाको उपदफा ७ मा ".....अदालतले निज बसोबास गरेको ठाँउमा वा ठाँउ नखुलेमा वादी पक्षलाई बुझी आवश्यकता अनुसार ठेगाना खुलाई अर्को समाह्वान जारी गर्ने छ " भन्ने कानूनी व्यवस्थासमेत गरेको देखिन्छ । यसरी उक्त कानूनी व्यवस्थाका सन्दर्भमा मिसिल संलग्न कागजात

हेर्दा उक्त मितिहरूमा वेपत्ते म्याद तामेल भई फिर्ता आएको अवस्थामा वादी पक्षलाई निज प्रतिवादीको अर्को वतन भए नभएको खुलाउन लगाउने प्रयास गर्नुपर्नेमा सोसमेत भएको देखिएन । यसरी निवेदक विवाहपश्चात्‌को परिवर्तित स्थायी ठेगानामा बसोबास गरेको भन्ने जिकिरलाई अन्यथा भन्न नसकिने हुँदा निजको स्थायी ठेगाना पर्सा जिल्ला, ठोरी गा.पा. वडा नं.३ मा म्याद जारी भएको नदेखिएकोले उच्च अदालत पाटनबाट यी रिट निवेदकउपरको बैंकिङ कसुर अभियोगमा फैसला हुँदा निवेदकले प्रतिरक्षा गर्ने मौका नपाएको भन्ने निवेदन जिकिरलाई न्यायको रोहमा अन्यथा मान्नुपर्ने नदेखिने ।

यसर्थ, माथि विवेचित आधार, कारणबाट यी निवेदकउपर चलेको बैंकिङ कसुर मुद्दामा निजको नाममा जारी भएको म्याद निजको बसोबास भएको ठेगानामा नभई वेरितसँग तामेल भएको तथा वादी पक्षबाट यी प्रतिवादीको अर्को वतन भए नभएको बुझी वतन यकिन गरी वादीले खुलाएको वतनमा म्याद सूचना जारी गर्नुपर्नेमा सो नगरी एकैपटक राष्ट्रिय दैनिक पत्रिकामा म्याद सूचना प्रकासित भएको देखिँदा निजउपर चलेको उक्त मुद्दामा यी निवेदकले उचित सुनवाइको मौकाबाट वञ्चित भएको देखिन आएकाले निज निवेदकको नाममा जारी म्याद सूचना र कैदसजाय गर्ने गरी उच्च अदालत पाटनबाट भएको फैसलालाई कानूनसम्मत मान्न नमिल्ने ।

रिट निवेदकको नाममा उच्च अदालत पाटनबाट मिति २०७७।१०।२१ मा निजको स्थायी वतन रहेको ठेगानामा र मिति २०७८।०५।२३ मा हाल बसोबास रहेको अभियोगपत्रमा उल्लिखित ठेगानामा बेपत्ते तामेल भएको देखिएको, वादीलाई अर्को वतन भए नभएको खुलाउनसमेत नलगाएको, निजको मिति २०७६।११।१३ मा विवाह भई ठेगाना परिवर्तन भएको भन्ने मिसिल संलग्न विवाह दर्ता प्रमाणपत्रबाट देखिएकोले निजको नाममा जारी भएको मिति २०७७।१०।२१ र मिति २०७८।०५।२३ को म्याद रितपूर्वकको मान्न नसकिने भएकोले उक्त म्याद तथा सो म्यादको आधारमा मिति २०७८।१२।१३ मा उच्च अदालत, पाटनबाट भएको फैसला उत्प्रेषणको आदेशद्वारा बदर गरिदिएको छ । अब, निज निवेदक रिना लामा दोङलाई मुद्दा हेर्ने अख्तियार प्राप्त निकाय उच्च अदालत पाटनमा झिकाई कानूनबमोजिम अभियुक्तको बयानसमेत लिई जो जे बुझ्नुपर्ने प्रमाण बुझी पुनः इन्साफ गर्नु भनी परमादेशको आदेश जारी हुने ।

इजलास अधिकृत : देवेन्द्र पौडेल/मेजुमी गुरूङ

इति संवत् २०८० साल वैशाख १२ गते रोज ३ शुभम् ।

## ३७

**मा.न्या.श्री कुमार रेग्मी र मा.न्या.डा.श्री मनोजकुमार शर्मा**, *०७५-CI-००६६, नामसारी दर्ता, अमृतानन्द वैद्य वि. कान्छा भुजेल घर्ति*

जग्गाको स्रोतको रूपमा आलापोट ३५ भनी देखाइएकोमा जग्गाको लगतबाट लगतवाला बाबुलाल वैद्य काठमाडौं किलागल बस्ने भन्ने देखिन्छ । वादीले २०२१ सालमा धरौटी रकम दाखिला गरी रैकर परिणततर्फ कारबाही चलाउदा धरौटी रकम दाखिल गरेको भनी पेस गरेको धरौटी कागज दाखिल गर्ने गोविन्दानन्दको वतन पनि किलागल नै देखाइएकोमा २०२१ सालकै सर्भे नापीमा जग्गाधनीको नाउँमा का.ई. नरदेवी बस्ने सानुकाजी भन्ने देखिन्छ । यसबाट दाबीको कि.नं. ५८ को जग्गाधनीको वतन र वादीले भिडाउन खोजेको लगतवालको वतन फरक फरक रहेको अवस्थामा लगतवाला बाबुलाल वैद्य र धरौटी रकम दाखिला गरी रैकर परिणत कारबाही चलाउने व्यक्तिहरू एकै वतनका नातावाला व्यक्ति हुन भनी शंकारहित तवरबाट मान्न नसकिने ।

वादीले २०२१ सालमै दाबीको जग्गा रै.प. कारबाही चलाएको भनी रसिदबाट देखिएका अमरेश्नानन्द तथा गोविन्दानन्दले उक्त सानुकाजी व्यक्ति भनी जग्गाधनी उल्लेख भएउपर कुनै कारबाही चलाएको देखिँदैन भने मिति २०३९।११।६ को नाता प्रमाणित कागजले पनि उक्त तथ्यलाई समर्थन गरेकोसमेत देखिँदैन । यसरी फरकफरक वतन र

प्रमाणबाट फरक फरक देखिएको अवस्थामा जग्गाको हक कायम गर्ने सन्दर्भमा फिल्डबुकमा उल्लिखित सानुकाजी र सचितानन्द एकै व्यक्ति हुन भनी २०५७ सालमा वडा कार्यालयबाट भएको सिफरिसलाई अकाट्य आधारको रूपमा लिई सानुकाजी भन्ने व्यक्ति र सचितानन्द भन्ने व्यक्ति प्रस्तुत मुद्दामा पेस गरिएका प्रमाण कागजबाट एकै हुन् भनी भन्न सकिने आधार देखिएन । वादीले पेस गरेको मिति २०२१।१२।३० गतेको रसिदबाट २४ रोपनीका हकमा पोत तिरेको देखिन्छ । तर उक्त तिरो तिरेको जग्गा के कुन तथा कहाँको यति क्षेत्रफलयुक्त जग्गा हो कति रै.प. भइसकेको र यति बाँकी हो भनी स्पष्टसमेत पार्न सकेको पाइएन । साथै उक्त रसिदमा नापीमा दाबीको कि.नं. ५८ कायम भएको भनी रसिदमा उक्त कित्ता नम्बर जनाएइको समेत पाइदैन । यसरी आलापोट ३५४ मध्येको दर्ता हुन छुट भएको भनी साबिक भद्रवास वडा नं. ४ को कि.न. ५८ को जग्गा भिडाउन खोज्ने वादीले मोही लगतको यो खलाबाट यो यस्तो स्थानको यति जग्गा भिडाई यति जग्गा यो कारणले दर्ता गराउन छुट भएको भनी दाबी गर्न वस्तुनिष्ठ प्रमाण पेस गर्न सकेको देखिएन । यसर्थ वादी दाबीको विवादित कि.नं. ५८ को जग्गाको स्रोत भनी उल्लिखित तथ्य प्रमाणले उक्त जग्गा वादीको हककै हो भनी पुष्टि हुन सक्ने कागजात पेस हुन सकेको नदेखिँदा वादी दाबीबमोजिम हक कायम हुन नसक्ने ।

विवादित जग्गा "ख" श्रेणीको बिर्ता जग्गा हो होइन भन्ने सम्बन्धमा विचार गर्दा, प्रस्तुत मुद्दाका प्रतिवादीले यस मुद्दामा प्रतिउत्तर फिराउँदा तथा स्वयं वादी भई दायर गरेको हक कायम नामसारी दर्ता मुद्दामा फिल्डबुकमा आफ्नो बुबा रणबहादुर भुजेलको नाउँ उल्लेख भएको र उक्त जग्गा "ख" बिर्ता भएको हुँदा बिर्ता उन्मुलन ऐन, २०१६ को दफा ७क बमोजिम आफ्नो एकलौटी नाउँमा हक कायम दर्ता हुने भनी दाबी गरेको देखिन्छ । दाबीको आधार फिल्डबुक तथा २ नं. अनुसूची भएको भनी उल्लेख गरेको देखिन्छ । मिसिल संलग्न कागजात हेर्दा फिल्डबुकमा निजका बुबाको नाम जोताहामा रणबहादुर घर्ति भनी जनिएको देखिन्छ । मिसिल सामेल २ नं. अनुसूची फारमबाट समेत उक्त कि.नं. ५८ को मोही निज नै भएको तथा जग्गावालाको नाम खाली रहेको देखिने ।

मालपोत कार्यालय काठमाडौंले मिति २०७०।०४।०९ मा गरेको सर्जमिनको आधारमा नै विवादित कि.नं.५८ को जग्गा बिर्ता कायम हुन सक्ने हो होइन भन्ने सम्बन्धमा हेर्दा, मिति २०६२।०३।२७ मा मालपोत कार्यालयले गराएको स्थलगत सर्जमिन बेहोरामा विवादित जग्गा रणबहादुरले नै जोत भोग गर्दैआएको र निजको मृत्यु भएपश्चात् निजका छोरा कान्छा भुजेलसमेत ३ को बाँडी लाग्ने जग्गा हो । हामीले आजसम्म जग्गाधनी चिनेको छैनौँ भनी सधियार शम्भुप्रसाद पुडासैनीसमेतले कागज गरिदिएको देखिन्छ । मिसिल संलग्न रहेको विवादित जग्गाको फिल्डबुक र २ नं. अनुसूची फारम, वादीले पेस गरेको जग्गाको लगतलगायत अन्य कुनै कागजातबाट विवादित जग्गा बिर्ता भन्ने बेहोरा पुष्टि हुनसकेको नदेखिँदा केवल उक्त मिति २०७०।०४।०९ को सर्जमिन बेहोरालाई मात्र आधार बनाई मिसिल संलग्न रहेका अन्य निश्चयात्मक प्रमाणको विपरीत हुने गरी उल्लिखित कि.नं.५८ को जग्गालाई "ख" श्रेणीको बिर्ता जग्गा हो भनी निर्णय पुग्नु उपयुक्त हुने नदेखिने ।

वादी दाबीको विवादित कि.नं.५८ को जग्गा आफ्नो भनी हकको स्रोत साथै फिल्डबुकको किसानको बेहोरामा उल्लिखित सानुकाजी र सचितानन्द भन्ने व्यक्ति एकै हुन भनी निश्चयात्मक प्रमाणबाट पुष्टि गर्न नसकेको तथा जग्गा नापीअघि वा नापीपश्चात् विभिन्न समयक्रममा तयार हुन आएको कागजातबाट विवादित जग्गा "ख" श्रेणीको बिर्ता हो भन्ने बेहोरा पुष्टि हुन सकेको नदेखिएको अवस्थामा विवादित कि.नं.५८ को जग्गा हक कायम रैकर परिणत गरिपाउँ भन्ने दाबी पुग्न नसक्ने गरी भएको सुरू काठमाडौं जिल्ला अदालतको फैसला सदर गर्ने ठहर गरेको उच्च अदालत पाटनबाट भएको फैसला मिलेकै देखिँदा अन्यथा गर्नुपर्ने नदेखिने ।

विवादित साबिक भद्रवास गा.वि.स. वडा

नं.४ कि.नं.५८ को जग्गा आफ्नो भनी हकको स्रोतबाट वादीले प्रमाणित गर्न नसकेको र प्रतिवादीले "ख" श्रेणीको बिर्ताको नाताले आफ्नो नाउँमा रैकर परिणतको दाबी लिँदा उक्त जग्गा "ख" श्रेणीको बिर्ता भई बिर्तावाला यो यस्तो व्यक्ति भन्नेसम्म स्थापित गराउन नसकेको तथा फिल्डबुकमा मोही जनिएकै आधारमा अमुक जग्गा मोहीको नाउँमा रैकर परिणत हक कायम गर्न नमिल्ने हुँदा उक्त जग्गामा जग्गाधनीको हैसियतमा वादी प्रतिवादी दुवैको हक पुग्न सक्दैन । अतः उक्त विवादित जग्गा हक कायम रैकर परिणत गरिपाउँ भन्ने दाबी पुग्न नसक्ने गरी भएको सुरू काठमाडौं जिल्ला अदालतको फैसला सदर गरेको उच्च अदालत पाटनको मिति २०७३।१२।२० को फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत : देवेन्द्र पौडेल/मेजुमी गुरूङ

कम्प्युटर : अमिररत्न महर्जन

इति संवत् २०७९ साल पुस १३ गते रोज १ शुभम् ।

**३८**

**मा.न्या.श्री कुमार रेग्मी र मा.न्या.डा.श्री मनोजकुमार शर्मा**, *०७८-WO-०९८३, उत्प्रेषण / परमादेश, अजितकुमार मलजैन वि. जिल्ला प्रशासन कार्यालय धनुषासमेत*

निवेदकले निवेदनमा उठाउनु भएको नागरिकताको विषयमा म निवेदकको आमा बैबाहिक अङ्गिकृत र बुबा जन्मको आधारमा नेपाली नागरिकता प्राप्त गरेको र मेरो जन्म नेपालमै भएको र हालसम्म शिक्षा पनि मैले नेपालमै अध्ययन गर्दैआइरहेकोले म निवेदकले पनि नेपाली नागरिकता प्राप्त गर्न पाउनुपर्छ भन्ने मुख्य निवेदन जिकिर रहेको प्रस्तुत विषयतर्फ हेर्दा नेपालको संविधानको धारा १०(१) मा कुनै पनि नेपाली नागरिकलाई नेपाली नागरिकता प्राप्त गर्ने हकबाट वञ्चित गरिने छैन भन्ने व्यवस्था रहेको र धारा ११(२) मा यो संविधान प्रारम्भ हुँदाको बखत नेपालमा स्थायी बसोबास भएको व्यक्ति वंशजको आधारमा नेपालको नागरिक ठहर्नेछ । उपधारा २(ख) मा कुनै व्यक्तिको जन्म हुँदाका बखत निजको बाबु वा आमा नेपाली नागरिक रहेछ भने त्यस्तो व्यक्तिले नागरिकता प्राप्त गर्न सक्ने भन्ने संवैधानिक प्रावधान रहेको देखिने ।

राष्ट्रिय बाणिज्य बैंक लि. शाखा कार्यालय जनकपुरको लिखित जवाफ हेर्दा हाल निवेदिकाको नाउँको ब.हि.नं. १२२०१००२०६०८२०१ को खाता खोलिसकिएको भन्ने बेहोरा देखिएको र यी निवेदिका नेहा जैनले जिल्ला प्रशासन कार्यालय धनुषाबाट प्र.प.नं.१७-१-८०/०४३४४ को नेपाली नागरिकता प्राप्त गरिसकेको भन्ने कुरा मिसिल संलग्न रहेको नागरिकताको प्रमाण पत्रको छाँया प्रतिबाट देखिन आएकोले प्रस्तुत निवेदनको औचित्य समाप्त भई निवेदन मागबमोजिम उत्प्रेषण तथा परमादेशको आदेश जारी गरिरहनुपर्ने अवस्थाको विधमानता देखिन आएन । प्रस्तुत निवेदन खारेज हुने ।

इजलास अधिकृत : सीता रेग्मी

कम्प्युटर : अमिररत्न महर्जन

इति संवत् २०८० साल साउन ३१ गते रोज ४ मा शुभम् ।

**३९**

**मा.न्या.श्री कुमार रेग्मी र मा.न्या.डा.श्री मनोजकुमार शर्मा,** *०७९-WO-०४०४, उत्प्रेषण, परमादेश, प्रतिषेधसमेत, शेषमणि आचार्य वि. नेपाल सरकार, स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय, रामशाह पथ, काठमाडौंसमेत*

निवेदकले निवेदनमा उल्लेख गरेबमोजिम निजलाई मिति २०७६।०४।२७ को निर्णयले मिति २०७६।०५।०१ मा जिपि कोइराला राष्ट्रिय श्वासप्रश्वास उपचार केन्द्र विकास समितिको गठन आदेश २०७० को दफा ३ को उपदफा २ को (ङ) बमोजिम उक्त समितिको सदस्य पदमा नियुक्ति गरिएको भन्ने देखिन्छ । त्यस्तै स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयको लिखित जवाफ हेर्दा निवेदकलाई मिति २०७६।०४।२७ को निर्णय अनुसार मिति २०७६।०५।०१ मा नियुक्ति गरी निज निदेदकको कार्य क्षमताको अभाव रहेको कारण देखाई मिति २०७९।०५।२९ मा सेवाबाट हटाइएको हो भन्ने

उल्लेख भएको देखिन आउँछ । जि.पि. कोइराला राष्ट्रिय श्वासप्रश्वास उपचार विकास समिति (गठन), आदेश २०७० को दफा ३ (२) (ङ) को प्रावधान हेर्दा ४ वर्षको लागि सदस्य पदमा नियुक्ति गर्न सकिने भन्ने देखिन्छ । रिट निवेदक मिति २०७६।०४।२७ को निर्णयले मिति २०७६।०५।०१ मा उक्त सदस्य पदमा मनोनयन भई काम गर्दैआइरहेकोमा मिति २०७९।०५।२९ मा निज निवेदक लाई उक्त सदस्य पदबाट हटाइएको भन्ने देखिएकोमा यस अदालतबाट मिति २०७९।०७।२८ मा अन्तरिम आदेश जारी भई हालसम्म कार्यरत रहेको देखिन आउँछ । प्रस्तुत निवेदनको अन्तिम निर्णय हुँदाका आजको मिति २०८०।०४।३१ गतेका दिनसम्म यी निवेदकको पदावधी ४ वर्ष समाप्त भइसकेको देखिँदा प्रस्तुत रिट निवेदनको औचित्य नदेखिने ।

निवेदन मागबमोजिम परमादेशको आदेश जारी गरिरहनु परेन । प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत : सीता रेग्मी

कम्प्युटर : अमिररत्न महर्जन

इति संवत् २०८० साल साउन ३१ गते रोज ४ मा शुभम्।

४०

**मा.न्या.श्री कुमार रेग्मी र मा.न्या.डा.श्री कुमार चुडाल,** ०७९-WH-०११८, बन्दीप्रत्यक्षीकरण, देवमाया घिमिरे वि. कारागार कार्यालय भद्रपुर झापासमेत

बन्दी भिमबहादुर राजवंशीलाई कारागार कार्यालय भद्रपुर झापाले यसै अदालतको मिति २०७९।१०।२२ को आदेशपश्चात् कैद रिहा गरेको भनी बन्दी स्वयम्ले फोनमार्फत जानकारी गराएको हुँदा हाल निज निवेदक बन्दी अवस्थामा नरही कैदबाट मुक्त भइसकेको भनी इजलाससमक्ष रिट निवेदक विद्वान् अधिवक्ता श्री देवमाया घिमिरेको तर्फबाट लिखित निवेदन पेस भएको देखियो । सो निवेदनमा यस अदालतको मिति २०७९।१०।२२ को आदेशानुसार बन्दी कैदमुक्त भएको भनी उल्लेख भए तापनि यस अदालतबाट मिति २०७९।१०।१३ मा भएको आदेशानुसारको कार्य सम्पन्न गर्ने सिलसिलामा यस अदालतबाट मिति २०७९।१०।१८ मा झापा जिल्ला अदालतलाई भएको पत्राचारको जवाफ झापा जिल्ला अदालतले मिति २०७९।१०।२२ मा यस अदालतमा पेस गरेको पाइयो । झापा जिल्ला अदालतबाट पेस गरिएको पत्रमा "भीमबहादुर राजवंशीलाई लागुऔषध मुद्दामा भएको सजायका लागि कैदहद भई चार वर्ष कायम भएको र दुवै मुद्दामा लागेको जरिवाना रू.२,५०,०००।– (दुई लाख पचास हजार रूपैयाँ) समेतको असुलीका लागि यस अदालतबाट मिति २०७६।०४।०१ मा कैदी पुर्जी जारी भएकोमा निज प्रतिवादले कैदबापतको कैद पूरा गरी जरिवानाबापत ज्यादा बसेको अवधि कटाई बाँकी जरिवाना असुली गर्दा कैदी पुर्जीबमोजिमको चार वर्ष अवधिलाई आधार मानिएको हो" भनी जवाफ प्राप्त हुन आएको देखिन्छ । सोही पत्रको आधारमा भिमबहादुर राजवंशी कैद मुक्त भएको भन्ने निवेदक कानून व्यवसायीको निवेदनबाट देखिने ।

यस अदालतबाट मिति २०७९।१०।१३ मा भएको आदेश कार्यान्वयनको क्रममा बन्दी भनिएका भीमबहादुर राजवंशी कैदमुक्त भएको देखिन आयो । गैह्रकानूनी थुनामा रहेका बन्दीलाई थुनामुक्त गर्न प्रस्तुत निवेदन पेस भएकोमा गैह्र कानूनी थुनामा राखिएको भनिएको व्यक्ति हाल थुनामुक्त नै भइसकेको भन्ने देखिन आएको हुँदा सो विषयतर्फ थप विवेचना गरिरहनपर्ने देखिएन । यसरी रिट निवेदन दर्ता गर्नुको औचित्य नै समाप्त भई बन्दी भनिएका भीमबहादुर राजवंशी फैसलाले लागेको कैद भुक्तान गरी थुनामुक्त भई हाल निज बन्दी अवस्थामा समेत नरहेको देखिएकोले मागबमोजिम बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरिरहनुपर्ने अवस्था विद्यमान रहेको नदेखिँदा रिट निवेदन खारेज हुने।

इजलास अधिकृत : दीक्षा प्रधानाङ्ग

कम्प्युटर : सन्जय गुरूङ

इति संवत् २०७९ फाल्गुन १२ गते रोज ६ शुभम्।

**४१**

**मा.न्या.श्री कुमार रेग्मी र मा.न्या.श्री नहकुल सुवेदी**, *०७४-CI-०७५५, मोही लगत कट्टा, नरबहादुर विश्वकर्मासमेत वि. पदमबहादुर विश्वकर्मासमेत*

वादी प्रतिवादीको नातासम्बन्ध हेर्दा यसमा धनबहादुर विश्वकर्मा र शुकमाया विश्वकर्माका ४ छोराहरू क्रमशः रामचन्द्र विश्वकर्मा, नरबहादुर विश्वकर्मा, पदमबहादुर विश्वकर्मा र मानबहादुर विश्वकर्मा रहेको देखिन्छ। प्रस्तुत मुद्दाको वादी एवम् प्रतिवादीका पिता धनबहादुर विश्वकर्मा विवादित जग्गा फिदिम ३क कि.न. २३४ को ८–०–०–३ जग्गाको मोही रहेको र निजको मिति २०५७।०५।०४ मा निधन भइसकेको भन्ने देखिन्छ। पीताको निधनपश्चात् प्रत्यर्थी प्रतिवादी पदमबहादुर र निजको श्रीमती शान्तिदेविले उक्त जग्गाको जग्गाधनीको भाग जति मिति २०६९।०८।२२ मा र.नं. ९३३ बाट खरिद गरी मृत्यु भइसकेका बाबुको नामको मोही लगत कट्टाको लागि निवेदन गरेको भन्ने देखिने।

प्रस्तुत मुद्दाका वादी प्रतिवादीहरू विवादित कि.नं.२३४ को जग्गाको मोही धनबहादुर विश्वकर्माको छोरा बुहारी रहेकोमा विवाद देखिँदैन । जग्गाधनीले वादी पदमबहादुर विश्वकर्मालाई पत्याएको भनी वादीले लिएको जिकिरलाई प्रतिवादी पक्षले अन्यथा भन्न सकेकोसमेत पाइँदैन। त्यसैगरी प्रस्तुत मुद्दा विवादित जग्गाको मोहीको लगत कट्टा गरी आफ्नो नाममा लगतसमेत कायम गरी अंश भागसमेत दिलाइपाउँ भनी दाबी लिएको नभई केवल मोहीको लगत कट्टा गरिपाउँ भन्नेसम्मको दाबी रहेको देखिन्छ।

त्यसैगरी यिनै वादी प्रतिवादीहरू पक्ष रहको प्रस्तुत विवादको जग्गासम्बन्धी अबन्डा मोहीयानी अंश मुद्दामा यसै जग्गाको मोहीहरू तर्फ ३ भागको २ भाग वादीले पाउने ठहरी पाँचथर जिल्ला अदालतबाट मिति २०७५/०१/२५ मा फैसला भएको भन्ने मिसिल संलग्न उक्त फैसलाको छाँया कपीबाट देखिन्छ भने उक्त फैसलाउपर पुनरावेदन परी हाल उक्त मुद्दा मुलतवीमा रहेको भनी वादी/प्रत्यर्थीको तर्फबाट उपस्थित विद्वान् अधिवक्ताले वहसको क्रममा इजलासलाई अवगत गराउनुभएको तथ्यलाई पुनरावेदक/प्रतिवादीतर्फबाट अन्यथा भन्न नसकेको।

विवादित जग्गाको मोही धनबहादुर विश्वकर्मा र निजको पत्नी शुकमाया विश्वकर्माको समेत निधन भइसकेको अवस्थामा मोहीको हक खाने एकाघर सगोलका छोरामध्ये जोजस्ले पनि मोही लगत कट्टा गरिपाउँ भनी निवेदन दिन मिल्ने नै देखिन्छ। त्यसैगरी पुनरावेदन अदालतमा विचाराधीन रहेको जग्गा अबन्डा मोहीयानी अंश मुद्दाबाट कसले कति जग्गा अंश पाउने भनी निर्णय हुन सक्ने अवस्था पनि विद्यमान रहेको देखिन्छ। यसरी जग्गाधनीले वादीलाई पत्याएको, केवल मोही लगत कट्टा गरिपाउँ भनी दाबी लिएको र मोहीको नामको जग्गा अंशियारको नाताले मोही लगत कट्टा गरी आफ्नो हक कायम गरिपाउँ भनी दाबी नलिएको र पुनरावेदन अदालतमा विचाराधीन रहेको मुद्दाबाट के कति बन्डा लाग्ने नलाग्ने भन्ने निर्णय हुने मार्गसमेत रहे भएकोसमेतबाट मृत्यु भइसकेको बाबुको नाम मोहीबाट लगत कट्टा गर्न नमिल्ने भन्न मिल्ने देखिएन । अत: विवादित कि.नं. २३४ को जग्गा वादी दाबीबमोजिम मोही धनबहादुर विश्वकर्माको नामको मोही लगत कट्टा गर्ने गरी सुरू मालपोत कार्यायल पाँचथरबाट मिति २०७२।०८।२९ मा भएको फैसला सदर गर्ने गरी उच्च अदालत विराटनगर, इलाम इजलासबाट मिति २०७३।११।०८ मा भएको फैसलासमेत मिलेको देखिने।

वादी दाबीबमोजिम मोही धनबहादुर विश्वकर्माको नामको मोही लगत कट्टा गर्ने गरी मालपोत कार्यायल पाँचथरबाट मिति २०७२।०८।२९ मा भएको फैसला सदर गर्ने ठहर गरी उच्च अदालत विराटनगर, इलाम इजलासबाट मिति २०७३/११/०८ मा भएको फैसला मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृत : रंजना विश्वकर्मा

कम्प्युटर : सन्जय गुरूङ

इति संवत् २०७९ माघ २५ गते रोज ४ शुभम्।

**४२**

**मा.न्या.श्री कुमार रेग्मी र मा.न्या.श्री तिलप्रसाद श्रेष्ठ,** *०७७-RB-०००५, बैंकिङ कसुर, शेषरमान तामाङ वि. नेपाल सरकार*

प्रतिवादीले अभियोग मागदाबीबमोजिमको बैंकिङ कसुर गरेको देखिन्छ वा देखिँदैन भन्नेतर्फ विचार गर्दा, प्रतिवादीउपर वादी नेपाल सरकारको तर्फबाट लगाइएको अभियोगसँग सम्बन्धित कानूनी व्यवस्था हेर्दा बैंकिङ कसुर तथा सजाय ऐन, २०६४ को दफा ३ मा कसैले पनि बैंक वा वित्तीय संस्थामा खाता खोल्दा वा रकम भुक्तानी माग गर्दा देहायको कार्य गर्नु हुँदैन भन्ने उल्लेख भई सो दफा ३ को देहाय (ग) मा आफ्नो खातामा मौज्दात रकम नभएको जानी-जानी चेक काटिदिन" भन्ने उल्लेख भएको देखिन्छ। यो व्यवस्थाअनुसार कसैले आफ्नो खातामा मौज्दात रकम नभएको जानी जानी चेक काटिदिएमा दफा ३ (ग) बमोजिमको कसुर गरेको मान्नुपर्ने हुन्छ । यसै सम्बन्धमा पूर्ण इजलासबाट ०७६-NF-००११ मा दफा ३(ग) को विस्तृत व्याख्यासमेत भइसकेको छ। यो कानूनी व्यवस्थाको रोहमा प्रस्तुत मुद्दाको स्थितिलाई हेर्दा माथिको प्रकरणमा उल्लेख भएबमोजिम यी प्रतिवादीले जाहेरवालाका नाममा चेक काटिदिएको र निजको खातामा चेकले खाम्ने अङ्कमा पर्याप्त रकम नभएको कारण चेकको भुक्तानी हुन नसकेको तथ्य प्रमाणित हुन आएको देखिने।

खातामा मौजदात रकम नभएको जानी जानी चेक काटेको हो वा होइन ? भन्ने प्रश्नतर्फ विचार गर्दा मौकामा अनुसन्धान अधिकारीसमक्ष र अदालतसमक्ष निज प्रतिवादीले गरेको बयान हेर्दा अनुसन्धानको क्रममा बयान गर्दा आफूले लिएको रकम तिर्न चेक दिएको हुँ । चेकमा भएको सहीछाप मेरो हो, चेक दिएपश्चात् मेरो आर्थिक समस्या र व्यापारमा गिरावट आई बैंकमा गई एक मुष्ट रकम जम्मा गर्न नसकेको कारणले गर्दा खातामा चेक खाम्ने रकम जम्मा गर्न नसकेको हुँदा निज जाहेरवालालाई दिएको चेक बाउन्स भएको भनी बयान गरेको र अदालतमा बयान गर्दा चेक काटेको र चेकमा भएको सही आफ्नै भएकोमा स्वीकार गर्दै उक्त चेक नगद लिए खाएबापत दिएको होइन भनी बयान गरेको देखिन्छ। यो बयान बेहोराबाट निजले जाहेरवालाका नाममा चेक काटिदिँदा निजको खातामा चेकबमोजिमको रकम नभएको कुरा निजलाई जानकारी नरहेको भन्ने देखिन आउँदैन। यो स्थितिमा निज प्रतिवादीले अभियोग मागदाबीबमोजिमको कसुर गरेको प्रमाणित हुन आएको देखिँदा निजलाई अभियोग दाबीबमोजिम वादीले ज बिगो भराइपाउने र प्रतिवादीलाई बिगोबमोजिम जरिवाना एवम् कैद दिन ३ (तीन) हुने ठहरी भएको फैसलालाई अन्यथा भन्न मिलेन । प्रस्तुत मुद्दाका तथ्यहरूलाई विश्लेषण गर्दा प्रतिवादी शेषरमान तामाङले आफ्नो खातामा पर्याप्त रकम नभएको जानकारी हुँदा हुँदै आफैँले दस्तखत गरी चेक काटिदिएको कारण सो चेकको भुक्तानी हुन नसकेको अवस्थामा सो काम कारबाही बैकिंङ्ग कसुर तथा सजाय ऐन, २०६४ को दफा ३ (ग) अन्तर्गत नै पर्ने देखिएबाट पुनरावेदकले जाहेरवालासँग कुनै पनि नगद नलिएको नखाएको हुँदा निजको नाममा चेक जारी गर्नुपर्ने अवास्थानै आउँदैन भन्ने पुनरावेदन जिकिरसँग सहमत हुन सकिएन । तसर्थ, प्रमाण मूल्याङ्कन नै नगरी भएको उच्च अदालत पाटनको फैसला त्रूटिपूर्ण रहेकोले बदर गरी न्याय पाउँ भन्ने प्रतिवादीको पुनरावेदन जिकिर पुग्न सक्ने नदेखिने।

प्रतिवादी शेषरमान तामाङले अभियोग मागदाबीबमोजिम बैंकिङ कसुर तथा सजाय ऐन, २०६४ को दफा ३ (ग) को कसुर गरेकोमा निज प्रतिवादीलाई सोही ऐनको दफा १५(१) बमोजिम चेकमा लेखिएको रकम रू.६,००,०००।- (छ लाख रूपैयाँ) बिगो कायम भई बिगोबमोजिमको रकम प्रतिवादीबाट जाहेरवाला नवराज शाहीले भराइपाउने तथा प्रतिवादीलाई बिगोबमोजिम रू. रू.६,००,००।- (छ लाख रूपैयाँ) जरिवाना र ३ (तीन) दिन कैद सजाय हुने एवम् अपराध पीडित संरक्षण ऐन, २०७५ को दफा ४१ बमोजिम प्रतिवादीलाई भएको जरिवानाको ४% ले हुन आउने रकम रू.२४,०००।- (चौबिस हजार रूपैयाँ)

क्षतिपूर्ति शुल्कबापत प्रतिवादीले बेहोर्नुपर्ने ठहऱ्याई उच्च अदालत पाटनबाट मिति २०७६।१०।२६ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत : गम्भिर राना मगर

कम्प्युटर : सन्जय गुरूङ

इति संवत् २०८० वैशाख ०६ गते रोज ४ शुभम्।

**४३**

**मा.न्या.श्री कुमार रेग्मी र मा.न्या.श्री तिलप्रसाद श्रेष्ठ**, *०७७-RB-०००६, बैंकिङ कसुर, शेषरमान तामाङ वि. नेपाल सरकार*

प्रतिवादीले अनुसन्धान अधिकारीसमक्ष बयान गर्दा दुई थान चेकहरू जगदम्बा सेल्स ट्रेडिङ्गको नाममा चेक काटी जाहेरवालालाई आफुले लिएको रकम तिर्न मेरो स्वइच्छाले दिएको हुँ। चेकमा भएको सहिछाप मेरो हो, चेक दिएपश्चात् मेरो आर्थिक समस्या र व्यापारमा गिरावट आई बैंकमा गई एक मुष्ट रकम जम्मा गर्न नसकेको कारणले गर्दा खातामा चेकहरूलाई खाम्ने रकम जम्मा गर्न नसकेको हुँदा चेक बाउन्स भएको हो भनी बयान गरेको पाइन्छ । अदालतमा बयान गर्दा चेकहरूमा भएको सहीछाप आफ्नो भएको स्वीकार गरेको र चेकमा उल्लेख भएको रकमको अङ्क आफूले नभरेको भनी बयान गरेबाट निजले आफ्नो खातामा चेकले खाम्ने रकम मौज्दात थिएन भन्ने जानकारी नरहेको भन्ने देखिन आएन। यो स्थितिमा निज प्रतिवादीले अभियोग मागदाबीबमोजिमको कसुर गरेको प्रमाणित हुन आएको देखिँदा निजलाई अभियोग दाबीबमोजिम वादीले बिगो भराइपाउने र प्रतिवादीलाई बिगोबमोजिम जरिवाना एवम् कैद दिन १० (दश) हुने ठहरी भएको उच्च अदालत पाटनको फैसलालाई अन्यथा भन्न मिलेन। प्रस्तुत मुद्दाका तथ्यहरूलाई विश्लेषण गर्दा प्रतिवादी शेषरमान तामाङले आफ्नो खातामा पर्याप्त रकम नभएको जानकारी हुँदा हुँदै आफैँले दस्तखत गरी चेक काटिदिएको कारण सो चेकको भुक्तानी हुन नसकेको अवस्थामा सो काम कारबाही बैकिंङ्ग कसुर तथा सजाय ऐन, २०६४ को दफा ३(ग) अन्तर्गत नै पर्ने देखिएबाट पुनरावेदकले जाहेरवालाको कम्पनी सँग कुनै पनि सामान नलिएको र निज सँग कुनै पनि आर्थिक काम कारोबार नभएकाले निजको नाममा चेक जारी गर्नुपर्ने अवस्थानै आउँदैन भन्ने पुनरावेदन जिकिरसँग सहमत हुन सकिएन । तसर्थ, न्यायिक मनको प्रयोग नै नगरी भएको उच्च अदालत पाटनको फैसला त्रूटिपूर्ण रहेकोले बदर गरी न्याय पाउँ भन्ने प्रतिवादीको पुनरावेदन जिकिर पुग्न नसक्ने।

प्रतिवादी शेषरमान तामाङले अभियोग मागदाबीबमोजिम बैंकिङ कसुर तथा सजाय ऐन, २०६४ को दफा ३ (ग) को कसुर गरेकोमा निज प्रतिवादीलाई सोही ऐनको दफा १५(१) बमोजिम चेकमा लेखिएको रकम रू.३८,१३,९८६.९० (अठ्तीस लाख तेह्र हजार नौ सय छयासी रूपैया नब्बे पैसा) बिगो कायम भई बिगोबमोजिमको रकम प्रतिवादीबाट जाहेरवाला सुदिन मानन्धरले भराइपाउने तथा प्रतिवादीलाई बिगोबमोजिम रू. ३८,१३,९८६.९० (अठ्तीस लाख तेह्र हजार नौ सय छयासी रूपैया नब्बे पैसा) जरिवाना र १० (दश) दिन कैद सजाय हुने एवम् अपराध पीडित संरक्षण ऐन, २०७५ को दफा ४१ बमोजिम प्रतिवादीलाई भएको जरिवानाको ४% ले हुन आउने रकम रू.१,५२,५५९.४७ (एक लाख बाउन्न हजार पाँच सय उन्साठी रूपैयाँ र सट्चालीस पैसा) क्षतिपूर्ति शुल्कबापत प्रतिवादीले बेहोर्नुपर्ने ठहऱ्याई उच्च अदालत पाटनबाट मिति २०७६।१०।२६ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत : गम्भिर राना मगर

इति संवत् २०८० वैशाख ०६ गते रोज ४ शुभम्।

**४४**

**मा.न्या.श्री कुमार रेग्मी र मा.न्या.श्री तिलप्रसाद श्रेष्ठ,** *०७८-CR-०९२८, बन्दीप्रत्यक्षीकरण, अब्दुल तौब्वाव मियाँ वि. जिल्ला प्रहरी कार्यालय सुनसरीसमेत*

सुनसरी जिल्ला अदालतबाट स.फौ. नं.३४० को डाँका मुद्दामा मिति २०६६।०५।१४ भएको फैसलाले सजाय ठहर भएका प्रतिवादी तोप अलि मियाँ यी निवेदक हुन होइन भनी विचार गर्दा,

जाहेरवाला जितेन्द्र झाले मिति २०५७।१०।१५ मा दिएको जाहेरी दरखास्तमा अपराध गर्ने व्यक्तिहरूको नाम थरमा सुनसरी बसन्तपुर गा.वि.स. वडा नं.७ बस्ने अफदुल शेख अलि मियाँको छोरा तोप अलि मियाँ भनी उल्लेख भएको देखिन्छ । उक्त जाहेरीका सम्बन्धमा जाहेरवालाले मिति २०५९।०६।०२ गते सुरू सुनसरी जिल्ला अदालतसमक्ष गरेको बकपत्रमा समेत प्रतिवादीको नाममा तोप अलि मियाँ नै उल्लेख भएको देखियो । उक्त मुद्दाको अभियोग पत्रमा पनि प्रतिवादीको नाममा तोप अलि मियाँ नै उल्लेख भएको देखिन्छ । उच्च अदालत विराटनगरबाट मिति २०६६।०५।१४ भएको फैसलाको प्रतिवादीको महल, ठहर र तपसिल खण्डमा समेतमा पनि जिल्ला सुनसरी, बसन्तपुर गा.वि.स. वडा नं.७ बस्ने तोप अलि मियाँ भनी उल्लेख भएको देखिन्छ । यसबाट सुनसरी जिल्ला अदालतबाट स.फौ.नं.३४० को डाँका मुद्दामा मिति २०६६।०५।१४ भएको फैसलाले सजाय ठहर भएका प्रतिवादी तोप अलि मियाँ रहेको भन्ने पुष्टि हुने।

संवत् २०६५ सालको स.फौ.नं. ३४० मा सजाय ठहर भएका प्रतिवादी तोप अलि मियाँ भनी यी निवेदक अब्दुल तौब्वाव मियाँलाई उक्त मुद्दाको जाहेरी दरखास्त, अभियोग पत्र र फैसलामा समेत उल्लेख नभएको तोप अलि मियाँ भन्ने अब्दुल तौब्वाव मियाँ रहेको भनी वास्तविक प्रतिवादी यकिन नै नगरी पक्राउ पुर्जी जारी गरी प्रहरीद्वारा पक्राउ गरेको भन्ने देखियो। यी निवेदकलाई थुनामा राख्न पठाउन भनी सुनसरी जिल्ला अदालतबाट मिति २०७८।०४।१४ मा जारी भएको कैदी पुर्जी हेर्दा, प्रतिवादीको नाम तोप अलि मियाँ भन्ने अब्दुल तौब्वाव मियाँ भनी उल्लेख भएको देखिन्छ । निवेदकलाई पक्राउ गर्ने पुर्जीमा सुनसरी जिल्ला अदालतको लगत भनी उल्लेख भएको र यसबाट फैसलाले प्रतिवादीलाई ठहरले सजाय कैद र जरिवानाको लगत भन्ने बुझ्नुपर्ने हुन्छ । यी निवेदक प्रतिवादी रहेको भनिएको सुनसरी जिल्ला अदालतबाट संवत् २०६५ सालको स.फौ.नं. ३४० डाँका मुद्दामा भएको फैसलाबमोजिमको कैद र जरिवाना असुलीका लागि भनी उल्लेख भएको देखिन्छ । माथि विवेचना गरिएअनुसार निवेदक अब्दुल तौब्वाव मियाँ उक्त मुद्दाका प्रतिवादी भएको भन्ने नदेखिएको स्थितिमा फैसलामा उल्लेख भएका प्रतिवादीको नामको पछाडि बिनाआधार र कारण यी निवेदक अब्दुल तौब्वाव मियाँको नाम जोडी वास्तविक प्रतिवादीको यकिन नै नगरी जारी गरिएको उक्त कैदी पुर्जीसमेत कानूनसम्मत रहे भएको भन्ने नदेखिने ।

उच्च अदालत विराटनगरबाट भएको मिति २०७८।०४।२४ को आदेशअनुसारको काम सम्पन्न नै नभई मिति २०७८।०४।२९ मा नै रिट निवेदन खारेज हुने गरी गरिएको फैसला त्रूटिपूर्ण रहेको भन्ने निवेदन जिकिरतर्फ हेर्दा, उच्च अदालत विराटनगरबाट मिति २०७८।०४।२४ मा जाहेरी पर्दा सुनसरी जिल्ला बसन्तपुर गा.वि.स. वडा नं. ७ मा बस्ने अफदुल शेष अलि मियाँको छोरा वर्ष २८ को तोप अलि मियाँ उपर परेको देखिएकोमा हाल तोप अलि मियाँ भनी यी निवेदकलाई पक्राउ गरिएको भन्ने प्रश्न उठेको देखिँदा तत्कालिन बसन्तपुर गा.वि.स. वडा नं. ७ मा अफदुल शेष अलि मियाँ र निजको छोरा तोप अलि मियाँ भन्ने अर्को कोही व्यक्ति रहेको छ कि छैन ? भनी सम्बन्धित वडा कार्यालय र प्रहरी कार्यालयमार्फत् प्रतिवेदन बुझ्ने गरी आदेश भएको देखिन्छ । उक्त आदेशबमोजिम हरिनगर गाउँपालिका वडा नं. ५ कार्यालयबाट भएको सर्जमिन मुचुल्का मिति २०७८।०४।३१ मा सुनसरी जिल्ला अदालतमा र सुनसरी जिल्ला अदालतबाट मिति २०७८।०४।३२ मा च.नं. १४०८ मा उच्च अदालत विराटनगरमा पठाएकोमा उच्च अदालतमा मिति २०७८।५।७ मा द.नं. २०८ मा दर्ता भएको देखिन्छ । साथै सुरक्षा प्रहरी वेसक्याम्प वसन्तपुरद्वारा पठाइएको सर्जमिन सुनसरी जिल्ला अदालतको च.नं. १५१६ मिति २०७८।०५।०२ को पत्रसाथ उच्च अदालत विराटनगरमा पठाएको देखिन्छ । यसरी उच्च अदालतको आदेशबमोजिम तयार भएका प्रमाण कागजहरूको प्रतिक्षा नै नगरी मिति २०७८।०४।२९ मा नै बन्दीप्रत्यक्षीकरणको निवेदनमा आदेश/ फैसला

भएको देखिन्छ । यसबाट अदालतबाट प्रमाण बुझ्ने आदेश भएको तर सो आदेशबमोजिमको कार्य सम्पन्न नहुँदै फैसला भएको भन्ने देखिने।

वास्तविक प्रतिवादीको पहिचान र यकिन नै नगरी जाहेरवालाले सनाखत गरेको भन्ने आधारमा यी निवेदकलाई उल्लिखित डाँका मुद्दामा ठहरेको कैद र जरिवाना असुलीका लागि भनी मिति २०७८।०४।१३ मा पक्राउ गरी मिति २०७८।०४।१४ मा कैदी पुर्जीसमेत जारी गरी मिति २०७८।०४।१३ देखि हालसम्म कारागार कार्यालय झुम्का, सुनसरीमा राखिएको निवेदकको थुना/कैद कानून र न्यायसम्मत नदेखिएकाले बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुने।

इजलास अधिकृत : टीकाबहादुर थापा

इति संवत् २०८० साल भदौ ४ गते रोज २ शुभम्।

**४५**

**मा.न्या.श्री कुमार रेग्मी र मा.न्या.श्री तिलप्रसाद श्रेष्ठ**, *०७४-WO-१०२३, उत्प्रेषण / परमादेश, डा.माधवप्रसाद न्यौपाने वि. श्री प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद्, सानोठिमी भक्तपुरसमेत*

प्रत्यर्थी शोभा खनालको आ.प्र. खुला तथा समावेशीतर्फको दरखास्त अस्वीकृत भएकाले खुलातर्फ स्वीकृत हुन सक्दैन भन्ने निवेदकको जिकिरतर्फ हेर्दा प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् कर्मचारी सेवा, सर्त तथा सुविधासम्बन्धी विनियमावली, २०६९ को विनियम ३८(१) मा, "देहायबमोजिमको श्रेणीमा बढुवाको लागि सम्भाव्य उम्मेदवार हुन बढुवा हुने पदभन्दा एक श्रेणीमुनिको सेवा तथा समूहको पदमा देहायबमोजिमको स्थायी सेवा अवधि पूरा गरेको र बढुवा हुने पदको श्रेणीभन्दा एक श्रेणीको मुनिको पदका लागि तोकिएको शैक्षिक योग्यता भएको हुनुपर्ने छः (क) सहायक स्तरको पदको निमित्त तीन वर्ष (ख) सहायक स्तरको पदबाट अधिकृतस्तरको पदको निमित्त चार वर्ष र (ग) अधिकृत स्तरको पदको निमित्त पाँच वर्ष" भनी उल्लेख भएको देखिन्छ। निज शोभा खनाल मिति २०६७।०३।०८ मा ट्रेनर (अधिकृत स्तर तृतीय श्रेणी प्राविधिक) पदमा नियुक्त भएको भन्ने देखिएकोले उक्त पदमा निजको सेवा अवधी पूरा भए पनि उल्लिखित (आ.प्र.) वरिष्ठ कृषि प्रशिक्षकको पदको समूह र निज कार्यरत रहेको पदको सेवा तथा समूह फरक रहेकोले दरखास्त अस्वीकृत भएको भन्ने देखिन्छ। तर सोही विनियमको विनियम १५(९) मा, "उप विनियम (१) बमोजिम खुल्ला प्रतियोगिताद्वारा पूर्ति गरिने अधिकृत तह द्वितीय र अधिकृत तह प्रथम श्रेणीको पदको लागि चाहिने न्यूनतम शैक्षिक योग्यता सम्बन्धित विषयमा स्नातकोत्तर उपाधि प्राप्त गरेको र कुनै सरकारी सेवा र सरकारी स्वामित्व भएको संस्था वा अन्तराष्ट्रिय सङ्घ संस्थाको अधिकृत स्तरको पदमा अधिकृत द्वितीय श्रेणीको पदको लागि पाँच वर्ष र अधिकृत प्रथम श्रेणीको पदको लागि सात वर्षको अनुभव प्राप्त गरेको हुनुपर्ने छ" भन्ने व्यवस्था रहेको देखियो। यसरी अधिकृत स्तरको पदको निमित्त बढुवा हुने पदभन्दा एक श्रेणीमुनिको सेवा तथा समूहको पदमा पाँच वर्षको सेवा अवधि आवश्यक रहेकोले प्रत्यर्थी शोभा खनालको दरखास्त अस्वीकृत भएको भन्ने देखिए तापनि खुल्ला प्रतियोगिताद्वारा पूर्ति गरिने पदको लागि भने निश्चित सेवा वा समूह नतोकिएकोले सोतर्फ निजले दखास्त दिन योग्य रहेको भन्ने देखिएकोले निवेदकले प्रत्यर्थी शोभा खनालको आ.प्र. तर्फको दरखास्त अस्वीकृत भएकोले निजले खुल्लातर्फ दरखास्त दिन अयोग्य रहेको भन्ने जिकिरसँग सहमत हुन सकिएन। उक्त विनियम १५(९) को प्रतिबन्धात्मक वाक्यांशमा आवश्यक अनुभवको विषयमा विद्यावारिधिस्तरको उपाधि प्राप्त गरेको व्यक्तिको हकमा अनुभवको अवधि दुई वर्षले कम भएको भन्ने विषयमा निवेदकले कृषिसँग सम्बन्धित विषयमा विद्यावारिधि प्राप्त गरेकोले निवेदकलाई अनुभवको हकमा २ वर्ष मात्र कायम हुने देखिन्छ भने सो पदको लागि न्यूनतम शैक्षिक योग्यता स्नातकोत्तर भनि विनियममा व्यवस्था रहेकोमा विद्यावारिधि गरेको हुनाले मात्र उक्त पद पाउने निश्चित रहने भन्ने नदेखिने।

प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद्को पदपूर्ति तथा बढुवा समिति, सानोठिमी,

भक्तपुरको मिति २०७५।०३।२७ को खुला तथा समावेशी प्रतियोगितात्मक परीक्षाको अन्तिम नतिजा प्रकाशन गरी नियुक्तिको लागि सिफारिस सम्बन्धी सूचनामा निज शोभा खनालको नाम मुख्य उम्मेदवारको रूपमा र निवेदकको नाम वैकलल्पिक उम्मेदवारको रूपमा प्रकाशित भएको देखिन्छ । त्यसैगरी निवेदकले मिति २०७५।०३।२९ मा निज शोभा खनाललाई उक्त पदको लागि तत्काल नियुक्ति पत्र नदिनु भनी यस अदालतमा रिट निवेदन दर्ता गरेको देखिन्छ । निज शोभा खनालको शैक्षिक उपाधीलाई सम्बद्धता तथा निजले स्नातकोत्तर गरेको विश्व विद्यालयलाई समकक्षता प्रदान गर्ने समयमा निवेदकले निजको शैक्षिक उपाधी सम्बन्धमा सो निर्णय गर्ने निकायहरूसँग केही प्रश्न उठाएको देखिँदैन । यसरी निवेदक र प्रत्यर्थी शोभा खनाल उल्लिखित पदको लागि दरखास्त दिई लिखित परीक्षा उत्तीर्ण गरी निवेदक र प्रत्यर्थी शोभा खनाल अन्तर्वार्तामा संलग्न भई निज शोभा खनाललाई सफल उम्मेदवारको रूपमा र निवेदकलाई वैकल्पिक उम्मेदवारको रूपमा छनौट गरिएपछि निवेदक डा.माधवप्रसाद न्यौपाने यस अदालतमा प्रत्यर्थी शोभा खनाल विरूद्ध रिट निवेदन लिई आएको देखिएकोमा निवेदकको रिट निवेदन पूर्वाग्रहरहित भएको भन्ने अवस्था देखिएन । यस विषयमा सर्वोच्च अदालतबाट रामकुमार महतो विरूद्ध नेपाल सरकार, स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय, रामशाहपथ, काठमाडौंसमेत रहेको रिट निवेदनमा, "यसरी एउटै प्रक्रियामा आफूसमेत सहभागी भई असफल भएपछि मात्र सो प्रक्रियाबाट लाभान्वित व्यक्तिको योग्यता, अनुभवका साथै प्रक्रिया निर्धारक कानूनी व्यवस्थासमेतउपर प्रश्न उठाउने निवेदकलाई सहयोग गर्न सक्ने अवस्था नदेखिने" भनी व्याख्या भएको र सो व्याख्या प्रस्तुत मुद्दाको हकमा समेत सान्दर्भिक देखिन्छ । निवेदकले प्रत्यर्थी शोभा खनालको शैक्षिक उपाधि कृषि विषयसँग सम्बन्धित नरहेको भन्ने दाबी लिएको भए पनि कृषि सेवा तथा समूहसँग मिल्ने भनी निजको शैक्षिक उपाधिलाई कानूनद्वारा अख्तियार प्राप्त निकायहरूबाट सम्बद्धता र समकक्षता प्रदान गरेकोलाई अन्यथा मान्न मिल्ने देखिँदैन । अर्कोतर्फ, उक्त पदका लागि निवेदक र प्रत्यर्थी शोभा खनालको न्यूनतम शैक्षिक योग्यता पुग्ने देखिएको अवस्थामा निवेदकले कृषि विषयमा स्नातक गरी, सोही विषयमा स्नातकोत्तर गरी विद्यावारिधिसमेत कृषि विषयमा रहेकोले निवेदक मात्र उक्त पदका लागि उपयुक्त रहेको भन्ने निवेदन जिकिरलाई कानूनसम्मत मान्न मिल्ने देखिँदैन । यसका साथै, प्रत्यर्थी शोभा खनाल मिति २०७५।०४।०१ मा उक्त पदमा नियुक्त भई हालसम्म ४ वर्षसमेत पुगिसकेको र निवेदनमा उल्लेख भए अनुसारको आदेश जारी हुनुपर्ने कानूनी अवस्था र औचित्यसमेत स्थापित हुन नसकेको देखिँदा रिट निवेदन मागबमोजिमको आदेश जारी गर्न नमिल्ने ।

प्रत्यर्थी शोभा खनाललाई कानूनबमोजिम वरिष्ठ कृषि प्रशिक्षकमा नियुक्ति गर्ने निर्णयले निवेदकको संवैधानिक हक हनन् भएको भन्न मिल्ने नदेखिएको हुँदा उक्त कार्य उत्प्रेषणको आदेशले बदर गरी निवेदकलाई सफल उम्मेदवारको सूचीमा समावेश गरी नियुक्ति पत्र दिनु भनी परमादेशको आदेश जारी गरिपाउँ भनी निवेदकले लिएको जिकिरबमोजिमको उत्प्रेषण/परमादेशको आदेश जारी गरिनुपर्ने कुनै आधार र कारण नदेखिएको हुँदा प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत : मेजुमी गुरूङ

कम्प्युटर : सन्जय गुरूङ

इति संवत् २०७९ साल पौष २० गते रोज ४ शुभम् ।

## इजलास नं.१५

### ४६

**मा.न्या.डा.श्री कुमार चुडाल र मा.न्या.श्री नहकुल सुवेदी**, *०७८-WO-११३१, उत्प्रेषण / परमादेश, विभा कुमारी राणा वि. उच्च अदालत पाटन, ललितपुरसमेत*

अदलतको अन्तिम फैसलाबमोजिम बन्डा छुट्याई फैसला कार्यान्वयन गरिपाउँ भनी पहिला

निवेदन गर्ने रिट निवेदिकाले सो फैसला कार्यान्वयन मुल्तवी राखिपाउँ भनी दिएको निवेदनबमोजिम फैसला कार्यान्वयन कार्य नरोकिने भनी कारबाही अगाडि बढी मिति २०७८।१२।१६ मा बन्डा मुचुल्का भएको र सो बन्डा मुचुल्कामा रिट निवेदिका विभाकुमारी राणा अनुपस्थित रहेको देखिन्छ । निजलाई मिति २०७८।१०।११ को डोरमा उपस्थित हुन तारेख तोकेकोमा केरमेट भएको र सो केरमेट बारे २०७८।१०।२ मा निजै विभाकुमारी राणाले मिसिल जबरजस्ती नियन्त्रणमा लिई केरमेट गरेको भन्ने प्रतिवेदनसमेत मिसिल संलग्न देखिन्छ । निज रिट निवेदिकाले यसै अदालतमा दर्ता गरेको रिट सुनुवाइका शिलशिलामा अंशबन्डा फैसला कार्यान्वयन रोक्का गर्ने गरी मिति २०७८।१२।१७ मा भएको अन्तरिम आदेशसमेत मिति २०७९।४।२३ मा रद्द भएको पाइन्छ । साथै काठमाडौं जिल्ला अदालतबाट मिति २०७९।९।२० को मालपोत कार्यालयलाई लेखेको पत्रानुसार डोरको मिति २०७८।११।१६ को मुचुल्का अनुसार वादी प्रतिवादीबिच बन्डा छुट्याइदिएको र बन्डाबमोजिम दा.खा. पुर्जि पाउँ भनी प्रतिवादी धिरज शमसेर ज.ब.रा.को निवेदन परेकोले मिति २०७९।९।२० मा दाखिल खारेज गरिसकेको भन्ने उल्लेख भएको पाइन्छ । यसरी निवेदक र प्रत्यर्थीबिच अंश मुद्दा चली अंश मुद्दा अन्तिम भई वादी तथा प्रतिवादीको फैसला कार्यान्वयनमा समेत प्रक्रियागत रूपमा रहेको स्थितिमा मुद्दा फैसलापश्चात् मुद्दाको पक्षलाई नै हाल बकसपत्र अष्टलोह प्रदान गर्ने अंशियारको मृत्यु भएकोले अंशियार घटबढ भएको भन्ने आधारमा परेको रिट निवेदन कानूनसम्मत् नदेखिने।

निवेदक विभाकुमारी राणाले सुरू काठमाडौं जिल्ला अदालतमा दायर गरेको शेषपछिको बकसपत्र बदर मुद्दामा उक्त मुद्दाकै रोहबाट टुङ्गो लाग्नै नै हुँदा उक्त मुद्दाको कारणबाट मात्र अष्टलोहसमेत प्राप्त गरेका अन्य अंशियारहरूसमेतलाई पर्न सक्ने असर र प्रकृतिबाट अंश बन्डाजस्तो नैसर्गिक हकको विषय भएकोले अन्तिम फैसलाको कार्यान्वयन यथावत गर्ने गरी भएका जिल्ला अदालत एवम् उच्च अदालतको आदेश कानूनसम्मत् नै देखिन आएकाले प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत : अञ्चन भट्टराई

कम्प्युटर : सुजन नेपाल

इति संवत् २०७९ चैत्र १५ गते रोज ४ शुभम्।

यसै लगाउका निम्न मुद्दाहरूमा पनि यसैअनुसार फैसला भएका छन्:

- ०७८-WO-०११७, उत्प्रेषण / परमादेश, धिरज शमशेर ज.ब.रा. वि. उच्च अदालत पाटन, ललितपुरसमेत
- ०७८-WO-११३२, उत्प्रेषण / परमादेश, विभाकुमारी राणा वि. उच्च अदालत पाटन, ललितपुरसमेत